# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# आवधिक योजना
# आ.व.(२०८२/०८३-२०८६/०८७)

## अन्तिम प्रतिवेदन

दिप्रुङ चुइचुम्मा गाउँपालिका
याङसोलाटार, खोटाङ, कोशी प्रदेश, नेपाल
२०८२

# शुभकामना मन्तब्य

नेपालको संविधान जारी भई तीन तहका निर्वाचन सम्पन्न भई सङ्घीयता कार्यान्वयन भई स्थानीय सरकारको दोस्रो कार्याकालको ३ वर्ष नाघिसकेको छ। सात सय ५३ वटा स्थानीय तहहरूमा जनप्रतिनिधिहरूले पूर्ण रूपमा कार्यारम्भ गरी तेस्रो चरणको वार्षिक योजना, बजेट तथा वार्षिक विकास कार्यक्रम तर्जुमा भई कार्यान्वयनमा रहेका छन्। नेपालको संबिधान अनुसार संघियताको महत्वपूर्ण कडिको रुपमा स्थापित तीन तहका सरकारहरु मध्ये स्थानिय सरकारको रुपमा दिप्रुङ चुइचुम्मा गाउँपालिका पनि क्रियाशिल रहदै आएको छ। आवधिक योजनाबाट दिगो विकासका लक्ष हासिल गर्न स्थानीय सरकारले अपनाउनुपर्ने विधिहरू स्पष्ट हुन्छन्। स्थानीय सरकारका प्रमुख समस्या, समाधान र सम्भावनाहरू केलाउनका लागि योजनाबद्ध विकासको जरुरी हुन्छ । जसले अन्ततः राजनीतिक नेतृत्वको सफलताको मार्ग प्रशस्त गर्दछ भन्ने विश्वास लिएको छु।

आवधिक योजनाले स्थानीय सरकारमा विधि र प्रकियालाई संस्थागत गर्दछ। कुन अवधिका कुन क्षेत्रमा कुन काम कसले र कहिले गर्ने भन्ने कुराको अग्रिम रूपमा स्पष्ट हुन्छ। आवधिक योजना निर्माणको लागि विद्यमान स्थितिको पूर्ण विवरण तयार हुनु पर्दछ। विद्यमान स्थितिलाई कुन अवधिमा कुन स्तरमा रूपान्तरण गर्ने खाका तयार हुन्छ। यसले प्राथमिकता प्राप्त क्षेत्रमा ध्यान केन्द्रित गरी अनावश्यक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दछ। आवधिक योजनाले सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण गर्दछ। यसले विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण गर्दछ। सो योजनामा उल्लिखित लक्ष्य, उद्देश्य प्राप्त गर्ने गरी योजनाको प्रभावकारी कार्यान्वयनको लागि विधि, कार्य तालिका र जिम्मेवारी सहित अनुगमन तथा मूल्याङ्कन समेतको व्यवस्था गरिन्छ। जसबाट सम्पूर्ण सरोकारवालालाई समेत स्थानीय सरकारको काम कारबाहीको बारेमा जान्न बुझ्न सहज हुन्छ। यसबाट स्थानीय सरकारलाई सङ्क्रमणकालीन व्यवस्थापनमा सहजता पुग्न गई सहज मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

**"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"** भन्ने मूल नाराका साथ दिप्रुङ चुइचुम्मा गाउँपालिकाले आगामी पाँच वर्षको समग्र विकासलाई मार्गनिर्देशन गर्ने उद्देश्यले यो **आवधिक योजना (२०८२/८३—२०८६/८७)** तयार पारेको छ। स्थानीय तहका अधिकार, कर्तव्य र दायित्वका आधारमा नागरिकको आवश्यकता, सरोकार र सम्भावनालाई सम्बोधन गर्ने उद्देश्यले तयार पारिएको यो योजना सामाजिक न्याय, समावेशिता, दिगोपन, र जनउत्तरदायित्वमा आधारित छ। यो योजना केवल कागजमा सीमित नरही, गाउँपालिकाको विकास र समृद्धिका लागि व्यवहारिक मार्गदर्शन बन्नेछ भन्ने हामीले अपेक्षा गरेका छौं।

योजना निर्माणको क्रममा स्थानीय जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय, समुदायका अगुवा, नागरिक समाज, युवायुवती, महिला, दलित, आदिवासी जनजाति लगायत सम्पूर्ण समुदायको सक्रिय सहभागिता र सहयोग अत्यन्तै सराहनीय रह्यो। सबैको साझा सोच, सुझाव र प्रतिबद्धताले नै यो योजना सार्थक र यथार्थपरक बन्न सकेको हो।

अब यो योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु हामी सबैको साझा जिम्मेवारी हो। योजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, समन्वय र सहभागिता सुनिश्चित गर्दै, दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन लगायतका क्षेत्रमार्फत आत्मनिर्भर र समृद्ध बनाउन हामी कटिबद्ध छौं।

यस योजनाले हाम्रो गाउँपालिकालाई दिगो विकास र समृद्धिको यात्रामा टेवा पुऱ्याओस् भन्ने कामना गर्दै, योजना निर्माणमा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दै, आवधिक योजनाको सफल एवं प्रभावकारी कार्यान्वयनको निम्ति सबैमा अपिल गर्दछु।

................
लोकेन्द्र राई
अध्यक्ष

# शुभकामना मन्तव्य

नेपालको संविधानले प्रत्याभूत गरेको संघीय संरचनाअनुसार स्थानीय सरकारहरू विकास र सेवा प्रवाहको अग्रपङ्क्तिमा रहेका छन्। यसै सन्दर्भमा, दिप्रुङ चुइचुम्मा गाउँपालिका स्थापना भएदेखि नै सामाजिक समावेशिता, लैङ्गिक समानता, समावेशी विकास र दिगोपनलाई आधार मानेर योजनाबद्ध रूपमा अगाडि बढ्दै आएको छ।

"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा" भन्ने मूल नाराका साथ पाँच वर्षे आवधिक योजना (२०८२/८३—२०८६/८७) तयार पार्नु गाउँपालिकाको दीर्घकालीन विकास यात्रामा एक महत्वपूर्ण उपलब्धि हो। यस योजनाले गाउँपालिकाको वर्तमान अवस्था, चुनौती, सम्भावना र स्रोत-साधनलाई तथ्यमा आधारित विश्लेषण गर्दै भावी विकासको स्पष्ट मार्गचित्र तयार पारेको छ।

स्थानीय सरकारको नेतृत्वमा विकासको मूल मर्म भनेको जनताको सक्रिय सहभागिता, स्थानीय आवश्यकता र समावेशी दृष्टिकोण हो भन्ने बुझाइका साथ यो योजना समावेशी, दिगो र व्यवहारिक बनाइएको छ। यस प्रक्रियामा विभिन्न समुदाय, महिला, युवा, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, नागरिक समाज तथा अन्य सरोकारवाला पक्षको सहभागिता सराहनीय रह्यो। सबैको सहकार्य, योगदान र प्रतिबद्धता बिना यस्तो योजना सम्भव हुने थिएन।

उपाध्यक्षको रूपमा, महिला, बालबालिका, युवा, वृद्ध, जनस्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र लैङ्गिक समता जस्ता विषयहरूमा यो योजनाले समेटेको दृष्टिकोण प्रति म सन्तुष्ट छु र यस योजनाले दिप्रुङ चुइचुम्माको समावेशी विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्दछु।

अब यो योजनालाई कार्यान्वयनमा लैजाँदा पारदर्शिता, उत्तरदायित्व, जनसहभागिता र समन्वय सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो। यस योजनाले गाउँपालिकालाई दिगो, समावेशी र आत्मनिर्भर स्थानीय सरकारको रूपमा स्थापित गर्नेछ भन्ने अपेक्षा गर्दै, योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण जनसमुदाय, सरोकारवाला, साझेदार संस्थाहरू र कर्मचारी वर्गको निरन्तर साथ र सहकार्यको अपेक्षा गर्दछु।

..........................

अरुणा थापा मगर

उपाध्यक्ष

# आभार व्यक्त

नेपालको संविधानले सुनिश्चित गरेको संघीय शासन प्रणाली अन्तर्गत दिप्रुङ चुइचुम्मा गाउँपालिका स्थापनादेखि नै सेवा प्रवाह, समावेशी विकास, लैङ्गिक समानता र दिगोपनलाई आत्मसात गर्दै योजनाबद्ध रूपमा अघि बढ्दै आएको छ। यही यात्राको निरन्तरतामा, **"समृद्ध दिप्रुङ चुइचुम्मा हाम्रो परिकल्पना"** भन्ने मूल नाराका साथ तयार गरिएको पाँच वर्षे आवधिक योजना (२०८२/०८३—२०८६/०८७) गाउँपालिकाको दीर्घकालीन समृद्धि र सशक्तिकरणको आधारशिला हो भन्ने मेरो दृढ विश्वास छ।

यस योजनाले गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक र पर्यावरणीय पक्षहरूको यथार्थ विश्लेषण गर्दै स्थानीय आवश्यकता, चुनौती र सम्भावनालाई दृष्टिगत राखी भविष्यतर्फ मार्गनिर्देशन गरेको छ। योजनाको तयारी प्रक्रियामा अपनाइएको सहभागी, समावेशी र तथ्यमा आधारित दृष्टिकोण अत्यन्त सराहनीय छ।

योजना निर्माणको सम्पूर्ण प्रक्रियामा विभिन्न समुदाय, महिला, युवा, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, नागरिक समाज, स्थानीय संस्था, कर्मचारी, जनप्रतिनिधि तथा विज्ञहरूको सक्रिय सहभागिता, सहकार्य र प्रतिबद्धता अत्यन्त महत्वपूर्ण रह्यो। सबै सरोकारवाला पक्षको साथ र समर्थन बिना यस्तो महत्वाकांक्षी र व्यवहारिक योजना सम्भव हुने थिएन।प्रमुख प्रशासनिक अधिकृतको हैसियतले म, यस योजनाको सफल निर्माणमा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा संलग्न सबै व्यक्तित्व, संस्था र समुदायप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

अब, हामी सबैको सामूहिक जिम्मेवारी भनेको यस योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्दै पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुनिश्चित गर्नु हो। म सबैलाई यही अभियानमा निरन्तर साथ र सहकार्यका लागि आह्वान गर्दछु। यो योजना दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई समावेशी, दिगो र आत्मनिर्भर स्थानीय सरकारको रूपमा स्थापित गर्न महत्वपूर्ण मार्गचित्र हुनेमा पूर्ण विश्वासका साथ, सबैमा धन्यवाद ज्ञापन गर्दछु।

...........................

पिएस्पी चाम्लिङ राई

प्रमुख प्रशासकीय अधिकृत

# कार्यकारी सारंश

नेपालको संविधानले सहकारिता, समन्वय र सह-अस्तित्वमा आधारित संघिय साशन व्यवस्था अवलम्बन गरेको छ। यसको सफल कार्यन्वयनका लागि तीनै तहका सरकारहरुको साझा तथा एकल अधिकारहरु संविधानमा सुचिकृत गरिएको छ। त्यस्तै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक साशन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरि स्वाधीन, सम्मुनत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना पनि गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकर भित्र रही स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक तथा विषयगत क्षेत्रमा मध्यमकालीन तथा दिर्घकालिन योजना बनाई कार्यन्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। यसका लागि सार्वजनिक खर्चको अनुमान तयार गर्नुपर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र आय-व्ययको प्रक्षेपण तयार गर्नुपर्ने पनि उक्त कानूनमा उल्लेखित गरिएको छ। नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को लक्ष्यलाई साकार पार्न, सोह्रौं राष्ट्रिय योजनाले लिएको लक्ष्य पुरा गर्न, नेपाल सरकारले लिएको दिगो विकासको लक्ष्य हासिल गर्न तथा सार्वजनिक वित्तिय व्यवस्थापन चुस्त बनाउन तीनै तहबिचको समन्वय र तीनै तहले अख्तियार गर्ने नीति तथा कार्यक्रमबिच तादम्यता स्थापित गर्न अत्यावश्यक हुन्छ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका खोटाङ जिल्लाको पूर्वी पहाडी भूभागमा अवस्थित एक स्थानीय तह हो। प्राकृतिक स्रोतसाधन, समावेशी जनसंरचना, र सांस्कृतिक विविधता बोकेको यस गाउँपालिकाले संविधानअनुसार प्राप्त अधिकार प्रयोग गर्दै योजनावद्ध विकासतर्फ उन्मुख भएको छ। यस सन्दर्भमा, दीर्घकालीन सोच, स्थानीय आवश्यकता र स्रोतहरूको समन्वय गर्दै पाँच वर्षे आवधिक योजना तर्जुमा गरिएको हो। दिप्रुङ चुइचुम्मा गाउँपालिकाले यस आवधिक योजना मार्फत समग्र लक्ष्य गाउँपालिकावासीको साझा भविष्य कोर्न सबै सरोकारवालाहरूसँगको समझदारीमा साझा दस्तावेज तयार गरी गाउँपालिकाको दीर्घकालीन सौंच, गाउँपालिका विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकीकृत विकासका लागि भविष्यको मार्गचित्र तयार गरेकोछ। गाउँपालिकाको समग्र विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतीहरूको लेखाजोखा गरी २०८२ जेठ २७ गते गाउँपालिकाको दीर्घकालीन सोच तय गरिएको थियो।

**आवधिक योजनाको आवश्यकता**ः स्थानीय तहका विविध विकास चुनौतीहरूको दीर्घकालीन समाधान, स्रोतको प्रभावकारी परिचालन, समन्वयपूर्ण कार्यक्रम तर्जुमा तथा स्थानीय जनअपेक्षाको जवाफ दिने उद्देश्यले आवधिक योजना अपरिहार्य मानिन्छ। यसले नीति—कार्यक्रम र बजेटलाई एकीकृत गरी रणनीतिक विकासको आधार तय गर्छ।

**आवधिक योजनाको उद्देश्यः** यस योजनाको मूल उद्देश्य दिगो, समावेशी, उत्तरदायी र सहभागी विकास सुनिश्चित गर्नु हो। सामाजिक न्याय, समान अवसर, पूर्वाधार विस्तार, आर्थिक सशक्तीकरण र सुशासन स्थापना योजनाका प्रमुख उद्देश्यहरू हुन्।

**योजना तर्जुमाका आधारहरूः** संघीय र प्रदेश सरकारका नीति तथा योजना दस्तावेज, स्थानीय आवश्यकता मूल्याङ्कन, तथ्यांक विश्लेषण, सरोकारवाला परामर्श, तथा विगतको योजनागत कार्यसम्पादन अनुभवहरू यस योजना तर्जुमाको आधार भएका छन्।

**मुख्य कार्यक्षेत्रहरूः** गाउँपालिकाले योजना तर्जुमामा पाँच मुख्य कार्यक्षेत्र (१९ उप-क्षेत्रहरु) निर्धारण गरेको छः पूर्वाधार विकास, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, वन—वातावरण तथा विपद् व्यवस्थापन, र संस्थागत विकास तथा सुशासन।

**योजना तर्जुमाका सीमा तथा प्रक्रियाः** योजना तर्जुमाका क्रममा पर्याप्त तथ्यांकको अभाव, सीपयुक्त जनशक्तिको न्यून उपयोग, तथा स्रोत सीमितता मुख्य चुनौतीहरू थिए। यद्यपि, फोकस ग्रुप छलफल, विषयगत कार्यशाला, दृष्टि कार्यशाला र सहभागितामूलक मूल्याङ्कनका माध्यमबाट योजना निर्माण गरिएको हो।

**गाउँपालिकाको वस्तुगत अवस्थाः** दिप्रुङ चुइचुम्मा गाउँपालिका कृषिप्रधान, प्राकृतिक स्रोतमा सम्पन्न, भौगोलिक रूपमा विकट, तर पर्यटन, ऊर्जा, जडीबुटी तथा श्रमशक्ति विकासका दृष्टिले उच्च सम्भावना भएको पालिका हो। आधारभूत पूर्वाधार र सेवाप्रवाह अझै विस्तार आवश्यक रहेको अवस्था छ।

**विकास सोच तथा अवधारणाः** स्थानीय स्रोतसाधनको अधिकतम उपयोग, सामाजिक समावेशिता, वातावरणीय उत्तरदायित्व, तथा नवप्रवर्तनशील प्रविधिको प्रयोगमार्फत समृद्ध, आत्मनिर्भर र समुन्नत गाउँपालिका निर्माण गर्ने सोच लिइएको छ।

**दीर्घकालीन सोच (Vision):** **"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"** भन्ने मूल नाराका साथ, समावेशी, दिगो, नवप्रवर्तनशील र सुशासित पालिका निर्माण दीर्घकालीन सोचको सार हो।

**मार्गनिर्देशक सिद्धान्तहरूः** समावेशिता, सामाजिक न्याय, उत्तरदायित्व, परिणाममुखी योजना, वातावरणीय संवेदनशीलता, जनसहभागिता र सार्वजनिक—निजी साझेदारीलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा अवलम्बन गरिएको छ।

**लक्ष्य र उद्देश्यहरूः** पूर्वाधार विस्तार, सेवा प्रवाहमा गुणस्तर, शिक्षा र स्वास्थ्यको पहुँच, युवा तथा महिलाको सशक्तीकरण, रोजगारी सिर्जना, तथा प्रशासनिक दक्षता प्रवर्द्धन यस योजनाका लक्ष्यहरू हुन्।

**आवधिक योजनाको प्राथमिकता निर्धारणः** स्थानीय तह, सरोकारवाला र जनप्रतिनिधि तहमा भएको छलफलबाट पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा संस्थागत विकास क्षेत्र क्रमशः प्राथमिकता दिइएको हो।

**आर्थिक क्षेत्रः** कृषि, पशुपालन, पर्यटन, लघु उद्योग र विप्रेषणजन्य श्रम बजारमा लगानी गर्दै गाउँपालिकाको आर्थिक क्षमता सुदृढ गरिनेछ।

**सामाजिक क्षेत्र**: शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, सामाजिक सुरक्षा, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको समावेशी सशक्तीकरण योजनाको केन्द्रमा रहनेछ।

**पूर्वाधार क्षेत्र**: सडक, पुल, खानेपानी, सञ्चार, विद्युत, आवास तथा भवन निर्माणका पूर्वाधार विस्तार र स्तरोन्नतिको योजना निर्माण गरिएको छ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**: जैविक विविधताको संरक्षण, वन स्रोतको उपयोग, हरित विकास दृष्टिकोण, र विपद् पूर्वतयारी तथा व्यवस्थापनलाई सुदृढ गरिनेछ।

**संस्थागत विकास तथा सुशासन**: प्रशासनिक क्षमता विकास, सूचना प्रवाह, जनगुनासो व्यवस्थापन, सेवा प्रभावकारिता, पारदर्शिता र सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गरिनेछ।

**कार्यान्वयन व्यवस्था**: योजना कार्यान्वयनमा गाउँपालिकाको कार्यपालिका, विषयगत शाखाहरू, वडास्तरका संरचना, उपभोक्ता समितिहरू र स्थानीय समुदायको सहकार्य हुनेछ। वार्षिक कार्ययोजना र बजेटले आवधिक योजनाको मार्गदर्शन गर्नेछ।

**स्रोत परिचालन रणनीति**: आन्तरिक स्रोत परिचालन, कर—शुल्क सुधार, PPP मोडेल, सहकारी तथा निजी क्षेत्रको सहकार्य, र संघीय/प्रदेश सरकारको अनुदान सुनिश्चित गरी वित्तीय स्थायित्व कायम गरिनेछ।

**आवधिक योजना कार्यान्वयन र प्रक्रिया**: समावेशी, उत्तरदायी र नतिजामूलक प्रणालीमार्फत योजनाको कार्यान्वयन गरिनेछ। विषयगत निकाय, कार्यपालिका, अनुगमन समिति, उपभोक्ता समिति र नागरिक सहभागिता कार्यान्वयन संयन्त्रका अंग हुनेछन्।प्रतिफलमा आधारित, सहभागीमूलक अनुगमन संरचना स्थापना गरिनेछ। वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन प्रणाली विकास गरिनेछ।

# विषय सूची


कार्यकारी सारंश ........ ६

विषय सूची ........ ९

चित्रिहरूको सूची ........ १६

तालिकाहरूको सूची ........ १७

**परिच्छेद १ः परिचय ........ १८**

१.१ पृष्ठभूमि ........ १८

१.२ आवधिक योजनाको आवश्यकता ........ २१

१.३ आवधिक योजनाको उद्देश्य ........ २१

१.४ योजना तर्जुमाका आधारहरु ........ २२

१.५ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र ........ २३

१.६ आवधिक योजना तर्जुमाका सीमाहरु ........ २४

१.७ आवधिक योजना तर्जुमा प्रक्रिया ........ २५

१.७.१ पहिलो चरणः पूर्वतयारी - दस्तावेज तथा सन्दर्भ सामग्रीहरुको अध्ययन ........ २५

पूर्व योजना तर्जुमा गोष्ठी ........ २६

१.७.२ दोश्रो चरणः वडास्तरीय परामर्श ........ २६

१.७.३ तेश्रो चरणः सोच निर्माण गोष्ठी, विषय क्षेत्रगत समिति, उपसमितिहरू सहित अन्य सरोकारवाला संघ/संस्थाहरुसँग छलफल/परामर्श ........ २८

१.७.४ चौथो चरणः स्थानीय तह स्तरीय परामर्श, समिक्षा र परिमार्जन ........ २८

**परिच्छेद २ः दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वस्तुगत अवस्था ........ ३०**

२.१ गाउँपालिकाको परिचय ........ ३०

२.१.१ क्षेत्रीय अवस्थिती ........ ३०

२.१.२ भौगोलिक अवस्थिति ........ ३०

२.१.३ राजनैतिक र प्रशासनिक संरचना ........ ३०

२.१.४ प्राकृतिक तथा संस्कृतिक सम्पदा ........ ३१

२.१.५ जनसान्खिक अवस्था ........ ३२

२.१.६ जनसंख्याको वितरण ........ ३२

२.१.७ उमेरगत संरचना ........ ३३

२.१.८ साक्षरता अवस्था ................................................................ ३४

**परिच्छेद ३: सोच तथा विकासको अवधारणा ............................................. ३५**

३.१ पृष्ठभूमि ........................................................................ ३५

३.२ संघीय तथा प्रादेशिक योजना अन्तर-आवद्धता ............................................ ३५

३.३ दीर्घकालिन सोच ................................................................ ३६

३.४ मार्गनिर्देशक सिद्धान्तहरु ........................................................ ३७

३.५ समष्टीगत लक्ष्य ................................................................ ३७

३.६ समष्टीगत उद्देश्य ................................................................ ३७

३.७ समष्टीगत नीति तथा रणानीतिहरु ................................................... ३८

३.८ क्षेत्रगत कार्यनीति ................................................................ ३९

३.९ आवधिक योजनाको प्राथमिकता ....................................................... ४०

**परिच्छेद ४: आर्थिक क्षेत्र ......................................................... ४२**

**४.१ कृषि तथा पशुपन्छी ................................................................ ४३**

४.१.१ पृष्ठभूमि ........................................................................ ४३

४.१.२ समस्या तथा चुनौती .............................................................. ४४

४.१.३ संभावना तथा अवसर .............................................................. ४५

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति .............................................. ४५

४.१.५ कार्यक्रम तथा आयोजना ............................................................ ४७

४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा ...................................................... ४८

**४.२ सिंचाई ........................................................................ ४८**

४.२.१ पृष्ठभूमि ........................................................................ ४८

४.२.२ समस्या तथा चुनौती .............................................................. ४८

४.२.३ संभावना तथा अवसर .............................................................. ४९

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति .............................................. ४९

४.२.५ कार्यक्रम तथा आयोजना ............................................................ ५०

४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा ...................................................... ५०

**४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ........................................................ ५०**

४.३.१ पृष्ठभूमि ........................................................................ ५०

४.३.२ समस्या तथा चुनौती .............................................................. ५१

४.३.३ संभावना तथा अवसर .............................................................. ५१

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ ५१
४.३.५ कार्यक्रम तथा आयोजना ........ ५३
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ५३
**४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ........ ५४**
४.४.१ पृष्ठभूमि ........ ५४
४.४.२ समस्या तथा चुनौती ........ ५४
४.४.३ संभावना तथा अवसर ........ ५४
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति ........ ५५
४.४.५ कार्यक्रम तथा आयोजना ........ ५६
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ५६
**४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ५७**
४.५.१ पृष्ठभूमि ........ ५७
४.५.२ समस्या तथा चुनौती ........ ५७
४.५.३ संभावना तथा अवसर ........ ५८
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ ५८
४.५.५ कार्यक्रम तथा आयोजना ........ ५९
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ५९
**परिच्छेद ५: सामाजिक क्षेत्र ........ ६०**
**५.१ स्वास्थ्य सेवा ........ ६०**
५.१.१ पृष्ठभूमि ........ ६०
५.१.२ समस्या तथा चुनौती ........ ६१
५.१.३ संभावना तथा अवसर ........ ६१
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ ६१
५.१.५ कार्यक्रम तथा आयोजना ........ ६४
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ६४
**५.२ शिक्षा तथा विज्ञान ........ ६५**
५.२.१ पृष्ठभूमि ........ ६५
५.२.२ समस्या तथा चुनौती ........ ६५
५.२.३ संभावना तथा अवसर ........ ६६
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ ६६

५.२.५ कार्यक्रम तथा आयोजना ........ ६८
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ६९
**५.३ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ७०**
५.३.१ पृष्ठभूमि ........ ७०
५.३.२ समस्या तथा चुनौती ........ ७०
५.३.३ संभावना तथा अवसर ........ ७०
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७०
५.३.५ कार्यक्रम तथा आयोजना ........ ७२
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ७३
**५.४ युवा तथा खेलकुद ........ ७३**
५.४.१ पृष्ठभूमि ........ ७३
५.४.२ समस्या तथा चुनौती ........ ७४
५.४.३ संभावना तथा अवसर ........ ७४
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ ७५
५.४.५ कार्यक्रम तथा आयोजना ........ ७६
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ७७
**परिच्छेद ६ः पूर्वाधार क्षेत्र ........ ७८**
**६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ७८**
६.१.१ पृष्ठभूमि ........ ७८
६.१.२ समस्या तथा चुनौती ........ ७९
६.१.३ संभावना तथा अवसर ........ ७९
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ ७९
६.१.५ कार्यक्रम तथा आयोजना ........ ८१
६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ८२
**६.२ सडक, पुल तथा यातायात ........ ८२**
६.२.१ पृष्ठभूमि ........ ८२
६.२.२ समस्या तथा चुनौती ........ ८२
६.२.३ संभावना तथा अवसर ........ ८२
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति ........ ८३
६.२.५ कार्यक्रम तथा आयोजना ........ ८४

६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ८५
**६.३ खानेपानी तथा सरसफाइ ........ ८५**
६.३.१ पृष्ठभूमि ........ ८५
६.३.२ समस्या तथा चुनौती ........ ८६
६.३.३ संभावना तथा अवसर ........ ८६
६.३.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति, ........ ८७
६.३.५ कार्यक्रम तथा आयोजना ........ ८८
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ८८
**६.४ विद्युत्, जलश्रोत तथा वैकल्पिक ऊर्जा ........ ८८**
६.४.१ पृष्ठभूमि ........ ८८
६.४.२ समस्या तथा चुनौती ........ ८९
६.४.३ संभावना तथा अवसर ........ ८९
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ ९०
६.४.५ कार्यक्रम तथा आयोजना ........ ९१
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ९१
**६.५ सूचना, सञ्चार तथा प्रविधि ........ ९१**
६.५.१ पृष्ठभूमि ........ ९१
६.५.२ समस्या तथा चुनौती ........ ९२
६.५.३ संभावना तथा अवसर ........ ९२
६.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ ९२
६.५.५ कार्यक्रम तथा आयोजना ........ ९३
६.५.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ९३
**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ९४**
**७.१ वन तथा जैविक विविधता ........ ९४**
७.१.१ पृष्ठभूमि ........ ९४
७.१.२ समस्या तथा चुनौती ........ ९५
७.१.३ संभावना तथा अवसर ........ ९५
७.१.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ ९५
७.१.५ कार्यक्रम तथा आयोजना ........ ९७
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा ........ ९७

**७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ...... ९७**
७.२.१ पृष्ठभूमि ...... ९७
७.२.२ समस्या तथा चुनौती ...... ९७
७.२.३ संभावना तथा अवसर ...... ९८
७.२.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति ...... ९८
७.२.५ कार्यक्रम तथा आयोजना ...... ९९
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा ...... ९९
**७.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ...... १००**
७.३.१ पृष्ठभूमि ...... १००
७.३.२ समस्या तथा चुनौती ...... १००
७.३.३ संभावना तथा अवसर ...... १००
७.३.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति ...... १०१
७.३.५ कार्यक्रम तथा आयोजना ...... १०२
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा ...... १०२
**७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ...... १०२**
७.४.१ पृष्ठभूमि ...... १०२
७.४.२ समस्या तथा चुनौती ...... १०३
७.४.३ संभावना तथा अवसर ...... १०३
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति ...... १०३
७.४.५ कार्यक्रम तथा आयोजना ...... १०५
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा ...... १०५
**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ...... १०६**
**८.१ संस्थागत विकास तथा सुशासन ...... १०६**
८.१.१ पृष्ठभूमि ...... १०६
८.१.२ समस्या तथा चुनौती ...... १०७
८.१.३ संभावना तथा अवसर ...... १०७
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति ...... १०८
८.१.५ कार्यक्रम तथा आयोजना ...... १०९
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा ...... ११०
**परिच्छेद ९: कार्यान्वयन व्यवस्था ...... १११**

९.१ पृष्ठभूमि ........................................१११
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........................................१११
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........................................११३
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........................................११४
९.५ स्रोत परिचालन रणनीति ........................................११५
९.५.१ आन्तरिक श्रोत र साधन पहिचान तथा परिचालन ........................................११५
९.५.२ अन्य श्रोत परिचालन तथा व्यवस्थापन ........................................११५
९.५.३ अन्तर सरकारी सम्बन्ध ........................................११६
९.५.४ आवधिक गाउँ विकास योजना र अन्य योजना बीच अन्तरसम्बन्ध ........................................११७
९.६ आवधिक योजना कार्यान्वयन ........................................११७
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........................................११७
९.७.१ अनुगमन समिति ........................................११८
९.७.२ अनुगमन उपसमिति ........................................११८
९.७.३ अनुगमन समन्वय तथा क्षमता विकास ........................................११८
९.८ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........................................११८
९.९ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........................................११९
९.९.१ नतीजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ........................................११९
९.९.२ मध्यावधि मूल्याङ्कन ........................................११९
९.९.३ अन्तिम मूल्याङ्कन ........................................११९
सन्दर्भहरू ........................................१२१
**अनुसूची ........................................१२२**
१ फोटोहरू ........................................१२२
सम्पर्क/अभिमुखीकरण बैठक ........................................१२२
वडास्तरीय परामर्श, छलफल ........................................१२३
सोच निर्माण गोष्ठी, विषयगत छलफल ........................................१२५
२ विषयगत नक्सा (प्रमुख नक्सा) ........................................१२७
३ माइन्युट र उपस्थिति ........................................१३९
४ तथ्यांक संकलन फारम ........................................१४५

## चित्रिहरूको सूची

चित्र १: स्रोत सुनिस्चितता र प्राथमिकता ........................ १९
चित्र २: योजनाहरु ........................ २०
चित्र ३: सम्पर्क/अभिमुखीकरण बैठक ........................ २६
चित्र ४: वडास्तरीय परामर्श, छलफल ........................ २८
चित्र ५: सोच निर्माण गोष्ठी, छलफल ........................ २८
चित्र ६: परामर्श तथा समीक्षा छलफल ........................ २९
चित्र ७: वडागत रुपमा जनसंख्याको वितरण, स्रोतः जनगणना ७८। ........................ ३२
चित्र ८: दिप्रुङ चुइचुम्मा गाउँपालिका जनसंख्याको आकार, स्रोतः जनगणना ७८। ........................ ३३
चित्र ९: ५ वर्ष उमेर समूह अनुसार जनसंख्या, स्रोतः जनगणना ७८। ........................ ३३
चित्र १०: ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या, स्रोतः जनगणना ७८। ........................ ३४
चित्र ११: संघ, प्रदेश र स्थानीय तहको योजना अन्तर-आवद्धता ........................ ३६
चित्र १२: साक्षरता दर (जनसंख्याको प्रक्षेपण २०७८). ........................ ६६
चित्र १३: खाने पानीको मुख्य श्रोतको आधारमा परिवार संख्या, स्रोतः जनसंख्याको प्रक्षेपण २०७८........................ ८६
चित्र १४: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या, स्रोतः जनसंख्याको प्रक्षेपण २०७८........................ ८९

# तालिकाहरूको सूची

तालिका १: दिप्रुङ चुइचुम्मा गाउँपालिका को महिला तथा पुरुषको जनसंख्या ,२०७८........ ३२
तालिका २: आवधिक योजना २०८२/०८३- २०८६/०८७ का लगि खर्च हुन सक्ने बजेटको प्रक्षेपण........................................................................................................११३
तालिका ३: आवधिक योजना २०८२/०८३ देखि २०८६/०८७ का लगि प्राप्त हुन सक्ने बजेटको स्रोत प्रक्षेपण. ........................................................................११४

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक साशन व्यवस्थालाई आत्मसाथ गरेको छ। लामो समय एकात्मक राज्य प्रणाली हुँदा विकास निर्माण केन्द्रिकृत तवरबाट संचालन हुँदा समानुपातिक र समावेशी विकास निर्माणको सिद्धान्त अवलम्बन गर्न साशन प्रणालीमा केन्द्रिय, प्रादेशिक र स्थानीय तह गरि तीन तहको सरकार संचालनको व्यवस्था गरिएको हो। समग्र देशको समृद्धिको लागि तीनै तहबीच सहकारिता, समन्वय र सह-अस्तित्वको परिकल्पना गरिएको छ। क्षेत्रधिकार पनि संविधानको अनुसूचीबाट निर्दिष्ट गरिएको छ। संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने, बार्षिक बजेट निर्माण गर्ने, नीति तथा योजना निर्माण गर्ने र त्यसको कार्यन्वयन गर्ने अधिकार पनि संविधानले दिएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकर भित्र रही स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक तथा विषयगत क्षेत्रमा मध्यमकालीन तथा दिर्घकालिन योजना बनाई कार्यन्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। यसका लागि सार्वजनिक खर्चको अनुमान तयार गर्नुपर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र आय-व्ययको प्रक्षेपण तयार गर्नुपर्ने पनि उक्त कानूनमा उल्लेखित गरिएको छ। नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यलाई साकार पार्न, सोह्रौं राष्ट्रिय योजनाले लिएको लक्ष्य पुरा गर्न, नेपाल सरकारले लिएको दिगो विकासको लक्ष्य हासिल गर्न तथा सार्वजनिक वित्तिय व्यवस्थापन चुस्त बनाउन तीनै तहबिचको समन्वय र तीनै तहले अख्तियार गर्ने नीति तथा कार्यक्रमबिच तादम्यता स्थापित गर्न अत्यावश्यक हुन्छ।

यसका साथै नेपाल सरकारले २५ बर्षको लागि दिर्घकालिन सोंच, २१०० को प्रारूप पनि तयार गरिसकेको छ जसअन्तर्गत वि.सं २१०० भित्र नेपालको प्रतिव्यक्ति आय १२,१०० अमेरिकी डलर पुर्याउने लक्ष्य लिईएको छ। तसर्थ, माथि उल्लेखित लक्ष्य पुरा गर्न तीनै तहका सरकारले आफ्नो आवधिक योजना तर्जुमा गरि त्यसलाई प्रभावकारी ढङ्गले कार्यन्वयन गरि संविधानले निर्धिष्ट गरेको एकल तथा साझा अधिकार अनुरुप संघ, प्रदेश र स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रम बीच सामन्जस्यता कायम हुनु पनि आवश्यक छ। विकास निर्माणको त्यहि समन्वयात्मक अवधारणालाई समानुपातिक ढङ्गले कार्यन्वयनमा लिएर जान तथा सहभागितामुलक bottom-up approach को अभ्यास गर्ने सोंच अनुरुप स्थानीय तहको आवधिक योजना निर्माणको अभ्यास सुरु गरिएको हो। प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले आम्दानीको श्रोतहरुको अधिकतम उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने, खर्च गर्ने क्षमतामा बढोत्तरी गर्ने र समग्र विकास प्रक्रियाको व्यवस्थापन गर्ने भएकाले नै यो अभ्यास निकै महत्त्वपूर्ण मानिएको छ।




*चित्र १: स्रोत सुनिस्चितता र प्राथमिकता*

समय अवधिको हिसाबले योजनाहरुलाई तीन तहमा विभाजित गरिन्छः

१. दिर्घकालिन योजना

स्थानीय तहले दिर्घकालिन सोंच र अवाधरणा अनुरुप दिर्घकालिन योजना बनाउनु पर्दछ। सामान्यतः १५ देखि २५ वर्षसम्मकालागि बन्ने यस्ता योजनाले त्यो समयसम्म विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर/जीवनस्तर कस्तो हुने भन्ने बारेमा खाका स्पष्ट पार्छ। साथै त्यो अवधारणा अनुरुप कार्य गर्नका लागि चाहिने वित्तिय तथा अन्य श्रोतको सुनिस्चितता पनि दिर्घकालिन योजनाले गरेको हुन्छ। यस्तो योजना राष्ट्रिय लक्ष्य, प्रमुख संवाहक, सहयोगी क्षेत्र आदिलाई ध्यानमा राखी बनाईन्छ।

२. मध्यमकालीन योजना

सामान्यतः ३ देखि ७ बर्ष सम्मका लागि दिर्घकालिन योजनाको परिपुरक हुने ढङ्गले मध्यमकालीन योजना बनाईन्छ। मध्यम अवधिमा समाधान गर्नुपर्ने समस्याको प्राथमिकीकरण गरि त्यसको

समाधानका लागि श्रोत सुनिस्चित गर्नु, दिर्घकालिन योजनालाई सहयोग गर्नेगरी जग निर्माण गर्नु यसको प्रमुख उद्धेश्य हो।

३. अल्पकालीन योजना

दिर्घकालिन तथा मध्यमकालीन योजनाहरुको कार्यन्वयन बार्षिक योजना मार्फत गरिन्छ। एक बर्षको लागि बनाइने यस्तो योजनाको प्रारूप बार्षिक बजेट मार्फत तयार गरिन्छ। तत्कालका समस्याहरुको सम्बोधन गर्नु तथा दिर्घकालिन र मध्यमकालीन योजनाहरुको लक्ष्य र उद्धेश्यहरुको निम्ति अवस्था सिर्जना गर्नु अल्पकालीन योजनाको प्रमुख उद्धेश्य हो।

स्थानीय तहले निर्माण गर्नुपर्ने योजनाहरु निम्नानुसार छन्ः

| | |
|---|---|
| स्थानिय तहले तर्जुमा गर्नुपर्ने योजनाहरु र आयोजना | आवधिक योजना (Periodic plan) |
| | विषय क्षेत्र रणनीतिक/गुरुयोजना (Thematic area strategic/master plan) |
| | मध्यमकालीन खर्च संरचना (Medium-term expenditure structure) |
| | वार्षिक वजेट तथा कार्यक्रम (Annual budget and program) |

*चित्र २: योजनाहरु*

स्थानीय तहहरुले तर्जुमा गर्नुपर्ने योजनाहरु बिचको अन्तरसम्बन्ध स्थानीय तहले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजना, आयोजना बैंङ्क, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउंपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण र बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्दछ। स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध माथिको चित्रबाट स्पष्ट गरिएको छ।

दिगो विकासका लक्ष्य प्राप्ति तीनै तहका सरकारको योजनाको साझा प्राथमिकता तथा जिम्मेवारीको विषय हो। दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न तीनै तहका सरकारले तयार गर्ने विकास योजनामा पारस्परिकता, समपूरकता र परिपूरकताको सम्बन्ध स्थापित गर्नुपर्दछ। दिगो विकास लक्ष्य विकास योजना तर्जुमाको आधार हो। विकास योजना तर्जुमाका प्रक्रियामा दिगो विकासका

लक्ष्य कार्यान्वयनको राष्ट्रिय रणनीतिलाई अधिकार क्षेत्रले समेटेको हदसम्म समाहित गरी तादात्म्यता कायम गर्नुपर्दछ।

## १.२ आवधिक योजनाको आवश्यकता

योजनाबद्ध विकास भनेको सन्तुलित, दिगो र समावेशी प्रगतिका लागि आवश्यक आधार हो। आवधिक योजनाले स्थानीय तहका विकास प्रयासहरूलाई स्पष्ट दिशा दिने संरचित रूपरेखा प्रदान गर्छ। यसले स्थानीय जनताको आवश्यकता, स्रोत र सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाबीच समन्वय कायम गरी नागरिकको जीवनस्तर उकास्न सहयोग गर्छ।

स्थानीय आवधिक योजना केवल विकासको मार्गचित्र मात्र नभई, त्यो क्षेत्रको प्राकृतिक सौन्दर्य, वातावरणीय संरक्षण तथा मानव—प्रकृति सहअस्तित्वलाई समेट्ने महत्वपूर्ण दस्तावेज पनि हो। यसले राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्य प्राप्तिमा योगदान दिनुका साथै स्थानीय सरोकारवाला निकायहरूबीच साझा प्रतिबद्धता र जिम्मेवारीको भावना विकास गर्न मद्दत पुऱ्याउँछ।

यस्तो योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता र सम्भावनाको स्पष्ट पहिचान गरी, जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने लक्ष्य लिइन्छ। साथै स्रोतको विश्लेषण, उपयुक्त रणनीति र कार्यनीति तय गर्दै, रणनीतिक कार्यक्रम र आयोजना पहिचान गरिन्छ। त्यसपछि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि स्पष्ट खाका तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचना र वार्षिक योजना निर्माणका लागि आधार तयार गर्ने आवधिक योजनाले योजना कार्यान्वयनमा अनुशासन कायम गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यस्तो योजना दीर्घकालीन सोचसहित तर्जुमा गरिनुपर्छ, जसमा तत्काल कार्यान्वयन गर्न सकिने कार्यक्रमहरू समेत समावेश हुन्छन्।

स्थानीय आवधिक योजना बनाउँदा स्थानीय भूगोल, सामाजिक—आर्थिक अवस्था, ऐतिहासिक पृष्ठभूमि, सांस्कृतिक मूल्य र मान्यताको गहिरो विश्लेषण आवश्यक हुन्छ, जसले योजनालाई प्रभावकारी र सुसम्बद्ध बनाउँछ।

## १.३ आवधिक योजनाको उद्देश्य

- सिमित श्रोत साधनलाई प्राथमिकताका आधारमा उपयोग गर्नु।
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादम्यता राख्नु।
- योजनावद्ध विकास रणनीतिको अख्तियार गर्नु।
- विगतको उपलब्धि तथा नतिजाको समिक्षा गर्दै आगामी दिनको नतिजा आंकलन गर्नु।
- नतिजामुखी विकास पद्धतिको अवलम्बन र प्रवर्धन गर्नु।

- विकास प्रकृयामा सबै सरोकारवालाहरुको संलग्नता र जवाफदेहिता अभिवृद्धि गर्नु।
- दिगो विकासको अवाधारणालाई आत्मसाथ गर्नु।
- यसलाई आधार मानि मध्यकालीन खर्च संरचना र बार्षिक बजेटका कार्यक्रम तय गर्नु।

## १.४ योजना तर्जुमाका आधारहरु

नेपालको संविधानले प्रदेश र स्थानिय सरकारलाई प्रदेशको विकासको प्रमुख वाहकका रुपमा स्थापित गरेको छ। यसका चार महत्वपूण पक्ष छन्।

- स्थानीय तहको आफ्नै अधिकार र दायित्वभित्र पर्ने विकासका विषयहरु।
- स्थानीय तहलाई प्रभाव पार्ने संघीय तथा प्रादेशिक नीति, योजना र कार्यक्रम र स्थानीय तहको योजना बारे मार्गनिरदेश।
- स्थानीय तहको विकासमा प्रदेशले गर्नुपर्ने सहजिकरण र
- नेपालले अनुमोदन गरेका विकास सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्वताहरु खास गरी सन् २०३० सम्ममा सबै क्षेत्र अनि समुदायहरुले हासिल गर्ने प्रतिवद्वता जनाएका विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्नुपर्ने जिम्मेवारी।

संक्षेपमा, संविधानका निर्देशक सिद्वान्त र नीतिहरु, संघीय मन्त्रिपरिषदबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतिकरण, "समृद्व नेपाल, सुखी नेपाली" को लागि तय भएको दीर्घकालीन सोंच, दिगो विकास लक्ष्य र यी सबैमा अन्तर्निहित समावेशीकरण, लैङ्गिक समता, सामाजिक विभेद र वञ्चितिको अन्त्य, वातावरणीय सन्तुलन, हरित विकास, विकासमा सन्तुलन, दिगो र सहभागितात्मक विकास, सुशासन, आदि पक्षहरुलाई यो आवधिक योजनाले योजना तर्जुमाका आधारहरुका रुपमा अङ्गिकार गरिएको छ। साथै गाँउपालिकाको विगतका नीति तथा कार्यक्रम र गाँउपालिकाबाट जारी भएका ऐन, कानुन, नियम र निर्देशिकाहरुलाई पनि आधारका रुपमा लिईएको छ।

आवधिक योजनाको प्रमुख उद्देश्य देशको आर्थिक सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउनु हो। योजनाको कार्यान्वयनबाट योजना अवधिमा देशको आर्थिक सामाजिक साथै वातावरणीय पक्षमा समेत सुधार हुनु आवश्यक हुन्छ। तसर्थ योजना तर्जुमा गर्दा देशको संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ। तसर्थ, यस योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५ लाई आत्मसाथ गरिएको छ। जसमा निम्न लिखित पक्षहरुलाई योजना तर्जुमाको मुख्य आधार भनि उल्लेख गरिएको छ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६
- संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धि ऐन, २०७७
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन
- दिगो विकासको लक्ष्य तथा मार्गचित्र

यी माथि उल्लेखित पक्षहरुलाई नै प्रमुख आधारमानी यो आवधिक योजना तर्जुमा तयार गरीएको छ।

## १.५ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र

आवधिक योजनामा देहाय बमोजिम क्षेत्रका योजनाहरु समावेश गरिएका छन् ।

**गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुप**

यस भित्र गाउँपालिकाको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देस्यहरु र विकासका प्राथमिकताहरु साथै दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रका सवलता, दुर्वलता, सम्भावना र चुनौतीहरु समेत प्रस्तुत गरिएको छ।

**भौतिक विकास योजना**

स्थानीय यातायात पूर्वाधार, सिंचाई, विद्युत र वैकल्पिक उर्जा, तथा भवन निर्माण, सामाजिक पूर्वाधार, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरु समेटिएको भौतिक विकास योजना प्रस्तुत गरिएको छ।

**आर्थिक विकास योजना**

यस योजना अन्तर्गत कृषि, पशुपालन, वनमा आधारित आर्थिक क्रियाकलाप, खनिज सम्पदा, भूमि व्यवस्था, खाद्य सुरक्षा, उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनमा आधारित आर्थिक कृयाकलाप, घरेलु तथा साना उद्यम विकासका कार्यक्रमहरु समेटिएका छन्।

**सामाजिक विकास योजना**

यस योजना अन्तर्गत वसाइसराई व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैंगिक, जातिगत, वालविकास, वृद्ध, असहाय, दलित, अपांगहरुको सामाजिक अधिकार र सहभागिता सुनिश्चित गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरु, युवा तथा खेलकुद विकासका कार्यक्रमहरु समेटिएका छन्।

**वातावरण तथा विपद् व्यवस्थापन योजना**

यस अन्तर्गत सरसफाई, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक वातावरनको संरक्षण, नदी नियन्त्रण, भूस्खलन नियन्त्रण, वन संरक्षण र उपयोग, आदि कार्यक्रमहरु समेटिएका छन्। जोखिमयुक्त स्थानहरुको पहिचान गरी भूकम्प, आगलागी, बाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता

विपद्हरुको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात उद्धार र पुनर्स्थापनाका कार्यक्रमहरु समावेश गरिका छन्।

**वित्तीय व्यवस्थापन योजना**

यस योजना अन्तर्गत गाउँपालिकाको आय-व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधीको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको बजेटको क्षेत्रगत बाँडफाँट, आन्तरीक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारि वित्तीय बाँडफाँट र व्यवस्थापनको योजना समेटिएको छ।

**शुसाशन र संस्थागत विकास योजना**

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा शान्ति र सुरक्षा, न्याय प्रणाली, वित्तीय अनुशासन, सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरुको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरुसँगको साझेदारी र संजाल, कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकासको ढाँचा र कार्यविधिको विकास, जस्ता कार्यक्रमहरु समेटिएका छन्।

**अन्तरसम्बन्धित विषयहरुको योजना**

यस अन्तर्गत माथि उल्लेखित योजनाहरुसँग अन्तरसम्बन्धित विषयहरु - तथ्यांक प्रणाली, गरिबी निवारण, श्रम तथा रोजगारी, जनशक्ति उद्यमशिलता विकास, अनुसन्धान र विकास, समता र समावेशीकरण, सामाजिक सुधार, सामाजिक सांस्कृतिक विविधता, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसंगको सहकार्य जस्ता विषयहरु समेटिएका छन्।

**योजना तथा कार्यक्रम कार्यान्वयन योजना**

यस अन्तर्गत विभिन्न क्षेत्रगत योजनाहरुको वर्गीकरण गरी गाउँपालिका, वडा, प्रदेश र संघीय कार्यक्रमहरुसंग तादात्म्यता र जिम्मेवारी बाँडफाँट गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिका बाट प्रवाह हुने सेवाहरुको अनुगमन र मूल्यांकनको योजना प्रस्तुत गरिएको छ।

## १.६ आवधिक योजना तर्जुमाका सीमाहरु

आवधिक योजना तयार गर्दा देहाय बमोजिम सीमाहरुलाई मध्यनजर गरिएको छ।

- नयाँ संरचना अनुसार गाउँपालिका पूर्वका साविक गाविसहरुको एकीकृत तथ्यांकको अभावमा लामो समयको प्रवृत्तिगत विश्लेषण गर्न नसकिएको।
- वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको।
- स्रोत साधन र समयको सीमितताको कारणले वडाबासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकिएको।

- यो आवधिक योजना दिप्रुङ चुइचुम्मा गाउँपालिकाको दोस्रो आवधिक योजना भएकोले कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनुपर्ने तथ्यांकहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको।
- दिप्रुङ चुइचुम्मा गाउँपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको।

## १.७ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक योजना तर्जुमाको चरण, विधि र औजारहरू देहाय बमोजिम भएको थियो।

### १.७.१ पहिलो चरणः पूर्वतयारी - दस्तावेज तथा सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमा गर्नुपूर्व आवधिक योजना तर्जुमाको अवधारणागत तथा नीतिगत व्यवस्थाका विषयमा प्रष्ट हुनु र द्वितीय तहबाट प्राप्त गर्न सक्ने आवश्यक सबै सूचना र तथ्याङ्कको सङ्कलन गर्नको लागि परामर्शदाताले तपशिल बमोजिमको दस्तावेजहरूको समीक्षा गरियो।

स्थानीय तहका संवैधानिक कार्य जिम्मेवारीहरु,

- विगत ३ वर्षका वार्षिक योजना तथा मध्यमकालीन खर्च संरचना,
- स्थानीय तहको गुरूयोजना, विषयगत योजना तथा रणनीति र कार्यविधिहरु,
- वार्षिक समीक्षा प्रतिवेदन (स्रोत परिचालनको अवस्था र उपलव्धिहरु),
- स्थानीय तहको पाश्र्वचित्र (प्रोफाइल), वेबसाइट, अभिलेखहरू,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण अवस्था (विगत ३ वर्षको),
- स्थानीय तहको आन्तरिक स्रोत परिचालन स्थिति,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- प्रदेशको वस्तुस्थिति विवरण, २०८१
- दिप्रुङ चुइचुम्मा गाउँपालिका पार्श्वचित्र २०७९
- प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रथम र दोस्रो आवधिक योजना,
- संघ तथा प्रदेश मन्त्रालय र विभागहरूले प्रकाशन गरेका सम्बन्धित प्रतिवेदनहरू,
- संघीय सरकार तथा प्रादेशिक सरकारका मार्गनिर्देशन,
- दिगो विकासका लक्षहरु राष्ट्रिय र प्रादेशिक मार्गचित्र तथा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरमहरुमा गरेका प्रतिवद्धताहरु

- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७

आवधिक योजना तर्जुमा कार्यको समग्र मार्गनिर्देश गर्नका लागि गाउँपालिकामा निर्देशक समिति गठन हुने भएकाले निर्देशक समितिले स्वीकृत गरेको कार्ययोजना अनुसार आवधिक योजना तर्जुमा कार्य अगाडि बढाइनु पर्नेछ।

## पूर्व योजना तर्जुमा गोष्ठी

यो आवधिक योजना तर्जुमाका लागि प्रारम्भिक र महत्त्वपूर्णचरण हो, जहाँ स्थानीय तहका राजनीतिक दलहरु विभिन्न स्तरका जनप्रतिनिधि, कर्मचारी, सरकारी गैरसरकारी कार्यालय, संघ संस्था, निजी तथा व्यापारिक संस्था/कम्पनी, नागरिक संस्थाका प्रतिनिधिहरु आदिहरु बिच आवधिक योजना तर्जुमा गर्नुको उद्धेश्य, प्रकृया, विद्यमान अवस्था र अपेक्षित अवस्था बारे छलफल परामर्श गरि आवधिक योजना तर्जुमा प्रक्रियालाई सहभागीमूलक रुपमा तर्जुमा गर्ने कार्यलाई औपचारिकता प्रदान गर्नुपर्दछ। साथै आवधिक योजना तर्जुमा प्रक्रियाका लागि मार्गदर्शनमा तोकिए बमोजिमका समिति, उपसमिति, विभिन्न कार्य समूहहरुको गठन र कार्यविधि समेत गरिएको थियो।






*चित्र ३: सम्पर्क/अभिमुखीकरण बैठक*

## १.७.२ दोश्रो चरणः वडास्तरीय परामर्श

यस चरणमा विशेष गरि ३ देखि ४ वटा महत्त्वपूर्ण काम गर्नुपर्नेछ। प्रथमतः यस चरणमा स्वीकृत कार्ययोजना बमोजिम आवधिक योजना तर्जुमाको लागि सम्बन्धित वडा समितिको पहलमा वडास्तरीय

परामर्श बैठकहरू सञ्चालन भएको थियो। यसका लागि स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिताको लागि सर्वप्रथम सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समूह, महिला समूह, आमा समूह, सामुदायिक विद्यालय, वडामा क्रियाशिल संघ संस्थाहरू, बाल क्लव, निजी क्षेत्र, राजनीतिक दलका वडास्तरीय प्रतिनिधि लगायतका सरोकारवालाहरूसँग परामर्श भयो। उक्त परामर्शबाट द्वितीय स्रोतबाट प्राप्त हुन नसकेका आधारभूत सूचनाहरू सङ्कलन गर्ने, समस्या तथा चुनौति र अवसरहरू पहिचान गर्ने, मुख्य मुख्य मुद्दा र योजना तथा कार्यक्रमहरू पहिचान गर्ने लगायतका कार्यहरू भयो।

यसैगरी दोस्रो चरणमा आवधिक योजना तर्जुमाका लागि सरोकारवालाहरूको बैठकबाट पर्याप्त सूचना प्राप्त नभएमा थप सूचना प्राप्त गर्न वा प्राप्त सूचनाहरूको पुष्टिको लागि एक वा एकभन्दा बढी प्रमुख सूचनादाता अन्तरवार्ता र लक्षित समूह छलफल गर्नुपर्नेछ। यस्ता अन्तरवार्ता र छलफल प्रत्यक्ष र भर्चुअल मध्ये कुनै एक वा दुबै हुन सक्नेछ। यस बाहेक सहभागितात्मक ग्रामिण लेखा जोखा प्रणाली (Participatory Rural Appraisal) विधिहरुको समेत प्रयोग गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो।

तेश्रोमा, सरोकारवालाहरू, प्रमुख सूचनादाता र लक्षित समूहबाट प्राप्त जानकारी तथा पहिलो चरणमा गरिएको दस्तावेजहरूको समीक्षाबाट प्राप्त तथ्याङ्क र जानकारी समेतलाई विश्लेषण गरी सो को सत्य तथ्य परिक्षणका लागि वडा समितिको बैठकमा छलफलको लागि प्रस्तुत गर्नुपर्नेछ। वडा समितिले वडा प्रतिनिधिहरू, वडा समितिका कर्मचारीहरू, वडामा रहेका सेवा प्रदायक संस्थाहरू र विषय विज्ञहरूलाई आमन्त्रण गर्नेछ। उक्त छलफलमा वडास्तरीय वस्तुस्थिति, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल गरि एउटा साझा निश्कर्षमा पुर्याइनु पर्दछ।

चौथोमा, सबै वडाहरूबाट प्राप्त तथ्याङ्क र सुझावहरूको आधारमा वस्तुगत अवस्था झल्काउने जि. आई. एस. नक्शाहरू तयार गर्नु पर्नेछ। जि. आई. एस. नक्शा तयार हुन नसक्ने अवस्थामा गुगल म्यापको प्रयोग गरी आवश्यक नक्शाहरू तयार गर्न सकिनेछ। गुगल म्यापबाट तयार हुनु नसकेका नक्शाहरू हातैले रेखाङ्कन गरी खेस्रा नक्शा (Sketch Map) तयार गर्न सकिनेछ। यी नक्शाहरूको मुख्य उद्देश्य स्थानीय तहको विद्यमान वस्तुगत अवस्था नक्शामा उतारियो।








*चित्र ४: वडास्तरीय परामर्श, छलफल*

### १.७.३ तेश्रो चरणः सोच निर्माण गोष्ठी, विषय क्षेत्रगत समिति, उपसमितिहरू सहित अन्य सरोकारवाला संघ/संस्थाहरुसँग छलफल/परामर्श

यो चरणमा वडास्तरीय परामर्शबाट प्राप्त सुझावहरूलाई समावेश गरी विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू तयार गरी विषय क्षेत्रगत समिति र अन्य उपसमितिहरूसँग परामर्शका लागि प्रस्तुत गर्नुपर्नेछ। त्यसपछि, उक्त समितिहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी प्रस्तुत गरिएका सामग्रीहरूलाई आवश्यकता अनुसार संसोधन र परिस्कृत गर्नुपर्ने छ। स्थानीय तहको क्षेत्रगत प्राथमिकता समेत यसै चरणमा हुने भएकाले क्षेत्रगत प्राथमिकता निर्धारणका लागि विभिन्न सहभागीमूलक विधिहरुको प्रयोग गरि प्राथमिकता निर्धारणको विश्वसनीयता कायम राखिने छ।

द्वितीय तहबाट प्राप्त सूचना र पूर्व योजना गोष्ठीको सूझाव समेतलाई ध्यानमा सबै वर्ग र क्षेत्रका सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी एक सोच निर्माण गोष्ठीको आयोजना गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहको विशिष्टता, आवश्यकता र सम्भावनाहरू समेतलाई ध्यानमा राखी सोच निर्माण गरिएको थियो।




*चित्र ५: सोच निर्माण गोष्ठी, छलफल*

### १.७.४ चौथो चरणः स्थानीय तह स्तरीय परामर्श, समिक्षा र परिमार्जन

यस चरणमा सर्वप्रथम, विषय क्षेत्रगत समिति र उपसमितिहरूको सुझाव बमोजिम तयार गरिएको विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू समेटी आवधिक योजनाको पहिलो मस्यौदा तयार गरी निर्देशक

समिति समक्ष परामर्शको लागि प्रस्तुत गर्नुपर्नेछ। निर्देशक समितिले आफू र विषय क्षेत्रगत समितिका प्रतिनिधिहरू, कार्यपालिकाका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सहकारीका प्रतिनिधिहरू, संघीय र प्रदेश सभाका माननीय सदस्यहरू, संघ संस्थाहरुको प्रतिनिधि र विज्ञ लगायतका सरोकारवालाहरूको संयुक्त बैठकको आयोजना गर्नेछ, जसलाई एकिकृत बैठक समेत भनिन्छ। निर्देशक समितिको निणर्य अनुसार यस्तो बैठक एक वा एकभन्दा बढी पटक तथा प्रत्यक्ष वा भर्चुअल मध्ये कुनै एक वा दुबै हुन सक्नेछ। उक्त बैठकमा परामर्शदाताले मस्यौदा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ। उक्त बैठकमा अवस्था हेरी खुल्ला वा समूहगत छलफल हुन सक्नेछ। मस्यौदा प्रतिवेदनमा उल्लेखित विषयहरूमा गहन छलफल गरी त्यसलाई यथार्थपरक, व्यवहारिक, सरल र थप स्पष्ट बनाउनु उक्त परामर्शको उद्देश्य हुनेछ।




*चित्र ६: परामर्श तथा समीक्षा छलफल*

बैठक बाट प्राप्त सुझाव र प्रतिक्रियालाई समावेश गरी आवधिक योजनाको अन्तिम मस्यौदालाई निर्देशक समिति समक्ष पेश गरियो। निर्देशक समितिले प्राप्त सुझावहरु समावेश भए नभएको सुनिश्चित गरि अन्य थप केहि भएमा सो सहित समावेश गरेर अन्तिम मस्यौदालाई थप छलफल र स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्न सिफारिस गरिएको थियो।

# परिच्छेद २: दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वस्तुगत अवस्था

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ क्षेत्रीय अवस्थिती

खोटाङ जिल्लाका ८ वटा गाँउपालिकाहरु मध्ये दिप्रुङ चुइचुम्मा गाउँपालिका प्राकृतिक स्रोत साधन र सुन्दरताले भरिपूर्ण गाउँपालिका हो। यो गाउँपालिका खोटाङ जिल्ला सरदरमुकाम दिक्तेल (रुपाकोट मझुवागढी नगरपालिका) देखि दक्षिण भेगमा करीव २१ कोष (६७.२ कि.मि.)को दूरीमा अवस्थित छ। साविकका याम्खा, टेम्मा, डाँडागाँउ, छोरम्बु, बतासे, छितापोखरीर सत्तेश्वर छितापोखरी गा.वि.स हरु समावेश भएका यस गाउँपालिकाका ७ वटा वडा छन भने कुल क्षेत्रफल १३६.४८ वर्ग किमी रहेको छ। यस गाँउपालिकाको पूर्वमा साकेला गाँउपालिका, उत्तरमा रुपाकोट मझुवा गढी नगरपालिका र साकेला गाँउपालिका, पश्चिममा हलेशी तुवाचुङग र उदयपुर जिल्लासँग र दक्षिणमा खोटेहाङ गाँउपालिका रहेको छ। कुल १६,३०५ जनसंख्या तथा ३,८०१ घरधुरी रहेको दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सवै भन्दा वढी जनसंख्या वडा नं. ४ मा (३,१२६) र सबैभन्दा कम जनसंख्या वडा नं. ६ मा (१,५५४) रहेको छ।

### २.१.२ भौगोलिक अवस्थिति

यस गाउँपालिकाको पूर्वमा साकेला गाँउपालिका, दक्षिणमा खोटेहाङ गाँउपालिका, उत्तरमा उत्तरमा रुपाकोट मझुवा गढी नगरपालिका र साकेला गाँउपालिका तथा पश्चिममा पश्चिममा हलेशी तुवाचुङग र कोशीनदी पारी उदयपुर जिल्ला रहेको छ। यस गाउँपालिकाका अधिकांस कृषि पेशामा निर्भर रहेका छन भने केही मात्रामा सरकारी नोकरी, व्यापार, व्यवसाय, वैदेशिक रोजगार, सिकर्मी तथा डकर्मी पेशामा निर्भर रहेका छन्।

### २.१.३ राजनैतिक र प्रशासनिक संरचना

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन्। दिप्रुङ चुइचुम्मा गाउँपालिका खोटाङ जिल्लाको दक्षिणी क्षेत्रमा रहेको गाउँपालिका हो। नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सिमाकन गर्दा यो गाउँपालिका साविकका ७ वटा गाविसहरुबाट रुपान्तरण भई स्थापना भएको हो। यो गाउँपालिका जातिगत तथा सास्कृतिरुपमा बिशिष्टता र बिविधता बोकेको गाउँपालिका हो। राजनैतिक विभाजनको आधारमा खोटाङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ (ख) अन्तर्गत पर्ने दिप्रुङ चुइचुम्मा गाउँपालिका जम्मा ७ वटा वडाहरुमा विभाजन भएको छ। साविकको ७ वटा गाउँविकास समितिहरु याम्खा, टेम्मा, डाँडागाँउ, छोरम्बु,

बतासे, छितापोखरीर सत्तेश्वर, छितापोखरी वडाहरुलाई पुर्नसंरचना गरी दिप्रुङ चुइचुम्मा गाउँपालिका कायम गरिएको छ। यस गाउँपालिकाको केन्द्र वडा नं. ५ को याङसोलाटारमा रहेको छ।

गाउँपालिकाको नामाकरण यस गाउँपालिकामा चाम्लिब राईको वाहुल्यता रहेकौ कारणले यस गाउँपालिकाको नामाकरण चाम्लिङ भाषाबाट भएको पाईन्छ। चाम्लिङ राई भाषामा दिप्रुबको अर्थ लेक भन्ने हुन्छ। सुवेदार हर्कमान चाम्लिङको "चाम्लिङ नेपाली अंग्रेजी शव्दकोष" अनुसार खेतीपाती तथा पशुपालनकालागि लेकमा गोठ वनाई बस्ने चलन अनुसार वेंशीबाट लेकतर्फ अस्थाई वसाईसराई गर्ने क्रममा लेकलाई दिप्रङ भन्न थालिएको हुन सक्छ। त्यस्तै चाम्लिङ भाषामा डाँडालाई 'चुङ' वा चुङमा' भन्ने गरिन्छ। त्यही 'चुङमा' शव्द अपभ्रंश हुदै 'चुम्मा' भएको देखिन्छ। तसर्थ दिप्रुङ र चुम्मा मिलेर गाउँपालिकाको नामाकरण भएको मान्न सकिन्छ।

## २.१.४ प्राकृतिक तथा संस्कृतिक सम्पदा

प्राकृतिक सम्पदा धिप्रुङ झरना र छितापोखरी जस्ता प्राकृतिक सम्पदा भएको यो गाउँपालिका वनजंगल तथा प्राकृतिक दृष्यावलोकनका दृष्टिले पनि मनोरम छ। अर्ध सितोष्ण तथा समशितोष्ण हावापानी पाइने यस गाउँपालिकामा १२०० मीटर भन्दा तल साल, खयर, कुसुम, जामुन जस्ता बोटविरुवाहरु पाइन्छन। १२०० मिटर देखि २१०० मिटर सम्मको पहाडी क्षेत्रमा हिउँदमा पात झर्ने सल्लो, चाँप, उत्तिस, लाकुरी, ओखर, चिलाउने, कटुस जस्ता पतझर वनस्पतिहरु पाइन्छन भने २१०० मिटर भन्दा माथिका केही लेकाली भुभागमा सल्लो, धुपी, गुराँस पनि पाइन्छ। प्रसस्त सामुदायिक र निजीवन भएको यस गाउँपालिकामा दुर्लभ जडिबुटिहरु समेत पाइन्छन। त्यसैगरी साप्सु, तावा, धिप्लुब, खरुवा, टुकुरे, टुवाखोलाबाट सिंचित यो गाउँपालिकामा रेग्मीटार, जगनटार, टुवाखोला फाँट जस्ता कृषियोग्य क्षेत्र पनि रहेका छन्।

चार्डपर्व तथा साँस्कृतिक उत्कृष्टता चाम्लिब राईहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा , वुद्धपुर्णिमा, नागपञ्चमी, माघेसक्रान्ती, साउने संक्रान्ती, कृष्णजन्माष्टमी, चैतेदशै, हरिशयनी एकादशी, हरीवोधनी एकादशी, कूशेऔसी, भिमसेन पुजा आदि पर्दछन भने सोनाम ल्होसार, ग्याल्पो ल्होसार, साकेला नाच, लाखे नाच, बालन नाच, साकेला नाच ओखे औंसी तिथी, साकेला नाच गुरुबडाँडा चौथी तिथी तथा देवाली पूजा आदि सांस्कृतिक नाचले गाउँपालिकाको मौलिक संस्कृतिलाई जगेर्ना गरेको छ। त्यसैगरी बिमिरे बालाचर्तुदशी मेला, टेम्माटार शनिबारे हाट, माघेसंक्रान्ती मेला, टेम्माटार देवीथान पुर्णे बजार, टेम्माटार फागु, तथा शान्ती मा बि फागु आदि हाट तथा मेलाले पनि यस गाउँपालिकाको मौलिकतालाई झल्काउछ।

धार्मिक तथा ऐतिहासिक स्थान दिप्रुङ चुइचुम्मा गाउँपालिकामा तिनकन्या देवी मझौ, पञ्चकन्या देवी बोफ्लु, जालपादेवी मन्दीर, दुर्गा मन्दीर आदि थुप्रै धार्मिक, पर्यटकीय तथा ऐतिहासिक मठमन्दीरहरु रहेका छन।

## २.१.५ जनसान्खिक अवस्था

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा खासगरी मंगोलियन र आर्य सम्प्रदाय अन्तर्गतका जातजातिहरू वाहुल्यता रहेको, त्यस वाबजुद यहाँ क्षेत्री, राई, तामाङ, मगर, गुरूङ्ग आदि मुख्य जातजाति मानिसहरुको पनि वसोबास रहेको छ।

## २.१.६ जनसंख्याको वितरण

यस गाउँपालिका क्षेत्रमा व्रामह्ण, क्षेत्री, राई, तामाङ, मगर, गुरूङ्ग, र दलितहरुको वसोवास रहेको छ। दिप्रुङ चुइचुम्मा गाउँपालिकामा जम्मा जनसंख्या २०७८ सालको जनगणना अनुसार जनगणना परिवार संख्या ३,८०१ मा महिला ८,२६२ र पुरुष ८,०४३ गरेर जम्मा १६,३०५ रहेको छ। २०६८ को जनगणनाको तुलनामा दिप्रुङ चुइचुम्मा गाउँपालिका भित्र २०७८ सालको जनगणनामा जनसंख्याको वितरण महिला तथा पुरुषको निम्न अनुसारको रहेको छ।

*तालिका १: दिप्रुङ चुइचुम्मा गाउँपालिकाको महिला तथा पुरुषको जनसंख्या ,२०७८*

| वर्ष | कुल संख्या | पुरुष | महिला | परिवार संख्या | सरदार घर परिवार संख्या |
|---|---|---|---|---|---|
| २०६८ | २०,१७५ | ९,३५७ | १०८१८ | ४,१४० | - |
| २०७८ | १६,३०५ | ८,०४३ | ८,२६२ | ३,८०१ | ४.२८ |




*चित्र ७: वडागत रुपमा जनसंख्याको वितरण, स्रोत: जनगणना ७८।*

माथि उल्लेखित तथ्यांक अनुसार २०७८ मा करिब १.६% जनसंख्या घटेको देखिन्छ भने सोहि जनगणना अनुसार ४९.३ प्रतिशत पुरुष र ५०.७ प्रतिशत महिलाको जनसंख्या रहेको देखिन्छ।




*चित्र ८: दिप्रुङ चुइचुम्मा गाउँपालिका जनसंख्याको आकार, स्रोत: जनगणना ७८।*

## २.१.७ उमेरगत संरचना

५ वर्ष उमेर समूह अनुसार जनसंख्या, जनसंख्याको प्रक्षेपण २०७८ को आधारमा;




*चित्र ९: ५ वर्ष उमेर समूह अनुसार जनसंख्या, स्रोत: जनगणना ७८।*

## २.१.८ साक्षरता अवस्था

साक्षरताको अर्थ कुनै पनि जनता आफै लेख पढ गर्न जान्ने, साथै रुपिया गन्न जान्ने, टेलिफोन, मोबाइल चालाउन जान्ने, आफ्नो नाम लेख्न जान्ने भने बुझिन्छ। साक्षर हुनलाई औपचारिक तथा अनौपचारिक शिक्षाले टेवा दिन्छ।दिप्रुङ चुइचुम्मा को साक्षरता दर ७७.२ प्रतिशत रहेको छ।




*चित्र १०: ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या, स्रोतः जनगणना ७८।*

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकाले यस आवधिक योजना मार्फत समग्र लक्ष्य गाउँपालिकावासीको साझा भविष्य कोर्न सबै सरोकारवालाहरूसँगको समझदारीमा साझा दस्तावेज तयार गरी गाउँपालिकाको दीर्घकालीन सौंच, गाउँपालिका विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकीकृत विकासका लागि भविष्यको मार्गचित्र तयार गरेकोछ। गाउँपालिकाको समग्र विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतीहरूको लेखाजोखा गरी २०८२ जेठ २७ गते गाउँपालिकाको दीर्घकालीन सोच तव गरिएको थियो। प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र ऐतिहासिक दृष्टिले यो गाउँपालिका खोटाङ जिल्लाकै एक महत्वपूर्ण गाउँपालिका हो। तर हालको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी आदिको अवस्थालाई हेर्दा अपेक्षाकृत रूपमा नतिजाहरूको प्रभावकारितामा वृद्धि हुन सकिरहेको छैन।

गाउँपालिकाभित्र कृषि, पर्यटन उद्योग तथा अधिकांश घरधुरीको मुख्य पेशा कृषि नै भए पनि आम्दानीको प्रमुख श्रोतमा भने विस्तारै परिवर्तन आएको छ। विगत १०/१२ वर्षअघि करिब २०७० सालतिर अधिकांश घरधुरीको आम्दानीको मुख्य श्रोत कृषि एवम् ज्यालादारी रहेकोमा हाल आएर कृषि तथा ज्यालादारी लगायत वैदेशिक रोजगारी, व्यापार व्यवसाय, नोकरी पनि आम्दानीको मुख्य हिस्साका रूपमा बढ्दै गएको देखिन्छ। वैदेशिक रोजगारी अहिलेको प्रमुख आम्दानीको श्रोत बन्न पुगेको छ, धेरै घरधुरीबाट रोजगारीको लागि विदेश गएको अनुमान गर्न सकिन्छ। संभावना तर्फ, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा तरकारी उत्पादन हुँदै आएको छ, मासु, मकै तथा दूध लगायतका उत्पादनमा समेत यो गाउँपालिकाको आत्मनिरभर उन्मुख भएको देखिन्छ।त्यस्तै, खेलकुदको पूर्वाधार तथा खेलकुद विकासको दृष्टिकोणले भने गाउँपालिका प्रारम्भिक अवस्थामा रहेको पाईन्छ। विद्यालयस्तरमा हुने केही प्रतियोगिताहरू बाहेक अन्य नियमित खेलकुद प्रतियोगिताको अभ्यास हुने गरेको छैन। खेलकुदका लागि मैदान वा कभर्ड हलको अभाव रहेको छ भने गाउँपालिकामा प्रदेश तथा राष्ट्रियस्तरका खेलाडीहरू उत्पादन गर्न गाउँपालिकाको मुख्य चुनौती रहेको छ।

## ३.२ संघीय तथा प्रादेशिक योजना अन्तर-आवद्धता

संविधान र कानुनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफनो अधिकार क्षेत्र भित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरि स्थानीय तहको आर्थिक-सामजिक विकासको लागि आबधिक योजना तर्जुमा गर्ने कानुनी प्रावधानको व्यवस्था गरेको छ। यसै अनुरुप यो आवधिक योजना तर्जुमा कार्य अगाडी बढेको हो। यो आवधिक योजना तर्जुमा गर्दा संघिय योजना र प्रदेश सरकारको आवधिक योजनासँग

तादम्यता कायम गरिएको छ। राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ मा समाहित मार्ग निर्देसित खाकाको आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको योजना अन्तर-आवद्धतालाई तलको चित्रबाट स्पष्ट गरिएको छ।




*चित्र ११: संघ, प्रदेश र स्थानीय तहको योजना अन्तर-आवद्धता*

## ३.३ दीर्घकालिन सोच

**"हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा"** भन्ने मूल नारालाई आत्मसात गर्दै, यो गाउँपालिका भित्रका सबै श्रोत र साधनको अधिकतम सदुपयोग, मौलिक सम्पदाहरूको संरक्षण तथा प्रवर्धन, र वातावरणीय सन्तुलनलाई कायम राख्दै दिगो र समावेशी विकासमार्फत समृद्धिको यात्रामा अघि बढ्ने हाम्रो दीर्घकालीन सोच रहेको छ। यो सोचले सहभागितामूलक, योजनाबद्ध विकास प्रक्रियालाई प्राथमिकता दिँदै गाउँभित्र शान्ति, स्थायित्व र सुशासनलाई संस्थागत गर्ने लक्ष्य राख्दछ। साथै, विकासका राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, नीति तथा योजनासँग समन्वय र तादात्म्यता कायम गर्दै समानता र सामाजिक न्यायमा आधारित उन्नत समाजवाद उन्मुख समाज निर्माण गर्न हामी प्रतिबद्ध छौं। दिप्रुङ चुइचुम्मा गाउँपालिकाको दीर्घकालीन सोच समावेशी, सशक्त, आत्मनिर्भर र दिगो भविष्य सुनिश्चित गर्ने दिशामा स्पष्ट मार्गदर्शन प्रदान गर्दछ।

**"हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा"**

## ३.४ मार्गनिर्देशक सिद्धान्तहरु

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको दिगो विकास, गाउँबासिहरुको गुणस्तरीय जीवनस्तर, मौलिक हक र अधिकारको रक्षागर्दै वातावारणीय सन्तुलन, समावेशी समाज र दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि निम्नलिखित मार्गनिर्देशक सिद्धान्त अवलम्बन गरिएको छः

- रोजगारी सृजना, औद्योगिक विकास, नव-प्रवर्तन प्रोत्साहन र स्थानीय श्रोत, सिप र साधनमा आधारित आर्थिक विकास।
- खाद्य सुरक्षा तथा कृषि आधुनिकीकरण र व्यवसायीकरण।
- सामाजिक सुरक्षा, शान्ति तथा स्थायित्वको प्रत्याभूति।
- स्थानीय कला, भाषा, संस्कृति र सम्पदाहरुको जघेर्ना सहितको पर्यटन प्रवर्धन।
- शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत आवश्यकताहरुको सुनिस्चितता।
- सुशासन तथा संस्थागत विकास।
- पूर्वाधार विकासलाई प्राथमिकता, विकास साझेदारहरु बीच सहकार्य र समन्वय।
- बजेटको कुशल र प्रभावकारी कार्यन्वयन।

## ३.५ समष्टीगत लक्ष्य

५ बर्षभित्र दिप्रुङ चुइचुम्मा गाउँपालिका लाई समाजवाद उन्मुख अर्थतन्त्रको विकसित चरणमा प्रवेश गराउँदै देशकै नमुना गाँउपालिकाको रूपमा स्थापित गर्ने।

## ३.६ समष्टीगत उद्देश्य

- **आधारभूत पूर्वाधारको पहुँच र स्तरोन्नति** — सडक, खानेपानी, ऊर्जा, सञ्चार, कृषि सिँचाइ, आवास आदि पूर्वाधारको पहुँच र गुणस्तर सुधार गर्दै समग्र गाउँपालिकाको समुचित विकास सुनिश्चित गर्नु।
- **समृद्ध, स्वावलम्बी र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकास** — कृषि, पर्यटन, पूर्वाधार, उद्योग, सेवा र नवप्रवर्तनशील उपायहरूको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना र आम्दानी वृद्धि गर्नु।
- **शान्ति, सुशासन र सेवा प्रवाहमा प्रभावशीलता** — स्थानीय तहको शासन प्रणालीलाई जनउत्तरदायी, पारदर्शी, समावेशी र परिणाममुखी बनाउँदै नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्नु।
- **मानव विकास सूचकांकमा सुधार** — गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै वर्गको सशक्तीकरण र समावेशी सहभागिता बढाउनु।

- **दिगो, समावेशी र न्यायसंगत विकास सुनिश्चित गर्नु** — उपलब्ध श्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै वातावरण सन्तुलन र सामाजिक न्यायलाई आत्मसात गरी दीगो विकासको मार्गमा अगाडि बढ्नु।
- **स्थानीय सम्पदा, संस्कृति र वातावरणको संरक्षण तथा प्रवर्द्धन** — मौलिक संस्कृति, भौगोलिक विशेषता, जैविक विविधता तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै हरित विकासलाई प्राथमिकता दिनु।
- **आपतकालीन तथा विपद् जोखिम न्यूनीकरण क्षमता अभिवृद्धि** — जलवायु परिवर्तन, विपद् जोखिम र आपतकालीन अवस्थासँग सामना गर्न स्थानीय पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना क्षमतामा सुधार गर्नु।

## ३.७ समष्टीगत नीति तथा रणानीतिहरु

यी नीति तथा रणनीतिहरू सबै क्षेत्रका लागि मार्गदर्शन गर्ने साझा आधार हुन्:

- समावेशी, सहभागी र अधिकारमा आधारित स्थानीय विकास नीति अवलम्बन गरिने
- स्थानीय स्रोत, सीप र प्रविधिको उपयोगमा आधारित दिगो विकासलाई प्राथमिकता दिइने
- सामाजिक न्याय, लैङ्गिक समानता र क्षेत्रीय सन्तुलन कायम राख्ने
- पूर्वाधार र सेवा प्रवाहमा गुणस्तरीता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
- स्थानीय आवश्यकता, सम्भाव्यता र जोखिम मूल्याङ्कनमा आधारित योजना निर्माण
- बहुक्षेत्रीय साझेदारी (PPP, संघीय/प्रदेश सहयोग, NGO/INGO) को उपयोग
- डेटा, तथ्य र सूचना प्रणालीलाई सुदृढ बनाएर निर्णय प्रक्रिया सशक्त बनाउने
- मानव विकास, आय वृद्धिलक्षी र पूर्वाधार सन्तुलन कायम राख्ने योजनाको प्राथमिकता
- प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्याधिक उपयोग गर्ने।
- आकर्षक पर्यटकिय क्षेत्रहरुको प्रवर्द्वनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने।
- सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने।
- गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
- गाँउपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने।
- वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद जोखिम न्यूनिकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने।

- सामुदायिक वन समूह परिचालन गरी वन विकास र सामुदायिक विकास कार्य सञ्चालन गर्ने साथै जलाधार व्यवस्थापनमा स्थानीय समुदायलाई परिचालन गरी विकास कार्य अगाडी वढाउने।
- विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने।
- मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाँउपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने।
- स्थानीय सरकारको आन्तरिक स्रोत बृद्धिका लागि स्रोत पहिचान, परिचालन र व्यबस्थापन गर्ने।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा विकास कार्यक्रम संञ्चालन गर्ने।
- नतिजामा आधारित अनुगमन पद्धत्ति स्थापित गरी सुशासन प्रत्याभूती गर्ने।

## ३.८ क्षेत्रगत कार्यनीति

यी समष्टिगत क्षेत्रगत कार्यनीतिहरू सबै क्षेत्रका लागि मार्गदर्शन गर्ने साझा आधार हुन्ः

| **क्षेत्रगत कार्यनीति** | **कार्यान्वयन हुने स्थान** | **क्षेत्र** |
|---|---|---|
| कृषि र पशुपालनमा व्यावसायिकता र उत्पादनमूलक प्रणालीको प्रवर्द्धन | दिप्रुङ चुइचुम्मा गाउँपालिका | आर्थिक क्षेत्र |
| स्थानीय सीप, स्रोत र संस्कृति आधारित पर्यटन विकास नीति कार्यान्वयन | | |
| युवा लक्षित सीप विकास, स्वरोजगार र स्टार्टअप सहयोग रणनीति | | |
| लघु, घरेलु र ग्रामीण उद्योगहरूको प्रबर्द्धन गर्दै स्थानीय उत्पादनमा आत्मनिर्भरता | | |
| गुणस्तरीय, सर्वसुलभ र समावेशी शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहमा जोड | दिप्रुङ चुइचुम्मा गाउँपालिका | सामाजिक क्षेत्र |
| महिला, बालबालिका, अपांगता भएका, दलित तथा लक्षित वर्गमा सशक्तिकरण कार्यक्रम | | |
| स्थानीय संस्कृति, भाषा र परम्पराको संरक्षण तथा प्रवर्द्धन | | |
| जनसांख्यिक प्रवृत्तिमा आधारित सेवा पहुँच योजना बनाउने | | |

| क्षेत्रगत कार्यनीति | कार्यान्वयन हुने स्थान | क्षेत्र |
|---|---|---|
| सडक, पुल, विद्युत, खानेपानीजस्ता पूर्वाधारमा पहुँच र गुणस्तरमा सन्तुलन | दिप्रुङ चुइचुम्मा गाउँपालिका | पूर्वाधार क्षेत्र |
| ICT प्रविधिको प्रयोगद्वारा सेवा प्रवाहमा दक्षता र पारदर्शिता | | |
| वैकल्पिक ऊर्जा तथा सुरक्षित बस्ती निर्माणमा जोड दिँदै पर्यावरणमैत्री प्रविधिको प्रयोग | | |
| सार्वजनिक भवनहरूमा दिगो र बहुउद्देश्यीय प्रयोग को दृष्टिकोण | | |
| जैविक विविधता संरक्षण, वन स्रोतको दिगो उपयोग, र वातावरणीय सन्तुलन | दिप्रुङ चुइचुम्मा गाउँपालिका | बन बाताबरण तथा बिपत व्यवस्थापन |
| समुदाय आधारित विपद् व्यवस्थापन प्रणाली विकास | | |
| हरित प्रविधि र वातावरणीय अध्ययन (IEE/EIA) मा आधारित पूर्वाधार विकास | | |
| जलवायु अनुकूलन तथा स्थानीय जल—माटो संरक्षणमा सामुदायिक पहल | | |
| स्थानीय तहको सेवा प्रवाह, योजना कार्यान्वयन र अनुगमन प्रणाली सुदृढीकरण | दिप्रुङ चुइचुम्मा गाउँपालिका | संस्थागत बिकास तथा सुशासन क्षेत्र |
| सार्वजनिक वित्त, मानव स्रोत र सम्पत्ति व्यवस्थापन पारदर्शी बनाउने | | |
| स्थानीय सरकार, नागरिक समाज र निजी क्षेत्रबीच उत्तरदायित्वयुक्त साझेदारी | | |
| ICT, डाटा प्रणाली, गुनासो व्यवस्थापन र सामाजिक परीक्षणमा जोड | | |

यो समष्टिगत नीति तथा कार्यनीति खाका मार्फत दिप्रुङ चुइचुम्मा गाउँपालिकाले सबै क्षेत्रको दिगो, समावेशी, उत्तरदायी र स्थानिय सन्दर्भ अनुकूल विकासको आधार तय गर्न सक्नेछ।

## ३.९ आवधिक योजनाको प्राथमिकता

विकास योजना तयारी गर्न स्थानीय सरकार संचालन ऐन तथा नियमावलीमा उल्लेख गरिएको योजना तर्जुमा प्रक्रिया अन्तर्गत रहेर वडास्तरवाट प्राप्त आयोजनालाई विषयक्षेत्र अनुसार बिषयगत समिति मार्फत प्राथमिकताक्रम निर्धारण गरिएको छ। प्राथमिकता क्षेत्र निर्धारण गर्दा विश्लेषणको निचोड, बिषयगत उद्धेश्य र दिप्रुङ चुइचुम्माको बिशेषताका आधारमा बिषयक्षेत्रको निर्धारण

गरिएकोछ। यसरी प्राप्त भएको आयोजनाहरू तथा विभिन्न विषयगत कार्यालयहरूबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूमध्येबाट विकास योजनाको दीर्घकालिन सोच, विकासको लक्ष्य तथा उद्देश्य, उपलब्ध स्रोतसाधन विगतका उपलब्धि र क्षमतालाई पनि आधार मानिएको छ।

| विकासका क्षेत्रहरु | प्राथमिकता | प्राथमिकताका क्षेत्र |
|---|---|---|
| पूर्वाधार क्षेत्र | १ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण-३ |
| | | सडक, पुल तथा यातायात-१ |
| | | खानेपानी तथा सरसफाइ-२ |
| | | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा-४ |
| | | सूचना, सञ्चार तथा प्रविधि-५ |
| आर्थिक क्षेत्र | ३ | कृषि तथा पशुपन्छी-१ |
| | | सिंचाई-३ |
| | | पर्यटन, सँस्कृति तथा सम्पदा-२ |
| | | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति-४ |
| | | श्रम, रोजगारी र सामाजिक सुरक्षा-५ |
| सामाजिक क्षेत्र | २ | स्वास्थ्य तथा पोषण -२ |
| | | शिक्षा, विज्ञान तथा नवप्रवर्तन -१ |
| | | महिला, बालबालिका तथा लक्षित वर्ग-३ |
| | | युवा तथा खेलकुद-४ |
| बन बाताबरण तथा बिपत व्यवस्थापन क्षेत्र | ४ | वन तथा जैविक विविधता-४ |
| | | भूसंरक्षण तथा जलाधार व्यवस्थापन-१ |
| | | वातावरण तथा फोहोरमैला व्यवस्थापन-३ |
| | | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता-२ |
| संस्थागत बिकास तथा सुशासन क्षेत्र | ५ | संस्थागत विकास तथा सुशासन |

# परिच्छेद ४: आर्थिक क्षेत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिका कृषिमा आधारित ग्रामीण अर्थतन्त्र रहेको एक समृद्ध सम्भावनायुक्त स्थानीय तह हो। यहाँको जनसंख्याको प्रमुख आजीविका स्रोत कृषि, पशुपालन, मौरीपालन तथा लघु उद्यमहरू रहेका छन्। कृषिलाई आत्मनिर्भरताको प्रमुख माध्यमका रूपमा लिँदै गाउँपालिकाले उत्पादनमुखी र व्यवसायमुखी कार्यक्रमहरूलाई प्राथमिकता दिँदै आएको छ। गाउँपालिकाले कृषिमा आधारित आत्मनिर्भरता हासिल गर्नका लागि विभिन्न प्रकारका अनुदान तथा सेवा—सुविधा उपलब्ध गराउँदै आएको छ। विशेष गरी बीउबिजन वितरण, बाख्रा तथा मौरीका घार वितरण, प्लास्टिक टनेल जडान, बाली संरक्षण सामग्री वितरण लगायतका कार्यक्रमहरू मार्फत कृषकलाई प्रत्यक्ष उत्पादनमा जोड्ने प्रयास गरिएको छ। प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्दै कृषिमा दिगोपन ल्याउने कार्य भइरहेको छ।

दैनिक दूधको उत्पादनले देखाउँछ कि गाउँपालिकाको पशुपालन क्षेत्र सशक्त बन्दै गएको छ। मासु उत्पादनमा गाउँपालिका लगभग आत्मनिर्भर उन्मुख भइरहेको छ। यस्ता उपलब्धिहरूले स्थानीय जनजीविकामा मात्र नभई गाउँको आर्थिक संरचनामा समेत सकारात्मक प्रभाव पारेका छन्। आगामी दिनमा कृषि तथा पशुपालनलाई मात्र निर्वाहमुखी नभई व्यवसायमुखी, उत्पादनमुखी तथा स्वरोजगारमुखी दिशामा रूपान्तरण गर्दै आधुनिकीकरण र प्राविधिक विस्तारतर्फ उन्मुख हुने दीर्घकालीन सोच गाउँपालिकाले अपनाएको छ। तदनुसारका बजेट तथा कार्यक्रमहरू तय गर्रिँदैछन्, जसबाट जनजीवनमा गुणात्मक सुधार अपेक्षित गरिएको छ।

यस आर्थिक क्षेत्रको विकास दीगो विकास लक्ष्य (SDG) सँग गहिरो रूपमा आबद्ध छ, विशेषतः सन् २०३० सम्म सबै स्थानबाट चरम गरिबी अन्त्य गर्ने लक्ष्य (SDG १: No Poverty) सँग। यसले गरिबी न्यूनीकरण, सामाजिक संरक्षण प्रणाली विस्तार, आधारभूत सेवामा पहुँच तथा सबैका लागि समान आर्थिक अवसर सुनिश्चित गर्न योगदान पुऱ्याउनेछ। विशेषतः गरिब, विपन्न, महिला, दलित, अपांगता भएका तथा पिछडिएका समुदायहरूलाई लक्षित गर्दै सामाजिक—आर्थिक उत्थानमा केन्द्रित योजनाहरू कार्यान्वयन गरिनेछ।

यसै उद्देश्य अनुरूप, गाउँपालिकाले दीर्घकालीन आर्थिक विकास रणनीतिअनुसार स्थानीय स्रोत र सम्भावनाको परिचालन, समावेशी विकासको प्रवर्द्धन, र दिगो, आत्मनिर्भर र व्यवसायमुखी अर्थतन्त्रको आधार निर्माण गर्ने स्पष्ट सोचका साथ आर्थिक क्षेत्रको विस्तार गर्ने प्रतिबद्धता लिएको छ। उपरोक्त उपलब्धिहरू हासिल गर्न यस गाँउपालिकाले आर्थिक विकासका लागि देहायको दीर्घकालीन सोच तय गरेको छ।

***स्थानीय स्रोत, सीप र संस्कृति आधारित दिगो, समावेशी र आत्मनिर्भर आर्थिक विकास।***

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीय स्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने

उद्देश्य राखेको छ। जसका आधारमा आर्थिक विकास क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस गाउँपालिकावासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका एक पहाडी भूगोलमा अवस्थित स्थानीय तह हो, जहाँ कृषि र पशुपालन मुख्य जीविकाको आधार हो। यहाँको भौगोलिक स्वरूप, हावापानीको अनुकूलता तथा परम्परागत ज्ञान र सीपले कृषिको व्यवसायीकरणका लागि पर्याप्त सम्भावना र अवसरहरू प्रदान गर्दछ। खाद्यान्न, दलहन, तरकारी, तथा फलफूलका बालीहरू व्यावसायिक रूपमा उत्पादन गर्न सकिने स्पष्ट संभावना रहँदा पनि हालको अवस्था भने अझैपनि निर्वाहमुखी प्रणालीमा आधारित छ।

गाउँपालिकाले कृषिमा व्यवसायिक रूपान्तरणका लागि विविध कार्यक्रमहरूको सहजीकरण गर्दै आएको छ, जसमार्फत कृषकहरूलाई बीउ, मल, तालिम तथा प्रविधिमा पहुँच उपलब्ध गराइएको छ। कृषकहरूलाई सघाउन प्लास्टिक टनेल वितरण, बीउ तथा बाली संरक्षण सामग्री उपलब्ध गराउने, मौसमी तथा बहुमौसमी बाली विस्तार कार्यक्रम लगायतका प्रयासहरू जारी छन्। तरकारी तथा फलफूल उत्पादनमा उत्साहजनक वृद्धि भईरहेको छ, जसले स्थानीय बजार मात्र नभई बाह्य बजारमा समेत पहुँच बनाउन थालेको छ।

पशुपालनका क्षेत्रमा पनि उल्लेख्य सुधार आएको छ।भैंसी, बाख्रा, बंगुर तथा कुखुरा पालन व्यवसायिक रूपमा विस्तार भईरहेको छ। उपयुक्त हावापानी, परम्परागत ज्ञान र समुदायको लगावका कारण पशुपालन यहाँको प्रमुख आम्दानीको स्रोत बन्दै गएको छ। गाउँपालिकाले पशुपालन क्षेत्रलाई व्यवस्थित बनाउन पशुसेवा केन्द्रहरू मार्फत सेवाहरूलाई जनताको पहुँचमा पुऱ्याउने कार्य गर्दै आएको छ। साथै, नियमित खोप तथा औषधोपचार, तालिम तथा पशु स्वास्थ्य सचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरिंदै आएका छन्।

पछिल्लो समय मासु, तरकारी तथा फलफूलको उत्पादनमा सम्भावना देखिए पनि, यस्ता सम्भावनाका बाबजुद कृषिको व्यवसायीकरणको गतिमा अपेक्षित स्तरको प्रगति हुन सकेको छैन। खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न सकिएको छैन, र कुल खेतीयोग्य जमिनको ठूलो हिस्सा अझैपनि परम्परागत, श्रमकेन्द्रित र निर्वाहमुखी कृषि प्रणालीमा सीमित रहेको छ।

समुदायस्तरमा कृषकलाई सशक्त बनाउँदै, उत्पादन र बजारीकरणको प्रक्रियामा सघन सहभागिता गराउने हो भने रोजगारी सिर्जना, आय वृद्धि र जनजीविकाको स्तरमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। त्यसका लागि कृषि र पशुपालनलाई आधुनिक, व्यवसायिक, प्रतिस्पर्धी र मर्यादित पेशा बनाउनु आवश्यक छ। यस दिशा तर्फ गाउँपालिकाले दीर्घकालीन सोचसाथ बजेट तथा नीति निर्माण प्रक्रिया अघि बढाउँदै आएको छ, जसको उद्देश्य कृषि तथा पशुपालनलाई समृद्ध स्थानीय अर्थतन्त्रको मेरुदण्ड बनाउनु हो।

## ४.१.२ समस्या तथा चुनौती

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा कृषिको विविध सम्भावना हुँदाहुँदै पनि त्यसको अधिकतम उपयोग हुन सकेको छैन। कृषकहरूको उत्पादनशीलता वृद्धि र व्यवसायिक विकासमा निम्न समस्या र चुनौतीहरू प्रमुख छन्:

- प्रविधि र उपकरणको अभावः आधुनिक कृषि उपकरणको पहुँच नहुनु, उन्नत बीउ, जैविक मल, किटनासक औषधिको अभावले कृषिमा आधुनिकीकरणको गति सुस्त भएको छ।
- सिंचाइको समस्याः वर्षैभरि सिँचाइ सेवा पुऱ्याउने पानीको मुहानको पहिचान, संरक्षण र उपयोगमा कमजोरी रहेको छ। विद्यमान सिँचाइ संरचनाहरूको नियमित मर्मत, संभार र व्यवस्थापनको अभाव छ। खेतीयोग्य जमिनहरू बाजो राख्नाले उत्पादनमा कमि हुँदै गएको छ।
- स्थानीय बीउ तथा जातको संकटः स्थानीय तथा रैथाने जातका अन्नबाली, फलफूल र बीउहरू लोप हुँदै जानु र जलवायुअनुकूल खेती प्रणालीको विकास नहुनु प्रमुख चुनौती हो।
- प्राविधिक सहयोगको अभावः कृषकहरू समयमै आवश्यक कृषि सेवा, सूचना र प्राविधिक सहयोगबाट वञ्चित छन्। कृषिको विशिष्टीकरण, व्यापारीकरण तथा वैज्ञानिक व्यवस्थापनको ज्ञान कमजोर छ।
- पशुपालनमा पोषण र सेवा अभावः बारहमास पोषिलो पशु आहाराको अभाव, विशेषज्ञ पशु स्वास्थ्य सेवाको पहुँच नहुनु, नियमित खोप तथा उपचार सेवाको कमी।
- संस्थागत तथा सामाजिक पक्षको कमजोरीः कृषि पेसाको संस्थागत विकासमा कमजोरी छ। कृषकहरूलाई उत्पादनमुखी र व्यवसायिक बनाउने गरी पर्याप्त प्रेरणा तथा प्रोत्साहन अभाव छ।
- बजारको पहुँच समस्याः उत्पादन भएका पशुजन्य तथा कृषि उपजलाई प्रभावकारी रूपमा बजारसम्म पुऱ्याउने पूर्वाधार र सञ्जालको अभाव।
- गाउँपालिकामा पछिल्ला वर्षहरूमा जंगली जनावर, विशेषगरी बाँदर (बंदर) बाट हुने क्षतिको समस्या तीव्र बन्दै गएको छ। स्थानीय कृषकहरूले मेहनतपूर्वक लगाएको बाली, फलफूल तथा तरकारीमा बारम्बार बाँदरको आक्रमण हुने भएकाले उत्पादनमा उल्लेखनीय क्षति पुगिरहेको छ। यस समस्याका कारण कृषकहरूको मनोबल कमजोर हुँदै गएको छ, र कतिपयले परम्परागत रूपमा गर्दै आएको कृषि पेशाबाट विमुख हुने स्थिति उत्पन्न भएको छ। उत्पादनमा लगानी गरे पनि प्रतिफल नपाउँदा आर्थिक तथा सामाजिक रुपमा प्रभावित हुने कृषक वर्गको संख्या दिनानुदिन बढ्दो छ।

### ४.१.३ संभावना तथा अवसर

सङ्कट र सीमाबिच पनि दिप्रुङ चुइचुम्मा गाउँपालिकामा कृषि तथा पशुपालन क्षेत्रमा आशाजनक सम्भावना र अवसरहरू विद्यमान छन्, जसको उपयोग गरी दिगो आर्थिक विकास सम्भव छः

- बेमौसमी उत्पादनको मागः बेमौसमी तथा ताजा तरकारी उत्पादनका लागि बढ्दो माग रहेको छ।
- शीत भण्डारणको सम्भावनाः स्थानीय उत्पादनको दीर्घायु तथा मूल्य अभिवृद्धिका लागि शीत भण्डारण केन्द्र स्थापना गर्न गाउँपालिकाको विशेष प्राथमिकता रहेको छ।
- पशुपालनमा आकर्षणः किसानहरू उन्नत भैंसी, बाख्रा पालनतर्फ आकर्षित भईरहेका छन्। पशुपालनका लागि अनुकूल जलवायु र घाँसपातको उपलब्धता बलियो आधार हो।
- कुखुरा पालन व्यवसायमा सम्भावनाः बजार विस्तारसँगै कुखुराको माग उच्च छ, र व्यवसायीहरू यसतर्फ आकर्षित भइरहेका छन्।
- साना सिँचाइ प्रणालीको सम्भावनाः स्थानीय स्तरमा साना सिँचाइ प्रणालीमार्फत खाद्यान्न तथा तरकारी उत्पादन बढाउन सकिने सम्भावना छ।
- पशुजन्य उत्पादनमा बढ्दो मागः दूध, मासु, अण्डा, घ्यु आदिको मागमा वृद्धि भईरहेको छ, जसले स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउने अवसर दिन्छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोच**

उपरोक्त उल्लेखित विद्यमान अवस्था, अवसर र चुनौतीका आधारमा यस गाउँपालिकालाई कृषि तथा पशूपालन क्षेत्रको विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ ।

**व्यवसायिक कृषि र पशुपालना उत्पादन**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीयस्तरमा कृषि र पशुपालन पेशामा जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्य राखेको छ। जसका आधारमा कृषि विकास र पशुपालन क्षेत्रको कार्यक्रम तथा बजेटको व्यवस्था तय गरेमा यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

व्यवसायिक कृषि र पशुपालन क्षेत्रको पेशाका माध्यमबाट उत्पादन वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नुका साथै गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने।

**उद्देश्य**

कृषिको व्यवसायीकरणमा जोड दिँदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नुका साथै स्वस्थ पशुपंक्षीको उत्पादनमा वृद्धि गर्दै रोजगारीका अवसरहरू श्रृजना गर्ने।

**रणनीति**

- कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरी सेवा केन्द्रमार्फत सबै कृषकलाई सहज, गुणस्तरीय तथा नियमित सेवा प्रदान गरिनेछ।
- उपयुक्त स्थानहरूमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ। उत्पादनको मूल्य निर्धारण गरी तोकिएको मूल्यमा गाउँपालिकाले कृषकबाट उपज खरिद गरी बजारसम्म आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ।
- सबै वडामा कम्तिमा एउटा कृषि सहकारी संस्था स्थापना गरिनेछ।
- मल तथा बीउबिजनको सहज उपलब्धताका लागि वडागत रूपमा जनप्रतिनिधि र सहकारीको समन्वयमा वितरण प्रणाली सञ्चालन गरिनेछ।
- व्यवसायिक तथा अगुवा कृषकलाई आवश्यकताका आधारमा ८०% सम्म अनुदानमा आधुनिक कृषि उपकरण प्रदान गरिनेछ।
- स्वास्थ्य र आत्मनिर्भरतालाई ध्यानमा राख्दै, आयातित पेय पदार्थ तथा रक्सीजन्य उत्पादनलाई निरुत्साहित गरिनेछ। यसको सट्टा स्थानीय फलफूलको जुस तथा लोकल कोदोको रक्सीको ब्राण्डिङ, प्रशोधन र औद्योगिकीकरण गरिनेछ।
- बढ्दो वसाइँसराई न्यूनीकरण, बाँझो जमिनको उपयोग, र कृषि उत्पादन वृद्धिका लागि बजेटको व्यवस्था गरी जंगली जनावर र बाँदर नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- उन्नत जातका बीउबिजनमा सहुलियत दिन अगुवा कृषक, कृषक समूह, सहकारी तथा महिला समूहमार्फत अनुदान र प्राविधिक सहायता प्रदान गरिनेछ।
- "एक घर, एक प्लास्टिक टनेल" कार्यक्रमलाई अभियानका रूपमा विस्तार गरिनेछ र यसको नियमित अनुगमन गरिनेछ।
- कृषकको दर्ता तथा सूचीकरण गरी कृषि स्रोत केन्द्र स्थापना गरी तालिम, जानकारी तथा सेवा प्रवाह गरिनेछ।
- कृषिमा यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायिकरण गर्दै यसलाई मर्यादित पेशाको रूपमा विकास गर्न वडागत पकेट वा ब्लक कार्यक्रम लागू गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यवसायिक मौरीपालन, तेलहन, फलफूल, आलु र च्याउ खेतीलाई प्रवर्द्धन गरिनेछ।

- कृषक, उद्यमी, व्यवसायी र प्राविधिकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा सहजीकरण कार्यक्रम गरिनेछ।
- पशुपंक्षीबाट मानवमा सर्ने रोगबारे जनचेतना अभिवृद्धि गराई जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रम लागू गरिनेछ।
- बीउबिजन, कृषि उपकरण, विषादी लगायतका सामग्रीहरूको नियमित र पारदर्शी वितरण गरिनेछ।
- नगदेबालीको प्रवर्द्धनस्वरूप वडा नं. २, ५, ६ र ७ लाई चिया पकेट क्षेत्र घोषणा गरिनेछ र इच्छुक कृषकलाई चिया खेतीमा सहभागी गराई प्रोत्साहन गरिनेछ।
- नगदेबालीको प्रवर्द्धनस्वरूप टिमुर तथा किवी खेती लाई प्रोत्साहन गरिनेछ।
- निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी स्वरोजगार सृजना गरिनेछ। तरकारी, भैसी तथा बाख्रा उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ।

### ४.१.५ कार्यक्रम तथा आयोजना

- कृषि उत्पादन तथा भण्डारण पूर्वाधार विकास कार्यक्रम।
- क्षमता विकास कार्यक्रम तथा अनुदान सहयोग कार्यक्रम।कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।
- कृषि पकेट क्षेत्र बिकास अध्ययन कार्यक्रम, व्यवसायिक तरकारी पकेट क्षेत्र विकास कार्यक्रम।
- व्यवसायिक फलफूल वाली विकास कार्यक्रम।
- स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना (जुस आदी) कृषि उपज उत्पादन, प्रशोधन तथा वजारीकरण प्रबर्द्धन कार्यक्रम।
- कृषि पकेट क्षेत्र बिकास कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा तरकारी, फुलफुल तथा अन्न उत्पादन पकेट क्षेत्रको विकास, प्रबर्द्धन क्रियाकलापहरु सञ्चालन) रैथाने बाली संरक्षण कार्यक्रम (बिउ सकलन सरक्षण र बितरण)।
- तरकारी बजारीकरण कार्यक्रम (संकलन केन्द्र तथा चिस्यान केन्द्र स्थापना, स्थानीय बजार हाट बजारको प्रबर्द्धन, आदि)।
- व्यवसायिक पशुपंक्षी विकास कार्यक्रम।
- पशुपंक्षीपालन क्षमता विकास कार्यक्रम, पशु विकास पूर्वाधार निर्माण।
- पशुपंक्षी विकास कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।

- साना किसान प्रवर्धन कार्यक्रम (सहकारी तथा बचत समुहहरुको माध्यमबाट स्थानीय कृषकको उत्पादन प्रबद्र्धन, व्यवस्थापन तथा बजारीकरण गर्ने)।
- पशुपालन पकेट क्षेत्र निर्धारण कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा कुखुरा पालन, गाई, भैसी तथा बाख्रा पालन क्षेत्रको बिकास)।

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा

- व्यवसायिक कृषिको विकास भई कृषि उत्पादनले सही बजार र मूल्य प्राप्त गरी समुदाय स्तरको गरिवी निवारणमा उल्लेखनीय योगदान पुग्नेछ।
- फलफुल खेती, व्यवसायिक तरकारी खेति लगायत नगदेबालीहरूको विस्तार भई कृषकको जीवनस्तरमा वृद्धि आउनेछ।
- जमिन बांझो राख्ने प्रवृत्तिमा न्यूनीकरण भई जनताको खाद्य तथा पोषण सुरक्षामा सुधार भएको हुनेछ।
- कृषि उपजले व्यवस्थित वजार प्राप्त गरी किसानको आयस्तरमा वृद्धि हुनेछ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका कृषिमा आधारित अर्थतन्त्र भएको पहाडी भूभाग हो, जहाँ सिंचाइको प्रभावकारिता प्रत्यक्ष रूपमा कृषि उत्पादनसँग गाँसिएको छ। गाउँपालिकाभित्रका मुख्य नदीहरू, खोल्सा, र मौसमी मुहानहरूको उपयोग गरी साना तथा मझौला सिंचाइ योजनाहरू सञ्चालनमा रहेका छन्।विशेषगरी दिप्रुङ चुइचुम्मा नदी /खोला वरिपरिको फाँटहरू यस पालिकाको मुख्य अन्न उत्पादन क्षेत्र (पकेट क्षेत्र) मानिन्छन्।यस्ता क्षेत्रहरूलाई लक्षित गरी दीर्घकालीन सिंचाइ योजना निर्माण र पूर्वाधार विस्तार गर्नु आवश्यक छ।

### ४.२.२ समस्या तथा चुनौती

- सिंचाइको पहुँच सीमितः गाउँपालिकाको धेरैजसो खेतीयोग्य जमिनमा अझै पनि सिंचाइ सुविधा पुगेको छैन, जसका कारण उत्पादनमा स्थायित्व र वृद्धिमा अवरोध देखिएको छ।
- लागत अनुपातमा प्रतिफलको कमीः लागतअनुसारको योजना सञ्चालन भए पनि त्यसबाट अपेक्षित प्रतिफल प्राप्त नहुनु, वा योजनाहरू प्रभावकारी ढंगले कार्यान्वयन नहुनु प्रमुख चुनौती बनेको छ।

- संरचनाको दिगोपनको अभावः सञ्चालित योजनाहरूको नियमित मर्मत सम्भार तथा प्राविधिक निगरानी नहुनाले दीर्घकालीन उपयोगमा कठिनाइ उत्पन्न भएको छ।

## ४.२.३ संभावना तथा अवसर

- **साना तथा मझौला योजनाको विकासः** गाउँपालिकामा साना, मझौला, मौसमी तथा स्थायी सिंचाइ योजनाहरूको सफल कार्यान्वयनका लागि भौगोलिक र जल स्रोतगत सम्भावना पर्याप्त छन्।
- **१२ महिने सिँचाइको सम्भावनाः** नदी फाँट क्षेत्रमा बारहमास सिंचाइ सुविधा विस्तार गरी दोब्बर उत्पादन सम्भव छ, विशेष गरी धान, तरकारी, दलहन बालीहरूमा।
- **सामुदायिक सहभागितामूलक व्यवस्थापनः** सामुदायिक तहमा जल उपभोक्ता समूहहरू गठन गरी सिँचाइ योजना सञ्चालन गर्दा लागत न्यूनीकरण र दीर्घकालीन टिकाउपनामा टेवा पुग्ने देखिन्छ।

## ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा सिँचाई क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ ।

**प्राकृतिक जलस्रोतको अधिकतम उपयोग !**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थाई मात्रामा प्रविधिको प्रयोग गरी सिँचाई उच्च भुभागमा रहेका बारीहरूमा समेत सिंचाइ पुर्याई उत्पादनमा वृद्धि गर्ने सोच बनाएकोछ। यसले गर्दा गाउँपालिकावासीको जन जीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

सिंचाई योजनाहरूको उचित व्यवस्थापन मार्फत सिंचित क्षेत्रफल वृद्धि गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने।

**उद्देश्य**

सिंचाईका योजनाहरूको उचित व्यवस्थापन गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने ।

**रणनीति**

- साना तथा मझौला सिंचाइलाई दिर्घकालीन तथा पक्की संरचनामा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- सिंचाई सुबिधाको पूर्तिको लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ।

- सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकाशे पानी संकलन, लिफ्ट सिस्टम लगायत अन्य बैकल्पिक सिंचाई प्रविधिको विकास गरिनेछ।
- हिउँदे पोखरीहरुको निर्माणकार्यलाई निरन्तरता दिइनेछ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। मर्मत सम्भार कोषको विकास गरी उपभोक्ता समितिमा संकलित मर्मतसम्भार कोषबाट पारिश्रमिक सहित परिचालन गरिनेछ।
- निर्माण सम्पन्न भइसकेका सिंचाई प्रणालीहरुको मर्मत संभार एवं दीगो व्यबस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ।
- साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा कार्यक्रम दिने व्यवस्था गरिनेछ।

### ४.२.५ कार्यक्रम तथा आयोजना

- मूल संरक्षण, व्यवस्थापन तथा सिंचाई सुबिधा विस्तार कार्यक्रम।
- सिंचाई योजना निर्माण तथा मर्मत सम्भार।
- सिंचाई उपभोक्ता सामतिको क्षमता विकास तथा जनशक्ति व्यवस्थापन कार्यक्रम।
- नयाँ सिंचाई आयोजना निर्माण एवं संचालन।
- बैकल्पिक सिंचाई प्रणाली बिकास कार्यक्रम।

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा

- सिंचाई पूर्वाधारको विकास र विस्तार भई कृषि उत्पादनमा वृद्धि भएको हुनेछ।
- आत्मनिर्भरता र स्थानीय स्तरमा खाद्य सुरक्षाको अवस्था मजबुत हुनेछ।
- कृषिमा आधारित आयआर्जन बढ्ने, कृषकहरूको जीवनस्तरमा सुधार आउनेछ।
- सिँचाइ भएका क्षेत्रहरूमा व्यवसायिक खेती सम्भव भई वैदेशिक रोजगारी निर्भरता कम हुनेछ।
- सिंचाई सुविधाको सहज पहुँचले वर्षभरि खेती गर्न सकिने सम्भावना बढ्नेछ जसले कृषि उत्पादनमा उल्लेख्य वृद्धि ल्याउनेछ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका जातीय, सांस्कृतिक र धार्मिक विविधताले भरिएको, ऐतिहासिक तथा मौलिक पहिचान बोकेको पहाडी क्षेत्र हो। विशेषगरी राई समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा चाडपर्व, जात्रा, मौलिक नाचगान र धार्मिक सम्पदाहरूले यहाँको पहिचान, एकता र सामाजिक सम्बन्धलाई अझ मजबुत बनाएका छन्। यहाँ मनाइने प्रमुख हिन्दू पर्वहरूमा दशैं, तिहार, हरितालिका तीज, रामनवमी, शिवरात्रि, फागुपूर्णिमा, बुद्धपूर्णिमा, नागपञ्चमी, माघेसंक्रान्ति, साउने

संक्रान्ति, कृष्ण जन्माष्टमी, चैते दशैं, हरिशयनी एकादशी, हरीबोधिनी एकादशी, कुशे औंसी, भिमसेन पूजा आदिले स्थानीय धार्मिक आस्थालाई झल्काउँछ।

यसबाहेक, सोनाम ल्होसार, ग्याल्पो ल्होसार जस्ता ल्होसार पर्वहरू तथा साकेला नाच, लाखे नाच, बालन नाच, ओखे औंसीको तिथी साकेला नाच, गुरुबडाँडाको चौथी तिथीमा साकेला नाच, देवाली पूजा जस्ता मौलिक सांस्कृतिक अभिव्यक्तिहरूले थरुनी संस्कृतिको संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

स्थानीय मेलाहरूमा बिमिरे बालाचतुर्दशी मेला, टेम्माटार शनिबारको हाट, माघेसंक्रान्ति मेला, टेम्माटार देवीथानको पुर्णे बजार, टेम्माटार फागु, शान्ति माविको फागु उत्सव आदिले गाउँपालिकाको सांस्कृतिक सम्पदालाई सक्रिय बनाउँदै आएका छन्।

धार्मिक तथा ऐतिहासिक स्थलका रूपमा तीनकन्या देवी (मझौ), पञ्चकन्या देवी (बोफ्लु), जालपादेवी मन्दिर, दुर्गा मन्दिर लगायतका थुप्रै मठमन्दिर, देवस्थलहरू रहेका छन्, जसले धार्मिक पर्यटनको व्यापक सम्भावना बोकेको देखिन्छ। यस्ता चाडपर्व, नाचगान, हाटमेला र धार्मिक स्थलहरूले गाउँपालिकामा आन्तरिक पर्यटन विकास, सांस्कृतिक पर्यटन प्रवर्द्धन, तथा स्थानीय रोजगारी सिर्जना गर्ने सम्भावनालाई उजागर गरेका छन्।

## ४.३.२ समस्या तथा चुनौती

समस्या तथा चुनौती, पर्यटकहरूलाई निम्त्याउन अथवा यस गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूको जानकारी व्यवस्थित रूपमा दिने परिपाटी नभएको वा सो बारेमा व्यापक प्रचास प्रसार हुन नसकेको, भएका संभावनाहरूको पनि यथोचित संरक्षणको अभाव रहेको, युवा बर्गहरूमा आफ्नो संस्कृति प्रति उदाशीनता देखिएको, धार्मिक तथा पयर्टकीय स्थलहरूमा होम स्टेको व्यवस्था नहुनु, पर्यटन विकासका लागि गाउँपालिकासंग पर्याप्त बजेटको अभाव।

## ४.३.३ संभावना तथा अवसर

यो गाउँपालिकामा धार्मिक, साँस्कृतिक एवं पर्यापर्यटनका हिसावले ठुलो सम्भावना रहेको देखिन्छ। यस गाउँपालिकामा रहेको धिप्लुङ झरना, कोशी नदी किनारमा बिच निर्माण गरी बिदा मनाउनका लागि पर्यटनको विकासको द्वार बनाउन सकिन्छ। तथापि, यसकालागि गाउँपालिकाले पर्यटन क्षेत्रको वृहत्तर गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा समग्र आर्थिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनसक्ने देखिन्छ।

## ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा पर्यटन व्यवसायको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ ।

*दिप्रुङ चुइचुम्मा को पहिचान संस्कृति र पर्यटन*

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीयस्तरमा पर्यटन व्यवसायप्रति अधिकाधिक जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्य राखेको छ। जसका आधारमा पर्यटन क्षेत्रकालागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस गाउँपालिकावासीको जन जीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

गाउँपालिकावासीहरूको समग्र आर्थिक अवस्थामा सुधार ल्याउन धार्मिक तथा पर्या पर्यटन व्यवसायलाई यस गाउँपालिकाको अर्थतन्त्रको मुल आधार बनाईनेछ।

**उद्देश्य**

पर्यटन व्यवसायका मार्फत समुदाय स्तरमा स्वरोजगारी श्रृजना गरी आयआर्जनमा वृद्धि गर्ने।

**रणनिति**

- गाउँपालिकाको पर्यटन विकासका लागि गाउँपालिकाको समग्र पर्यटन सम्भाव्यताबारे अध्ययन गरी नीति तथा गुरूयोजना तर्जुमा गरिनेछ।
- गाउँपालिकाको छितापोखरीस्थित सुम्निमापारूहाङ पार्क-लाई पुनः निर्माण गर्दै पर्यटकीय क्षेत्रको रूपमा विस्तार तथा प्रचारप्रसार गरिनेछ। तहाँस्थित चिया बगान क्षेत्रको विस्तार गरी उक्त पार्कलाई वनभोजस्थलको रूपमा निर्माण गरिनेछ।
- साँस्कृतिक विविधता एवं प्राकृतिक सुन्दरताले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थलको सम्भावना भएका धिप्लुङ झरना, मैस्याङ डाँडा, जलजला ताल, चित्रेपातल, लहरेपैयु, स्यालगौडे, राम्चेडाँडालगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइनेछ।
- गाउँपालिकाभित्र रहेको भाषा, धर्म, संस्कृतिलाई जीवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ।
- गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ।
- गाउँपालिका र छिमेकी नगरगाउँपालिकाहरूभित्र बसोबास/ गर्ने साहित्य सर्जकहरूलाई साहित्य सृजनामा निरन्तर प्रोत्साहन गर्न गाउँपालिकाको आयोजनामा वृहत साहित्यक गतिविधि गरिने नीति लिइनेछ।
- गाउँपालिका स्तरीय साहित्य प्रज्ञा प्रतिष्ठान गठन गरि साहित्यिक गतिविधिका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।
- गीत संगीतपत्रकार ,िता र साहित्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिनेछ।
- धार्मिक केन्द्रहरूको प्रबर्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी सांस्कृतिक सङ्ग्रहालय बनाउन संघ र प्रदेश सरकार समक्ष पहल गरिनेछ।

- पर्यटन विकास तथा प्रर्वद्धन गर्न सरकारी, निजी, सहकारी र सामुदायिक संस्थासंग साझेदारी एवम सहकार्य गरिनेछ।

## ४.३.५ कार्यक्रम तथा आयोजना

- पर्यटन पूर्वाधारको बिकास, पर्यटन प्रबर्द्धन कार्यक्रम।
- दिप्रुङ चुइचुम्मा गाउँपालिकाको समग्र पर्यटन सम्भाव्यता पहिचान गर्न विस्तृत अध्ययन
- छितापोखरीस्थित सुम्निमा—पारुहाङ पार्कको पुनर्निर्माण कार्यक्रम
- धिप्लुङ झरना, मैस्याङ डाँडा, जलजला ताल, चित्रेपातल, लहरेपैयु, स्यालगौडे र राम्चेडाँडा जस्ता स्थलहरूमा पर्यटन पूर्वाधार निर्माण, पदमार्ग तथा सूचना प्रणाली स्थापना कार्यक्रम।
- गाउँपालिकाभित्र रहेका भाषा, धर्म, संस्कृति तथा परम्पराको संरक्षण र जगेर्नाका लागि विविध सांस्कृतिक कार्यक्रम।
- स्थानीय भाषा र साहित्यिक अभिव्यक्तिलाई संरक्षित राख्ने कार्यक्रम।
- गीत, संगीत, पत्रकारिता र साहित्य क्षेत्रमा अतुलनीय योगदान पु¥याउने व्यक्तिहरूलाई सम्मान गर्ने कार्यक्रम।
- होमस्टे पहिचान तथा प्रबर्द्धन कार्यक्रम (निजि तथा सरकारी साझेदारी)।

## ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा

- पर्यटकीय क्षेत्रहरूको पहिचान हुनुका साथै आवश्यक पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार भएको हुनेछ, जस्ले आन्तरिक पर्यटनमा सघाउ पुग्नेछ।
- धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र विकास हुनेछ।
- पर्यटन विकास गुरु योजना तयार गरी यससँग सम्बन्धित विविध कार्यक्रमहरू संचालन हुनेछन।
- प्राकृतिक र सांस्कृतिक स्थलहरूको प्रवर्द्धनले पर्यटन गन्तव्यको विविधता बढाउनेछ र आन्तरिक पर्यटकको संख्यामा वृद्धि ल्याउनेछ। राजस्वमा वृद्धि हुनुका साथै ग्रामीण क्षेत्रमा रोजगार सिर्जना हुनेछ।
- स्थानीय आयआर्जन बढाउनुका साथै सामुदायिक सहभागितामा आधारित साना व्यवसायहरूको सम्भावना सिर्जना हुनेछ।
- युवापुस्तालाई साहित्यमा रुचि बढाउने र सृजनात्मकता प्रवर्द्धन गर्ने अपेक्षा।
- समुदायमा सांस्कृतिक गर्व बढाउनेछ र सामाजिक सद्भाव प्रवर्द्धन गर्नेछ।

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका कृषिमा आधारित ग्रामीण अर्थतन्त्र भएको पहाडी क्षेत्र हो। यहाँको जनजीविका मुख्यतः कृषि, पशुपालन र स्थानीय श्रममा आधारित छ, तथापि पछिल्ला वर्षहरूमा सानातिना घरेलु उद्योग, लघु व्यवसाय, र सेवा क्षेत्र विस्तार हुँदै गएको देखिन्छ।यहाँको बजार प्रणाली अझै पनि साप्ताहिक हाटबजार र मौसमी व्यापारमा आधारित छ, जसले उपभोग्य वस्तुको आपूर्ति तथा उत्पादन सामग्रीको बिक्रीलाई सहज बनाएको छ। टेम्माटार शनिबार हाट, क्षेत्रीय साना पसलहरू, र स्थानीय किसान बजारले कृषक तथा उपभोक्ताबीचको सम्बन्धलाई टेवा पुऱ्याएका छन्। तर, अधिकांश उपभोग्य वस्तुहरू हालसम्म पनि बाह्य बजारबाट आयात गर्नुपर्ने अवस्था रहेको छ। आपूर्ति प्रणालीमा असन्तुलन, ढुवानी लागत महँगो हुनु, र उत्पादनजन्य व्यवसायको न्यून विकासले स्थानीय अर्थतन्त्रमा अपेक्षित गतिशीलता आउन सकेको छैन।

### ४.४.२ समस्या तथा चुनौती

- उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको स्थापनाका लागि पकेट क्षेत्रहरूको पहिचान हुन नसक्नु।
- व्यवसाय सञ्चालनका लागि आवश्यक लगानी, सीप, तालिम तथा प्रविधिमा पहुँचको कमी।
- स्थानीय उत्पादनको बजारीकरणमा समस्या र ब्राण्डिङको अभाव।
- यातायात पूर्वाधार कमजोर तथा ढुवानी लागत महँगो हुनु।
- व्यवसायसम्बन्धी नीति र योजना कार्यान्वयनमा कमजोरी तथा संस्थागत समन्वयको अभाव।
- महिला तथा युवाको व्यवसायिक क्षेत्रमा सहभागिता न्यून।
- उपयुक्त गोदाम, चिस्यान केन्द्र तथा वितरण प्रणालीको कमी।

### ४.४.३ संभावना तथा अवसर

- कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना (दूध, तरकारी प्रशोधन, मौरीपालन, अचार, आदि)।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरेर घरेलु तथा लघु उद्योग विस्तार (जस्तै‘ बाँस, आदि)।
- पर्यटनसँग जोडिएका सेवा व्यवसाय (होमस्टे, स्थानीय उत्पादन बिक्री) को विकास सम्भावना।
- सहकारी संस्थाहरूको सक्रियता मार्फत उत्पादन, भण्डारण तथा आपूर्ति प्रणाली सुदृढीकरण।
- युवा र महिलालाई लक्षित व्यावसायिक सीपमूलक तालिम तथा सहुलियत कर्जाको अवसर।
- व्यापार प्रवर्द्धन गर्न गाउँपालिका स्तरबाट नीति, योजना र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालनको सम्भावना।

## ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति

**दीर्घकालीन सोच**

यस गाउँपालिकामा उद्योग, बैंकिंग, र सहकारी व्यवसायको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**अर्थतन्त्रको मुख्य आधार**

**उद्योग, सहकारी तथा व्यापार**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीयस्तरमा उद्योग, बैंकिंग, सहकारी र व्यापारका क्षेत्रमा जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्य राखेको छ। यसकालागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरी यस गाउँपालिकावासीको जनजिविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

साना तथा घरेलु उद्योगमा जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने।

**उद्देश्य**

साना तथा घरेलु उद्योग व्यवसायलाई गाउँपालिकाको आर्थिक विकासम मूलप्रवाहीकरण गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना गर्दै आयआर्जनमा वृद्धि गर्ने।

**रणनीति**

- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसाय तथा उद्योगहरूको दर्ता तथा नियमन कार्यलाई सहज बनाउन सम्बन्धित निकायसँग समन्वय गरी व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।
- स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधार मानी लघु, घरेलु, साना तथा मझौला कुटीर उद्यमहरुलाई प्रोत्साहन गरिनेछ।
- लघु उद्यमका माध्यमबाट आय तथा रोजगारी सृजना गरिनेछ।
- घरेलु तथा साना उद्योग सम्बन्धी गाउँपालिकाको आधार-पत्र स्वीकृत गरी लागू गरिनेछ र गाउँपालिका भित्रका लघु उद्योगहरुको प्रबर्द्धन गरिनेछ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिइनेछ।
- विदेशबाट फर्किएका युवाहरूको सीप, क्षमता र अनुभवलाई एकीकृत गर्दै गाउँपालिकामै स्वरोजगारको अवसर सिर्जना गर्न नीति, रणनीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

- टपरी-दुना गाँस्ने, बत्ती कात्ने, खाँडी कपडा बुन्ने, नाङ्लो-डालो जस्ता परम्परागत घरेलु उद्यमहरूलाई नवप्रवर्तनका आधारमा आधुनिक घरेलु उद्योगका रूपमा रूपान्तरण गरिनेछ।
- महिलाको नाममा दर्ता भएको उद्योगलाई २५ प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- सहकारी तथा वित्तीय संस्थाहरूको पूँजीलाई लघु उद्यम विकास, रोजगारी सिर्जना, स्थानीय उत्पादन प्रवाह तथा बजारीकरणका क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा अधिकतम उपयोग गरिने र सहकारी नियमन प्रक्रिया सुदृढ बनाइनेछ।
- गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका सहकारी तथा बैंकहरूलाई अनिवार्य रूपमा दर्ता प्रक्रियामा ल्याइनेछ।
- निष्क्रिय सहकारी संस्थाहरूलाई कानुनी प्रक्रिया अनुसार खारेज गर्ने कार्य अघि बढाइनेछ।

## ४.४.५ कार्यक्रम तथा आयोजना

- स्थानीय सीप बिकास तालिम, स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना, उत्पादन संकलन तथा विपणन केन्द्र स्थापना।
- स्थानीय फलफूलको जुस तथा लोकल कोदोको रक्सीको ब्राण्डिङ, प्रशोधन केन्द्र स्थापना।
- स्थानीय स्रोतमा आधारित उद्योग विकास, लक्षित वर्ग स्वरोजगार कार्यक्रम (परम्परागत पेशामा आधारित व्यवसाय प्रवर्द्धन)
- स्थानीय उत्पादन बजारीकरण योजना ("एक वडा, एक ब्राण्ड" अभियान)
- सहकारी र निजी क्षेत्रसँग साझेदारीमा बजार सञ्जाल विस्तार
- विदेशबाट फर्किएका तथा बेरोजगार युवालाई व्यवसायिक योजना बनाएर सहयोग
- आवश्यक उपभोग्य सामग्रीको वडागत थोक बिक्रेता/डिपो स्थापना
- आपूर्ति अनुगमन र मूल्य नियमन प्रणाली
- कालोबजारी, कृत्रिम अभाव रोक्न निगरानी समिति सक्रियता
- सहकारीमा आधारित लघु उद्यम विकास योजना
- ई—कमर्श प्लेटफर्ममा गाउँपालिकाका उत्पादनहरूको प्रोफाइलिङ, डिजिटल मार्केटिङ तालिम

## ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा

- आय आर्जन तथा व्यवसायका लागि बैंकहरूमा ग्रामीण स्तरका जनताहरूको पहुंचमा वृद्धि भई जनताले थप कर्जा प्राप्त गर्नेछन।
- समुदाय स्तरमा परम्परागत तथा सानो लगानीमा घरेलु तथा साना उद्योगहरू स्थापना भई स्थानीय स्तरमा रोजगारीको सिर्जना हुनुका साथै आम्दानीमा वृद्धि भएको हुनेछ।

- समुदाय स्तरमा बचत गर्ने बानीको विकास हुनुका साथै आय आर्जन तथा व्यवसायका लागि सहकारी संस्थाहरूमा जनताको पहुँच बढनुका साथै स्थानीय स्तरमा रोजगारीको सृजना भएको हुनेछ।
- स्थानीय स्रोतमा आधारित उद्यम व्यवसायहरूको सृजना भई उद्यमीहरूको आय आर्जनमा वृद्धि हुनुका साथै गरिवी न्यूनीकरणमा टेवा पुग्नेछ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका पूर्वी खोटाङ जिल्लामा अवस्थित एक ग्रामीण तथा विकट भौगोलिक बनावट भएको पालिका हो, जहाँ प्रमुख पेशाको रूपमा कृषि, पशुपालन, वैदेशिक रोजगार र अनौपचारिक श्रम प्रणाली विद्यमान छन्। गाउँपालिकामा कुल श्रमशक्तिमध्ये अधिकांश श्रमिकहरू **कृषि क्षेत्रमा अल्प उत्पादनशील तथा पारम्परिक प्रणालीमा आधारित** कार्यमा संलग्न छन्। यद्यपि, **श्रमको उत्पादकता न्यून**, प्रविधिको पहुँच सीमित, तालिम तथा सीप अभाव, र बजारिकरणको अपर्याप्तताका कारण रोजगारीको अवसर सिमित रहेको पाइन्छ।

विदेश गएका युवाहरूबाट प्राप्त हुने रेमिट्यान्स (वैदेशिक आम्दानी) गाउँपालिकाको अर्थतन्त्रको एक प्रमुख हिस्सा हो, जसले परिवारको उपभोग र आधारभूत आवश्यकता पूर्ति गर्ने माध्यम बनेको छ। तर, विदेश निर्भरता अत्यधिक बढ्दो छ, र दीर्घकालीन दिगोपनको दृष्टिकोणले यो अवस्था चुनौतीपूर्ण छ। गाउँपालिकामा शिक्षित युवाहरूको बेरोजगारी दर उल्लेख्य देखिएको छ। सीपको अभाव, रोजगारीको अवसरको अभाव, तथा उद्यमशीलता प्रवर्द्धनको न्यून प्रयासका कारण स्थानीयस्तरमा श्रमशक्ति बेरोजगार वा बाह्य निर्भर अवस्थामा रहेको छ।

सामाजिक सुरक्षाको सन्दर्भमा हेर्दा, वृद्ध, अपाङ्गता भएका व्यक्ति, सुत्केरी महिला, एकल महिला, विपन्न वर्ग, बालबालिका लगायत लक्षित समूहको पहिचान गरिएको भए पनि सबै वर्गले पर्याप्त सेवा तथा सहयोग प्राप्त गर्न सकेका छैनन्। संघीय सरकारद्वारा सञ्चालित सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम लागू भए तापनि, स्थानीय स्तरमा सामाजिक सुरक्षा कार्यक्रमहरू अझ सुदृढ र प्रभावकारी बनाउने आवश्यकता देखिन्छ।

त्यसैगरी, श्रमिक वर्गको हकहित, कार्यस्थलको सुरक्षा, सीप अभिवृद्धि, श्रमिक दर्ता, तथा वैदेशिक रोजगारीको नियमन जस्ता विषयमा गाउँपालिका तहबाट नीति तथा कार्यक्रमहरू सशक्त रूपमा अघि बढाउनु पर्ने आवश्यकता छ।

### ४.५.२ समस्या तथा चुनौती

- स्वरोजगारको कमि, यूवा शक्तहरु वैदेशिक रोजगारीमा पलायन।
- शैक्षिक बेरोजगारीको स्थिति भयानक रहेको, आर्थिक रुपमा सक्रिय जनसंख्यालाई स्थानिय स्तरमानै रोजगारीका अवसरहरु सिर्जना गर्नु।)

- स्वरोजगार प्रवर्द्धन कार्यक्रमहरूको पहुँच न्यून
- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु, अन्तराष्ट्रिय श्रम बजारको पहिचान गर्नु।
- तालिम प्राप्त जनशक्तिको निम्ति सहि कामको उपलव्धता गराउनु।
- रोजगारिको अवसर सम्बन्धि सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्नु।

## ४.५.३ संभावना तथा अवसर

- स्थानिय तहमा नै रोजगारीको अवसरहरु धेरै सिर्जना हुने अवस्था।
- योगदानमा आधारित सामजिक सुरक्षा प्रणालीमा स्थानियको पहुँच।
- कृषि, सेवा क्षेत्रमा (शिक्षा, स्वास्थ्य, वित्तिय सेवा) निजि तथा सामुदायिक लगानी बढीरहेको।
- स्थानिय तहमा पूर्धारको निर्माण, सहकारी तथा साना उद्यम मार्फत स्वरोजगार ।
- पर्यटन, कृषि, सेवाक्षेत्र निजि तथा सामुदायिक लगानी बढीरहेको।
- वैदेशिक रोजगारबाट फर्किएका युवालाई उद्यममा लगाउने सम्भावना
- सामाजिक सुरक्षा योजनामा स्थानीय प्राथमिकता र समावेशिता विस्तार

## ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

- स्थानीयको रोजगारीको बृद्धि; दिप्रुङ चुइचुम्मा गाउँपालकिाको समृद्धि।
- व्यवसायीक सिपमूलक तालिमका अवसरहरु बृद्धि गर्दै प्रतस्पर्धी श्रमशक्तिको विकास गर्नु।
- स्थानीयस्तरमा रोजगारी सिर्जना तथा स्वरोजगार प्रवर्द्धन गर्ने।
- विदेशबाट फर्किएका श्रमिकहरूको सीप र अनुभवलाई उपयोग गर्दै पुनः एकीकरण गर्ने।
- काम गर्ने उमेर समूहका व्यक्तिहरूको सीप अभिवृद्धि तथा व्यवसायिक तालिम विस्तार गर्ने।
- सामाजिक सुरक्षा कार्यक्रमहरूलाई लक्षित समूहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- सहकारी, निजी क्षेत्र र सरकारी साझेदारीमा श्रममुखी उद्यमहरू स्थापना गर्ने।
- श्रमिक दर्ता तथा श्रमिकको हक—हित संरक्षण गर्न स्थानीय नीतिहरू बनाउने।
- संघ, प्रदेश र गाउँपालिकावाट सञ्चालित योजनाहरुमा रोजगार सूचना केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखेर काम गर्ने व्यवस्था मिलाइनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रममार्फत रोजगार सृजना गर्नको लागि आवश्यक साझेदारी रकमको सुनिश्चतिता गरिनेछ।
- एक घर एक रोजगार कार्यक्रम मार्फत रोजगारीको सुनिस्चिता गरि स्थानीय रोजगारीको प्रवर्द्धन गरिने नीति लिइनेछ।

### ४.५.५ कार्यक्रम तथा आयोजना

- युवा, महिलाहरू र बेरोजगार व्यक्तिहरूलाई खेती, पशुपालन, टाल्सीप (टपरी, नाङ्लो), सिलाई-कढाई, मिस्त्री जस्ता क्षेत्रमा तालिम प्रदान।
- प्रत्येक घरमा कम्तीमा एक व्यक्ति स्वरोजगार वा आयआर्जनमा संलग्न हुने सुनिश्चितता।
- विदेशबाट फर्केका युवाहरूको विवरण संकलन, व्यवसाय योजना निर्माण तालिम, अनुदान/सहुलियत ऋणमार्फत स्वरोजगारमा प्रोत्साहन।
- कृषि, पशुपालन, घरेलु उद्योग आदि क्षेत्रमा युवाहरूलाई व्यवसायिक उद्यम गर्न सहयोग।
- अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरूको दर्ता र उनीहरूलाई श्रमिक परिचयपत्र वितरण।
- वृद्ध, अपाङ्ग, एकल महिला, बालबालिका आदि लक्षित वर्गका लागि सामाजिक सुरक्षा भत्ता समयमै वितरण, नयाँ लक्षित वर्ग पहिचान।
- जनप्रतिनिधि, वडाध्यक्ष, महिला समूह र शिक्षकहरूमार्फत सामाजिक सुरक्षा तथा अधिकार सम्बन्धी जानकारीको विस्तार।

### ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा

- १००+ युवा श्रमिक व्यवसायिक तालिममा सहभागी।
- २०+ स्वरोजगार उद्यम स्थापना।
- ७ वटै वडामा श्रमिक दर्ता कार्यान्वयन।
- लक्षित वर्गको सामाजिक सुरक्षा पहुँच वृद्धि।
- स्थानीय रोजगारीको दरमा उल्लेखनीय सुधार।
- वैदेशिक रोजगारीमा निर्भरता क्रमशः घट्दै जाने।
- श्रमिकको हक—हितमा सशक्त संरक्षण।
- दिप्रुङ चुइचुम्मा समावेशी र श्रममैत्री पालिका बन्ने।
- श्रमिक हरुलाई वित्तिय सक्षारताको कार्यक्रम संचालन भएको हुनेछ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिका विविध जातजाति, भाषिक समूह र धार्मिक सहिष्णुताको समावेशी समाज भएको पहाडी ग्रामीण क्षेत्र हो। यहाँको सामाजिक संरचना परम्परागत गाउँ समुदायमा आधारित छ, जसमा पारिवारिक एकता, सामाजिक सहकार्य, धार्मिक विश्वास, र सामुदायिक सहजीवन विशेषताका रूपमा रहेका छन्। गाउँपालिकाभित्र राई, छेत्री, मगर, तामाङ, दमाई, कामी, सार्की लगायतका समुदायहरू बसोबास गर्दछन्। विभिन्न जातजाति र संस्कृति बोकेका समुदायहरूको सहअस्तित्वले गाउँपालिकालाई सामाजिक विविधता सम्पन्न बनाएको छ। सामाजिक जीवनमा परम्परागत चाडपर्व, संस्कृति, जातीय परम्परा, र सामाजिक संस्थाहरूको योगदान महत्वपूर्ण देखिन्छ।

पछिल्लो समयमा शिक्षामा पहुँच, स्वास्थ्य सेवामा विस्तार, महिला सहभागिता र सामाजिक सचेतनाको स्तरमा क्रमशः सुधार हुँदै गएको छ। विद्यालय, स्वास्थ्य संस्था, महिला समूह, युवा क्लब, आमा समूह, सहकारी संस्था आदि सामाजिक संस्था मार्फत जनसहभागिता आधारित विकास कार्यहरू अघि बढाइँदै छन्। तर, अझै पनि बालबालिका, महिला, दलित, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकजस्ता वर्गहरूलाई लक्षित सेवा प्रवाह र अवसरको पहुँच कमजोर रहेको देखिन्छ।

## ५.१ स्वास्थ्य सेवा

### ५.१.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य चौकीहरू, स्वास्थ्य इकाइहरू, बर्थिङ सेन्टरहरू, खोप केन्द्रहरू तथा आयुर्वेद केन्द्रहरू सञ्चालनमा छन्। गाउँपालिका कार्यालयले प्राथमिक स्वास्थ्य सेवा सर्वसुलभ, सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक संरचना विकास, जनशक्ति व्यवस्थापन तथा औषधि र उपकरण आपूर्तिमा जोड दिँदै आएको छ। 'हेल्लो डक्टर कार्यक्रम' सञ्चालन गरी पालिकाको स्वास्थ्य संस्थाबाट चौबिसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिरएको छ।

गाउँपालिकाले मातृ तथा शिशु मृत्युदर घटाउने, सुत्केरी तथा नवजात शिशुको सेवा सहज बनाउन बर्थिङ सेन्टरहरूलाई सशक्त बनाउने, खोप सेवा प्रभावकारी बनाउने, पोषण सुधार, सरुवा तथा गैर-संक्रमणीय रोगहरूको रोकथाम र उपचारको पहुँच विस्तार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

महिला स्वास्थ्य स्वयम् सेविका, आमा समूह, स्वास्थ्य संस्था व्यवस्थापन समिति, युवा स्वयंसेवक आदि सामुदायिक तहका संयन्त्रहरूको माध्यमबाट जनचेतना अभिवृद्धि र स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुगिरहेको छ। तथापि, स्वास्थ्य संस्थाहरूलाई भौतिक उपकरण सम्पन्न गर्नुपर्ने, आवश्यक

जनशक्तिको आपूर्ति गर्नुपर्ने, र जनशक्तिलाई स्थाई तथा दक्ष बनाउनुपर्ने खाँचो देखिन्छ। जिल्लाको कूल जनसंख्या स्वास्थ्यकर्मीहरूको अनुपात ज्यादै न्यून रहेको छ।

## ५.१.२ समस्या तथा चुनौती

- दुर्गम भौगोलिक अवस्थाका कारण सेवामा पहुँचमा असमानता।
- संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन्।
- प्राविधिक जनशक्तिको अभाव, विशेष गरी दक्ष स्वास्थ्यकर्मीको स्थायीत्व नहुनु।
- भवन तथा भौतिक पूर्वाधारहरूको अभाव वा जीर्ण अवस्था।
- नियमित औषधि तथा उपकरणको अभाव, आपूर्ति ढिलासुस्ती।
- जनचेतनाको कमीले गर्दा सरुवा रोग, कुपोषण, मातृ—शिशु मृत्युदर अझै कायम।

## ५.१.३ संभावना तथा अवसर

- स्वास्थ्यलाई पहिलो प्राथमिकता दिदै स्थानीय तहबाट स्वास्थ्य क्षेत्रमा लगानी बढी रहेको छ।
- स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार निर्माणको स्थापना। स्वास्थ्य स्वयंसेविका, युवा स्वयंसेवक र आमा समूहको सक्रियता।
- सबै वडा समेटने गरी एम्बुलेन्स सेवा संचालनमा रहेको।
- डिजिटल प्रविधिको उपयोग गरी टेलिमेडिसिन जस्ता सेवा प्रवाह सम्भावना।
- खानेपानी, सरसफाइ, पोषण र नियमित खोप कार्यक्रमले समग्र स्वास्थ्यमा सुधार ल्याउने सम्भावना।
- गाउँपालिकाको वार्षिक योजना तथा बजेटमार्फत प्राथमिक स्वास्थ्य केन्द्र सुदृढीकरणको सम्भावना।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै सबै वर्गसम्म सेवा पुऱ्याउने अवसर।

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा स्वास्थ्य क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरुका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**समृद्ध दिप्रुङ चुइचुम्माका लागिः आधारभूत स्वास्थ्य सेवाको ग्यारेन्टी**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीय स्तरमा गुणस्तरिय, प्रभावकारी र सहज स्वास्थ्य सेवामा जोड दिएको छ। जसमा सबै नागरिकहरूको समान पहुँच वृद्धि गर्ने गाउँपालिकाले उद्देश्य राखेको छ। जसका आधारमा स्वास्थ्य क्षेत्रको विकासका लागि

उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्यः** सबै नागरिकलाई स्वस्थ बनाई उत्पादनशील जनशक्तिको उत्पादन गर्ने।

**उद्देश्यः** स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरी गाउँपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता र पहुँच वृद्धि गरिनेछ।

**रणनीति**

- **हेल्लो डाक्टर कार्यक्रम** लाई थप व्यवस्थित गर्दै, सूचना प्राप्त भएको २ घण्टाभित्र सेवाप्रदान सुनिश्चित गरिनेछ; यसका लागि आवश्यक जनशक्ति थप र व्यवस्थापन गरिनेछ। **आधारभूत अस्पताल**लाई चौबीसै घण्टा सेवा प्रदान गर्न सुदृढ बनाइनेछ।
- "**समृद्ध दिप्रुङ चुइचुम्माका लागिः आधारभूत स्वास्थ्य सेवाको ग्यारेन्टी**" भन्ने नारालाई व्यवहारमा उतार्न प्रयोगशाला (ल्याब) सेवा विस्तार तथा आवश्यक स्वास्थ्य उपकरणहरूको व्यवस्थापन गरिनेछ।
- सबै स्वास्थ्य संस्थाबाट गर्भ परीक्षण र अल्ट्रासाउण्ड सेवालाई निरन्तर सञ्चालन गरिनेछ।
- वर्थिङ सेन्टरबाट शल्यक्रियाका लागि रेफर गरिएका गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवाद्वारा नेपाल सरकारका जुनसुकै अस्पतालसम्म पुऱ्याउने नीति अपनाइनेछ।
- स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरिनेछ, साथै "स्वस्थ बालक, समृद्धिको आधार" नारासहित गृहिणीहरूलाई बाल हेरचाह र पोषणसम्बन्धी तालिम प्रदान गरिनेछ।
- विशेषज्ञ डाक्टरहरूको उपस्थितिमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ, जसमा ल्याब परीक्षण पनि निःशुल्क गरिनेछ।
- प्रत्येक नागरिकले वर्षमा एकपटक स्वास्थ्य परीक्षण गर्न पाउने व्यवस्था गरिनेछ, रोग पहिचान भएसँगै समयमै उपचार सुनिश्चित गरिनेछ।
- २४ घण्टा प्रसुति सेवा केन्द्रहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्न 'एकीकृत प्रसुति सेवा केन्द्रको स्थापना तथा व्यवस्थापन गरिनेछ।
- मातृ तथा नवजात मृत्युदर घटाउन आकस्मिक स्वास्थ्य उपचार सेवा सन्चालन गरिनेछ, साथै घरमै शून्य प्रसुति घोषणा अभियानलाई टेवा पुऱ्याइनेछ।
- "संकेत समयको क्षयरोगको अन्त्य" नारालाई ध्यानमा राखी, टिबी खोज तथा पहिचान कार्यलाई निरन्तरता दिइनेछ।
- खोप तथा गाउँघर क्लिनिक सेवालाई व्यवस्थित गर्न प्रत्येक सेवा केन्द्रमा बाह्य खोप केन्द्र/क्लिनिक भवन निर्माण गरिनेछ, समुदायको सहकार्यमा।
- सामुदायिक स्वास्थ्य इकाइहरूको निर्माण, स्तरोन्नति तथा पूर्वाधार विकास गरी स्वास्थ्य सेवाको गुणस्तर र पहुँचमा वृद्धि गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई सबै नागरिकसम्म विस्तार गर्न, जनप्रतिनिधि, कर्मचारी, शिक्षक आदिको अनिवार्य स्वास्थ्य बीमा गरिने नीति अपनाइनेछ।

- स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा उपकरण अभाव हुन नदिने गरी बजेट व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाले सञ्चालनमा ल्याएको अस्पतालमा X-Ray र पोस्टमार्टम सेवा सुरु गरिनेछ।
- सबै विद्यालयहरूमा प्राथमिक उपचार बक्स र प्राथमिक उपचार तालिमको व्यवस्था गरिनेछ।
- नसर्ने रोगहरुको प्रकोपको न्यूनीकरणको लागि स्वास्थ्य प्रवर्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ।
- समयानुकूल आइपर्ने रोगहरूको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ। महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाई लागू गरिनेछ। सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य पूर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाइनेछ।
- बञ्चितीकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तरता गराउने, स्वास्थ्य आमा समूहलाई थप सुद्धीकरण गराउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ उत्प्रेरित गरिनेछ।
- हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ। गुणस्तर सुधारका कार्यक्रमहरु लागु गरिनेछ।
- गर्भवति जांच एवं स्वास्थ्य संस्थामा सुत्केरी गराउने जस्ता अभियानलाई लागू गरिनेछ। यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ।
- स्वस्थ परिवार, स्वस्थ गाउँ" जस्ता अभियानहरु संचालन गरिनेछ।
- योगाभ्यास गरौं, स्वस्थ रहौं भन्ने मुलमन्त्रका साथ गाउँपालिकाका सबै वडाहरुमा योग शिविर सञ्चालनको लागि पहल गरिनेछ।
- नियमित आधारभूत स्वास्थ्य सेवामा गरिव, सीमान्कृत, दलित, महिला, बालबालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी सञ्चालन गरिनेछ।
- यस गाउँपालिकामा जडिवुटी खेतीको विस्तार गरि, जडिबुटी प्रशोधन केन्द्र स्थापनाको लागि संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ। साथै आयुर्वेद सेवाको प्रचार प्रसार र थप व्यवस्थित गरिनेछ।

### ५.१.५ कार्यक्रम तथा आयोजना

- स्वास्थ्य सेवा पूर्वाधार विकास कार्यक्रम।
- स्वास्थ्य सेवा विस्तार प्रोत्साहन कार्यक्रम|
- उपकरण तथा उपचार व्यवस्थापन कार्यक्रम।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित सेवा कार्यक्रम
- स्वास्थ्य स्वयंसेविका र जनस्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम।
- बालमैत्री तथा महिला—मैत्री सेवा केन्द्र स्थापना।
- 'हेल्लो डाक्टर कार्यक्रमलाई सुदृढ गर्दै २ घण्टाभित्र घरमै सेवा पुऱ्याउने व्यवस्था।
- आधारभूत अस्पतालमा २४ घण्टा सेवा प्रवाहको लागि दक्ष जनशक्ति र उपकरण व्यवस्थापन।
- सबै स्वास्थ्य संस्थामा गर्भ परीक्षण र अल्ट्रासाउन्ड सेवा सञ्चालन
- वर्थिङ सेन्टरबाट रेफर भएका महिलालाई निःशुल्क एम्बुलेन्स सेवा
- मातृ तथा नवजात मृत्युदर घटाउने आकस्मिक स्वास्थ्य उपचार कार्यक्रम
- विद्यालय र समुदायस्तरमा स्वास्थ्य सचेतना, पोषण तथा बाल स्याहार तालिम
- विद्यालयहरूमा प्राथमिक उपचार बक्स र तालिमको व्यवस्था
- सामुदायिक स्वास्थ्य इकाइको निर्माण, स्तरोन्नति तथा पूर्वाधार विकास
- विशेषज्ञ डाक्टरसहित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन
- फरक फरक किसिमका नसर्ने रोग बाट बच्नको लागि कम्तिमा वर्षको एक पल्ट मिर्गौला, B-Sugar, मुटु को चेक गर्ने बेवास्था मिलाइनेछ।

### ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा

गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता भई महिला, बालबालिका लगायत सीमान्तकृत वर्गको स्वास्थ्य सेवामा पहुँच वृद्धि भई गाउँपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार आएको हुनेछ। स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा औषधी, उपकरणको उपलब्धतामा वृद्धि भएको हुनेछ।

- नागरिकहरूले समयमै घरमै द्रुत स्वास्थ्य सेवा (२ घण्टाभित्र) प्राप्त गर्न सक्ने अवस्था कायम हुनेछ।
- २४ घण्टा गुणस्तरीय सेवा दिने आधारभूत अस्पतालको स्थापनाले आकस्मिक सेवा, प्रसूति सेवा लगायतका सुविधा स्थानीय तहमै सहज रूपमा उपलब्ध हुनेछ।
- गर्भ परीक्षण, अल्ट्रासाउन्ड, ल्याब, X-Ray र पोस्टमार्टम सेवाको स्थानीय पहुँच स्थापित भई स्वास्थ्य केन्द्रको भरपर्दो सेवा प्रवाह सुनिश्चित हुनेछ।
- गर्भवती महिलालाई शल्यक्रियाका लागि सहज एम्बुलेन्स सेवा मिल्ने हुँदा मातृ तथा शिशु मृत्युदरमा कमी आउनेछ।
- बालबालिकाको पोषण, स्याहार र सरसफाइमा सुधार भई बाल स्वास्थ्यमा गुणात्मक प्रगति हुनेछ।

- विशेषज्ञ चिकित्सकमार्फत सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविरहरूले ग्रामीण भेगमा लुकेका रोगहरूको पहिचान र उपचारमा सहयोग पुग्नेछ।
- प्रत्येक व्यक्तिले वर्षमा एकपटक स्वास्थ्य परीक्षण गर्न सक्ने वातावरण तयार भई रोगको समयमै पहिचान र उपचार सम्भव हुनेछ।
- विद्यालयमा प्राथमिक उपचार बक्स तथा तालिमको व्यवस्थाले बालबालिकाको स्वास्थ्य सुरक्षामा सुधार आउनेछ।
- स्वास्थ्य संस्थामा आवश्यक औषधि र उपकरण उपलब्ध भएपछि सेवाको गुणस्तरमा वृद्धि हुनेछ।
- जनशक्तिको क्षमता अभिवृद्धि हुँदै गएपछि सेवा प्रवाहमा प्रभावकारिता, जवाफदेहिता र नागरिक सन्तुष्टि बढ्नेछ।
- बालमैत्री, महिला—मैत्री र जेष्ठ नागरिक—मैत्री सेवा केन्द्रहरूको स्थापनाले समावेशी सेवा सुनिश्चित हुनेछ।

## ५.२ शिक्षा तथा विज्ञान

### ५.२.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका पूर्वी नेपालको पहाडी भेगमा अवस्थित भएकोले यहाँको भौगोलिक अवस्थाले शिक्षामा पहुँचलाई केही हदसम्म प्रभावित पारेको छ। यद्यपि, पछिल्लो समय शिक्षामा स्थानीय सरकारको सक्रियता, समुदायको सहभागिता र अभिभावकहरूको सचेतना वृद्धि भएसँगै शैक्षिक पहुँचमा उल्लेखनीय सुधार आएको छ।

गाउँपालिकामा प्राथमिकदेखि माध्यमिक तहसम्मका विद्यालयहरू, बालविकास केन्द्र, तथा अपाङ्गमैत्री विद्यालयहरू समेत संचालनमा छन्। शिक्षामा सबैको समान पहुँच, गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, र पूर्वाधार विकासमा गाउँपालिकाले प्राथमिकता दिएको छ।

### ५.२.२ समस्या तथा चुनौती

- दुर्गम भूगोल र यातायातको अभावका कारण शिक्षालयसम्म बालबालिकाको नियमित पहुँचमा समस्या।
- शिक्षण सिकाइको गुणस्तरमा कमी तथा सिकाइ उपलब्धिमा न्यून प्रगति।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको न्यून उपलब्धता र प्रभावकारिता।
- शिक्षालयहरूमा भौतिक पूर्वाधारको कमी (शौचालय, खानेपानी, कम्प्युटर प्रयोगशाला आदि)।
- बालबालिका, महिला, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र विपन्न वर्गको शिक्षामा पहुँच कमजोर।
- सूचना प्रविधि आधारित शिक्षण पद्धति अझै प्रभावकारी रूपमा लागू हुन नसक्नु।

## ५.२.३ संभावना तथा अवसर

गाउँपालिका क्षेत्रको कुल जनसङ्ख्याको ७७.२ प्रतिशत व्यक्तिहरू साक्षर रहेको देखिन्छ, जसमध्ये पुरुषको साक्षरता दर महिलाको साक्षरता दर भन्दा धेरै रहेको छ। तथापि चेतनाका विषयमा कतिपय समस्याहरू यस गापामा अझैपनि बिद्यमान छन।

- संघीय र प्रदेश सरकारसँगको सहकार्यमा विद्यालय स्तरोन्नति र पूर्वाधार निर्माणका अवसर।
- डिजिटल प्रविधि र प्रविधि आधारित शिक्षण (Smart Class, E-learning) प्रवर्द्धन गर्ने सम्भावना।
- सीपमूलक, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी रोजगारमुखी शिक्षा प्रणाली विकास गर्ने अवसर।
- विभिन्न गैर-सरकारी संस्था (NGOs/INGOs) सँग सहकार्यमा शिक्षाको गुणस्तर सुधार गर्ने सम्भावना।
- बालविकास केन्द्र तथा विद्यालयमा पोषण, स्वच्छता, स्वास्थ्य कार्यक्रम एकीकृत गरी बालमैत्री वातावरण सिर्जना गर्ने सम्भावना।




*चित्र १२: साक्षरता दर (जनसंख्याको प्रक्षेपण २०७८).*

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा शैक्षिक क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**दिप्रुङ चुइचुम्मा गाउँपालिकाको इच्छा, पहुँच र गुणस्तरसहितको बालमैत्री प्रविधिमैत्री व्यावसायिक तथा समतामूलक शिक्षा**

उल्लेखित दीर्घकालीन सोंच हासिल गर्नका लागि दिप्रुङ चुइचुम्मा गाउँपालिकाले सबै सरोकारवालाहरू सँगको साझेदारीमा समग्र शैक्षिक प्रणालीमा सुधार गर्ने उद्देश्य राखेको छ जसका

आधारमा शैक्षिक क्षेत्रको विकासका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्यः** गाउँपालिकाको भावी स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्न मार्फत गाउँपालिकाको सामाजिक आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनु। वि.स. २०९० सम्म बालमैत्री, प्रविधिमैत्री, व्यावसायिक, सीपमूलक, समतामूलक,पहुँचयोग्य तथा गुणस्तरिय शिक्षाको व्यवस्थापन भएको हुनेछ।

**उद्देश्यः** विद्यालय भर्ना प्रकृयालाई सहज बनाई गुणस्तरीय शिक्षा प्रवाह गरिनुका साथै व्यावसायिक, प्राविधिक शिक्षा सम्बन्धी पूर्वाधार निर्माण गर्ने।

**रणनीति**

- **हाम्रो सामुदायिक विद्यालय, राम्रो सामुदायिक विद्यालय** भन्ने नारा तय गरी सामुदायिक विद्यालयको शैक्षिक तथा भैतिक गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ।
- विद्यालय शिक्षाको आधारको रुपमा रहेको बाल विकास केन्द्रलाई व्यवस्थित शैक्षिक सामग्रीयुक्त बालमैत्री कक्षा कोठा तयार गर्ने नीति लिइनेछ।
- शिक्षकविद्यालय कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका ,प्रधानाध्यापक , ,कार्यशाला ,नीतिगत तालिम ,पदाधिकारीको क्षमता विकासका लागि विषयगत तालिम प्रदान-अनुभव आदानकार्यक्रमभ्रमण रोष्टर समूह गठन तथा परिचालन लगायतका , आवश्यक व्यवस्था मिलाइनेछ। नियमित कार्यक्रम सञ्चालनका लागि
- कार्यसम्पादनमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ। कार्यसम्पादनमा सूचकहरु गाउँ शिक्षा समितिले निर्माण गरी कार्यान्वयन गर्नेछ।
- विद्यालयको संस्थागत क्षमता विकासको लागि शैक्षिक अनुदान तथा तालिम आदिको व्यवस्था गरिनेछ। स्थानीय समुदाय तहको मौलिक (भाषा, संस्कृति, कला, साहित्य, संगीत आदि) ज्ञान सीप संरक्षण एवं प्रबर्द्धन गर्न सहयोग गरिनेछ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा लगाओ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यार्थी संख्या, कक्षागत र विषयगतको आधारमा शिक्षक दरबन्दीको मिलान गरिनेछ। गाउँका सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरी गाउँ तथा वडा कार्यालय बाट अनुगमन गरिनेछ।

- सबै विद्यालयमा विद्युतीय सूचना प्रविधि (इन्टरनेट, इमेल, बेभसाइड, गाउँ एप्स आदि) सञ्चालन गर्न सहयोग गरिनेछ।
- आर्थिक तथा सामाजिक रुपमा विपन्न, सीमान्तकृत समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अध्ययनको लागि छात्रवृत्ति कोष स्थापना गरी छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकतामा आधारित शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिने छ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम, शिक्षकको तहगत तथा विषयगत तालिम ,लेखा कर्मचारी तथा कम्प्युटर शिक्षकको लागि आइसिटी तालिम प्रदान गरिनेछ।
- शिक्षासँग सम्बन्धित गैरसरकारी संस्था, कम्पनी, व्यक्तिगत कन्सल्टेन्सी फर्महरुको सेवालाई अनुगमन, मुल्यांकन र नियमन गरिनेछ।
- **"न्यूनतम एक विद्यालय एक योजना"** भन्ने नारालाई सार्थक वनाउन अति आवश्यक खानेपानी, घेरावारा, शौचालय निर्माणका साथै अति आवश्यक भौतिक संरचना निर्माणका नीति लिइनेछ ।
- संस्थागत विद्यालयहरुका लागि शुल्क निर्धारण गर्ने, अनुगमन नियमन गरी प्रभावकारी गराईनेछ।
- गैर सरकारी संघसंस्थाहरुसँगको सहकार्यमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पाँच वर्ष भित्रमा प्रत्येक वडामा कम्तिमा एउटा नमूना र आवासिय विद्यालय बनाउने कार्यको थालनी गरिनेछ। शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गरिनेछ।
- बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ।

## ५.२.५ कार्यक्रम तथा आयोजना

- शैक्षिक पूर्वाधार विकास कार्यक्रम।
- शिक्षा गुणस्तर अभिबृद्धि कार्यक्रम।
- विद्यार्थी भर्ना तथा निरन्तरता अभिबृद्धि कार्यक्रम|
- समावेशी शिक्षा प्रबर्द्धन कार्यक्रम (दृष्टिबिहिन तथा बहिराका लागि विशेष शिक्षा),

- विद्यालय व्यवस्थापन समिति र अभिभावक संघको क्षमता अभिबृद्धि कार्यक्रम (तालिम, अभिमुखीकरण, गोष्ठी),
- बालिकाका लागि महिनावारी शिक्षा कार्यक्रम (सबै विद्यालयमा विशेष कक्षाहरु सञ्चालन, तालिम)।
- माध्यमिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम (विज्ञान प्रयोगशाला निर्माण र उपकरणहरू उपलब्ध गराउने, ।CT प्रयोगशाला स्थापना)
- स्थानीय सीपमा आधारित तालिम (जैविक कृषि, पशुपालन, सिलाइ-कढाइ, कम्प्युटर)
- शैक्षिक संरचनाहरूको सुदृढीकरण (पुस्तकालय निर्माण तथा पढ्ने संस्कृति विकास, विद्यालय तथा शिक्षक नियमित अनुगमन प्रणाली विकास)
- विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन कार्यक्रम (विद्यालयस्तरीय विज्ञान मेला तथा परियोजना कार्य, नवप्रवर्तनशील विद्यार्थीहरूको प्रोत्साहन र अनुदान कार्यक्रम)
- स्थानीय कला, संस्कृति, भाषा र इतिहास आधारित पाठ्यक्रम विकास

## ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा

- सवै विद्यालय भवनहरू बालमैत्री तथा अपांग मैत्री, तथा शौचालय मैत्रीका रूपमा निर्माण भई शिक्षाको अबसर सवैलाई प्राप्त भएको हुनेछ।
- डिजिटल र प्रविधिमा पहुँच भएको शिक्षण प्रणाली (सबै विद्यालयहरूमा लाईब्रेरी तथा डिजिटल पद्धतिको विकास भई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुनेछ।)
- समावेशी र सर्वसुलभ शिक्षामा सुधार (सवै बर्ग, क्षेत्र र समुदायका विद्यालय उमेरका सम्पूर्ण वालवालिकाहरू विद्यालयमा भर्ना भई स्कुल तहसम्मको शिक्षा पुरा गर्नेछन, जसको परिणामस्वरूप कूल साक्षरतामा वृद्धि भएको हुनेछ)।
- युवा तथा विद्यार्थीहरूका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराई ब्यक्तित्व विकासमा योगदान हुनेछ।
- विद्यार्थीहरूको सिकाइ स्तरमा गुणात्मक सुधार
- विद्यालयमा विद्यार्थी भर्ना दर तथा उपस्थिति वृद्धि
- सीपमूलक र प्राविधिक शिक्षाबाट युवालाई स्वरोजगार

# ५.३ महिला, बालबालिका तथा लक्षित वर्ग

## ५.३.१ पृष्ठभूमि

जहाँ महिला सहभागिता त्यहाँ विकासमा परिपक्वता भने झैं महिला सहभागीताले पनि यस गाउँपालिकामा प्राथमिकता पाउन थालेको छ। यस गाउँपालिका भित्र वसोवास गर्ने धेरै परिवारका महिलाहरू सहकारी संस्थामा आबद्ध छन। समाजको हित तथा दीगो विकासका लागि यस गाउँपालिकामा रहेका सामाजिक संघ संस्थाहरूले गाउँपालिका भित्र विभिन्न तह तथा क्षेत्रहरूबाट विभिन्न प्रकारका योगदानहरू पुर्याइरहेका छन। सामाजिक संघ संस्थाहरूमा वन उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समूह, नागरिक मञ्च, सहकारी संस्था आदि पर्दछन। विकासको क्रमलाई नियाल्दा देशका अन्य ठाउहरू सरहने यहाँ पनि महिलाको अवस्थामा उल्लेखनीय सुधार आउन सकेको छैन।तथापि, अधिकांश वासिन्दा तथा शिक्षित परिवारले भने छोरा, छोरीलाई समान अवसर प्रदान गर्नु पर्ने कुरा विस्तारै महसुस गर्न थालेको पाइन्छ।

## ५.३.२ समस्या तथा चुनौती

महिला समूह तथा समितिहरूमा सबै महिला आबद्ध नभएको, विद्यालय बीचमा नै छोड्ने, बालमैत्री विद्यालय नभएको, महिलाहरूमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव तथा विशेष शिक्षा प्रणालीको अभाव रहेको देखिन्छ। महिला हिंसा, यौन दुर्व्यबहार, बहुविवाह, बाल विवाह जस्ता घटनाहरू समाजमा कायम नै रहे पनि उजुरी नहुने कारणले पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकिरहेको छैन। छोरी जन्मिए विभिन्न सुविधा दिने कार्यक्रमहरू ल्याउन सकेका छैन भने निणर्य प्रकृयामा सहभागिता र सेवामा समान पहुँचको कमि पाइन्छ।

## ५.३.३ संभावना तथा अवसर

साक्षर तथा सामाजिक तथा आर्थिक रूपमा महिलाको उच्च स्थान हुनुका साथै सामाजिक समावेशीकरण र महिलाको हितका सम्बन्धमा कानूनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरूले केही सकारात्मक परिवर्तन भएका छन। महिला अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ। वडास्तरमा महिला संजालहरू गठित र कृयाशील रहेका छन। गाउँपालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भईसकेको छ। महिला समूह आबद्ध रहेको, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागिता बढ्दो रहेको, किशोर किशोरी शिक्षा तुलनात्मक रूपमा वृद्धि हुँदै गएको पाईन्छ।

## ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**<u>दीर्घकालीन सोच</u>**

पुरुष सरह महिला र बालबालिका तथा जेष्ठ नागरिकहरूको अवसर माथी समान अधिकार र पहुँच स्थापना गर्नका लागि यस क्षेत्रका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

## विकासका लागि महिला, जेष्ठ नागरिक र बालबालिका !

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले स्थानीयस्तरमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई सेवा प्रबाह र निर्णय प्रकृयामा समान सहभागिता गराउने उद्देश्य राखेको छ। उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस गाउँपालिका वासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई उच्च सम्मान दिँदै समतामूलक समाजको निर्माणमा जोड दिने।

**उद्देश्य**

सशक्तीकरण मार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने।

**रणनीति**

- बालमैत्री स्थानीय सरकारको लागि तोकिएका सूचकहरु पुरा भएका वडाहरुलाई वालमैत्री वडा घोषणा गरिने छ। बाल मैत्री घोषणा भएका वडामा आगामी आ.व. देखि थप बजेट ब्यवस्था गरिनेछ।
- वालवालिकाको सहभागितामा वालवालिका सम्बन्धी कार्यक्रहरु तर्जुमा गर्ने नीति लिइनेछ।
- वालविवाह, अनमेल विवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- वालविवाह मुक्त गाउँपालिका बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विशेष अभियान सञ्चालन गरिनेछ।
- वालवालिकाहरुको समग्र विकासका लागि खेलकुद, मनोरञ्जन तथा सूचना प्रविधि सम्वन्धी कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
- गाउँपालिकालाई महिलामैत्री गाउँपालिका बनाउन नीति निर्माणका हरेक तहमा कम्तिमा ३३% महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ।
- गाउँस्तर र वडास्तरमा महिला सञ्जाल तथा समूह गठन गरी महिलाहरुलाई आर्थिक, सामाजिक, राजनीतिक रुपमा शसक्तीकरण गरिनेछ।
- लैंगिक महिला हिंसा मुक्त गाउँपालिका बनाउन बिभिन्न संस्थाहरुको सहयोगमा कार्यक्रमहरु सञ्चालन गरिनेछ। महिला नेतृत्व विकासमा जोड दिईनेछ।
- महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न सीप तथा आयमूलक तालिमहरु सञ्चालन गरी महिलाहरुको आय आर्जन तथा रोजगारीमा वृद्धि गरिनेछ।

- बेचविखनमा परेर स्वदेश फर्किएका, वैदेशिक रोजगारीमा गई हिंसामा परेर स्वदेश फर्किएका, अलपत्रमा परेका महिलाहरुका लागि पुनर्स्थापना र सामाजिक पुनमीलनको व्यवस्था गरिनेछ।
- **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- विपन्नताका कारण दैनिक जीविकोपार्जनमा कठिनाई भोगिरहेका विपन्न महिला तथा एकल महिलाहरुको समूह गठन गरी उनीहरुलाई सीप र प्रविधिको माध्यमबाट स्वरोजगार बनाई आर्य-आर्जनको अवसर सिर्जना गरी जीविकोर्पाजनमा सहयोग गरिनेछ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- लक्षित तथा विपन्न वर्गको सशक्तीकरणका लागि आवश्यक तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

## ५.३.५ कार्यक्रम तथा आयोजना

महिला सशक्तिकरण तथा उद्यम प्रवर्द्धन

- महिला समूह तथा सहकारीहरूलाई उत्पादनमुखी अनुदान/तालिम (सिलाई-कढाई, ब्यूटी पार्लर, खाद्यान्न प्रशोधन आदि)
- घरेलु तथा लघु उद्यम स्थापना गर्न सीपमूलक तालिम
- महिला उद्यमशीलताको प्रवर्द्धनका लागि सहुलियत ऋण सुविधा

लैङ्गिक समानता तथा हिंसा न्यूनीकरण कार्यक्रम

- लैङ्गिक हिंसाविरुद्ध जनचेतना कार्यक्रम (स्कुल, समुदाय केन्द्रित)
- महिला हेल्प डेस्क/सुरक्षा कक्ष स्थापना
- बाल विवाह, बालश्रम, महिला बेचबिखन रोकथाम सम्बन्धी सचेतनामूलक कार्यक्रम

बालबालिका कल्याण तथा संरक्षण

- बालमैत्री स्थानीय शासन (CFLG) मापदण्डको कार्यान्वयन
- बाल क्लबहरूको सुदृढीकरण तथा नेतृत्व विकास तालिम
- विद्यालयमा पोषणयुक्त खाना कार्यक्रम/स्वास्थ्य परीक्षण

अपांगता भएका व्यक्तिहरूको सामाजिक समावेशीकरण

- पहुँचयुक्त पूर्वाधार निर्माण (शौचालय, विद्यालय, भवन)
- अपांगता भएका व्यक्तिलाई आवश्यक सहायक सामग्री वितरण (wheelchair, hearing aid आदि)

- सीप विकास तथा स्वरोजगार अभिमुख कार्यक्रम

ज्येष्ठ नागरिक कल्याण कार्यक्रम

- नियमित स्वास्थ्य परीक्षण शिविर
- ज्येष्ठ नागरिक मैत्री केन्द्र/दिवा सेवा केन्द्र स्थापना
- सामाजिक सुरक्षा भत्ता वितरणको प्रभावकारी व्यवस्थापन

दलित तथा अल्पसंख्यक सशक्तिकरण कार्यक्रम

- सीप विकास तालिम (लक्षित समूहमा केन्द्रित)
- दलित बस्तीमा आधारभूत सेवा र पूर्वाधार विकास (पानी, बिजुली, बाटो)
- बालिका/दलित छात्रवृत्ति कार्यक्रम

सुरक्षित आवास तथा राहत सहयोग कार्यक्रम

- एकल महिला, अपांगता भएका व्यक्ति, विपन्न परिवारका लागि आवास सहायता
- विपद् प्रभावित लक्षित वर्गलाई राहत तथा पुनर्स्थापना कार्यक्रम

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा

- बालबालिका तथा जेष्ठ नागरिकको समग्र विकासका लागि नीतिगत अवस्थामा भएका सुधारहरू कार्यान्वयनमा आई सबै किसीमका बिभेदहरूको अन्त्य हुनेछन।
- महिला सशक्तीकरणद्वारा उनीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याई नीति निर्माण तहमा महिला सहभागितामा वृद्धि गर्ने।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, एबं एकल महिलाहरूले सामाजिक सुरक्षा प्रत्याभूति गरेका हुनेछन।
- बालबालिकाको संरक्षण, पोषण र सिकाइमा सुधार।

## ५.४ युवा तथा खेलकुद

### ५.४.१ पृष्ठभूमि

युवावर्ग कुनै पनि राष्ट्रको परिवर्तनशील शक्ति र विकासको मेरूदण्ड हो। दिप्रुङ चुइचुम्मा गाउँपालिकामा २० देखि ४९ वर्ष उमेर समूहका व्यक्तिहरू गाउँपालिकाको कुल जनसंख्याको ३५.८८ प्रतिशत रहेको तथ्यांकले देखाउँछ, जसले यहाँको जनशक्ति अत्यन्तै उर्जाशील रहेको संकेत गर्छ। युवाहरूको सीप, श्रम, सिर्जनशीलता, र आत्मविश्वास राष्ट्र निर्माणमा प्रयोग गर्न सकिने ठूलो पुँजी हो। गाउँपालिकाले युवाहरूलाई सामाजिक, राजनीतिक, आर्थिक, तथा सांस्कृतिक जीवनमा सक्रिय बनाउन र उनीहरूको सहभागिता सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरूको थालनी गर्दै आएको छ।

खेलकुदको क्षेत्रमा समेत यस पालिकामा फुटबल, भलिबल प्रतियोगिता, र स्थानीय परम्परागत खेलहरू प्रचलनमा छन्। तर, व्यवस्थित योजना, प्रशिक्षक र आवश्यक पूर्वाधारको अभावले खेलकुद क्षेत्रले अझै पूर्ण गति लिन सकेको छैन।

### ५.४.२ समस्या तथा चुनौती

स्थानीय तहको योजना तर्जुमा, अनुगमन कार्यान्वयन प्रकृयाकामा युवा सहभागिताको न्यूनता सार्वजनिक निर्णय प्रकृयामा स्थानीय हरूको न्यून सहभागिता;

- युवा सहभागिता नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा कार्यान्वयन प्रक्रियामा न्यून।
- गाउँपालिकामा युवा लक्षित नीति, कार्यक्रम र बजेटको समावेश नगर्नु।
- युवाहरू सामाजिक हानिकारक प्रवृत्ति (जुवा, मद्यपान, लागुपदार्थ आदि) विरुद्ध सक्रिय हुन नसक्नु।
- युवानीति २०६६ स्थानीय स्तरमा कार्यान्वयन नहुनु।
- युवा सञ्जालको अभाव तथा सञ्जाल नहुँदा समन्वय र क्रियाशीलता कमजोर हुनु।
- स्वरोजगार, सीपमूलक तथा प्राविधिक तालिम कार्यक्रमहरूको न्यूनता।
- खेलकुदको विकासमा लगानीको कमी, प्रशिक्षक, सामग्री तथा सम्मानको अभाव।
- युवा लक्षित बैंकिङ तथा वित्तीय सेवामा पहुँच कमजोर हुनु।

### ५.४.३ संभावना तथा अवसर

- गाउँपालिकामा समाजमा लैङ्गिक समता, सामाजिक मेलमिलाप, र सहअस्तित्वको सकारात्मक वातावरण विद्यमान छ।
- शिक्षित, सक्षम र सक्रीय युवा वर्गको उपस्थिति गाउँपालिकाको समृद्धिको बलियो आधार बन्न सक्छ।
- युवालाई लक्षित गरी सीपमूलक तालिम, स्टार्टअप सहयोग कार्यक्रम, कृषि तथा पशुपालनमा आधारित उद्यमशिलता प्रवर्द्धन गर्न सकिने सम्भावना।
- खेलकुद पूर्वाधार विकास (खेल मैदान, सामग्री, तालिम) र प्रतियोगिता आयोजना गरी युवा सहभागिता बढाउन सकिने अवसर।
- युवा सञ्जाल, युवा क्लब र स्वयंसेवक समूह स्थापना तथा सशक्तिकरण गर्न सकिने सम्भावना।
- स्थानीय सीप र संसाधनमा आधारित रोजगारीको सिर्जना गरी वैदेशिक पलायन न्यूनीकरण गर्न सकिने सम्भावना।
- खेलकुद र सांस्कृतिक गतिविधि मार्फत सामाजिक सद्भाव र युवा नेतृत्वको विकास सम्भव।

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**दीर्घकालीन साँच**

यस गाउँपालिकामा युवा र युवा वर्गलाई खेलकुद र विकासमा समावेश गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**नेतृत्वमा युवा !**

**नबिन सोंच र बिचारमा सहभागिता !!**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले युवा वर्गको सबलिकरणका लागि युवा नेतृत्व विकासको उद्वेश्य राखेको छ। उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी गाउँवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

युवा बर्गलाई खेलकुद र विकासमा समावेश गरी नेतृत्वका लागि सबलिकरण गरिनेछ।

**उद्देश्य**

गाउँका सवै निकायहरूमा युवाहरूलाई समावेश गरी आर्थिक सशक्तीकरण तथा सामाजिक जनचेतनाका माधयम द्वारा युवा वेरोजगारी न्यूनीकरण गर्ने। खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्ने।

**रणनीति**

- युवा स्वरोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। युवाहरुलाई स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्न जोड दिइनेछ।
- गाउँस्तरीय खेलकुद विकास समितिबाट गाउँका विभिन्न विधाका खेलकुदका गतिविधिहरुलाई योजनाबद्ध तरिकाबाट सञ्चालन गरिनेछ।
- महिला तथा पुरुष भलिवल प्रतियोगिताहरु लगायत एथ्लेटिक्स सम्बन्धी खेलकुदहरु अन्तर विद्यालय सञ्चालन गरिनेछ। अध्यक्षकप प्रतियोगिता सञ्चालन गरिनेछ।
- वालवालिका तथा युवाहरुको शारीरीक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ।
- इनडोर गेमको प्रर्वद्धनको लागि मागको आधारमा कवर्डहल निर्माण गरिनेछ। ५ बर्ष भित्रमा “एक वडा एक खेल मैदान" निमार्ण पुरा गरिनेछ।
- युवा तथा खेलकुद गतिविधिलाई अगाडी वढाउन यस क्षेत्रमा क्रियाशील संघ, संस्था तथा क्लवहरुसंग सहकार्य गरिनेछ।
- बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप, विद्यालय NCC Training तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ।

- खेल क्षेत्र जनशक्ति उत्पादन गर्न खेल एकाडमी को बेवास्था गरिनेछ।
- गाउँमा दर्ता भएका युवा खेलकुद क्लबहरुलाई प्रोत्साहन हुने खालका कार्यक्रम ल्याइने छ।
- विजेता खेलाडीहरुलाई हौसला प्रदान गर्न पुरस्कारको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट गाउँ भित्रका संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालनहुने कार्यक्रममा आवश्यक जनशक्तिहरुको विवरण संकलन गरि सरकारी तथा गैर सरकारी रोजगारदाता हरुले स्थानीय उपलब्ध जनशक्तिलाई प्राथमिकता दिनुपर्ने बेवास्थापन मिलाइनेछ।
- बेरोजगारी यूवाहरुलाई स्वारोजगार बनाउन विशेष कार्यक्रम बनाईनेछ।
- गाउँबाट सञ्चालन हुने सबै खाले विकास निर्माणका कामहरुमा अनिवार्य रुपमा स्थानीय जनशक्तिलाई समावेश गरी रोजगार सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

### ५.४.५ कार्यक्रम तथा आयोजना

युवाको सीप विकास तथा रोजगारी प्रवर्द्धन कार्यक्रम

- बेरोजगार युवालाई लक्षित गरी सीपमूलक तालिम (इलेक्ट्रिसियन, प्लम्बिङ, मोबाइल मर्मत, ट्यालेन्ड कृषि, पशुपालन आदि)
- स्वरोजगार प्रवर्द्धन गर्न स्टार्टअप/नवप्रवर्तनशील व्यवसायका लागि अनुदान तथा सहुलियत ऋण

युवा नेतृत्व विकास तथा सहभागिता अभिवृद्धि कार्यक्रम

- युवा क्लबहरूको सशक्तिकरण र सञ्जाल निर्माण
- नीति निर्माण प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने कार्यक्रम
- सामाजिक सेवा तथा स्वयम्सेवा कार्यक्रम (रक्तदान, सरसफाइ, विपद् व्यवस्थापन तालिम)

खेलकुद पूर्वाधार विकास

- वडास्तरीय खेल मैदान/मल्टी-स्पोर्ट्स ग्राउण्ड निर्माण वा स्तरोन्नति
- भलिबल, फुटबल, कबड्डी, दौड, टेबल टेनिस जस्ता खेल सामग्री वितरण

खेलकुद प्रतियोगिता तथा प्रतिभा पहिचान कार्यक्रम

- पालिकास्तरीय, अन्तर-पालिका तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन।
- विद्यालयस्तरीय खेलकुद कार्यक्रम र अभ्यास सत्र
- प्रतिभावान खेलाडी छनोट गरी प्रशिक्षकसहित विशेष तालिम (coaching camp)

युवा स्वास्थ्य र मनोपरामर्श कार्यक्रम

- मानसिक स्वास्थ्य, लत नियन्त्रण (मादक पदार्थ, धूम्रपान आदि) सम्बन्धी जनचेतना
- जीवन—कौशल तालिम (Life Skill Training)

सांस्कृतिक गतिविधि र सिर्जनात्मक युवा कार्यक्रम

- युवा लक्षित सांस्कृतिक मेला, नृत्य/गीत/कविता प्रतियोगिता
- साहित्यिक क्लबहरू तथा सिर्जनात्मक गतिविधिमा प्रोत्साहन
- ग्रामीण पर्यटन र युवा गाइड तालिम कार्यक्रम

## ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा

- युवाहरूमा सीप विकास भई रोजगारी तथा आत्मनिर्भरता वृद्धि
- खेलकुदको विकासले समुदायमा स्वास्थ्य र अनुशासन प्रवर्द्धन
- सामाजिक उत्तरदायित्वमा युवाको सहभागिता
- प्रतिभावान खेलाडीहरूको पहिचान तथा खेल क्षेत्रमा प्रगति
- युवाहरूको सकारात्मक उर्जा र रचनात्मकता समुदाय विकासमा उपयोग

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा हालसम्म यातायातको लागि ट्र्याक खोल्ने कार्य सबै ७ वडामा सम्पन्न भइसकेको छ। यद्यपि अधिकांश सडकहरू ग्राभेल विहीन, कच्ची र मोसमी प्रकृतिका छन्, जसका कारण वर्षाको समयमा आवागमनमा कठिनाइ उत्पन्न हुने गर्दछ। नालीको व्यवस्था नभएका कारण सडकहरू धुलाम्मे छन्, जसले वातावरणीय प्रदूषणसमेत बढाएको छ। बस्तीहरूलाई वडा तथा पालिका केन्द्रसँग जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकता दिइए पनि ती सडकहरूको स्तरवृद्धि आवश्यक देखिन्छ। बस्ती विकासको सन्दर्भमा, गाउँपालिकाभित्रका घर तथा बस्तीहरू छरिएर रहेका छन्।हालसम्म बस्ती विकासका लागि स्पष्ट नीति तथा योजना नहुँदा बस्तीहरू अनियोजित रूपमा विस्तार भइरहेका छन्। त्यसैले दीर्घकालीन समाधानका लागि विशेष गरी बजार क्षेत्रहरूमा एकीकृत र व्यवस्थित बस्ती विकास गर्नुपर्ने आवश्यकता देखिन्छ।

उर्जाको दृष्टिकोणबाट हेर्दा अधिकांश घरधुरीमा विद्युत सेवा पुगेको छ र उज्यालोका लागि प्रयोग भइरहेको छ। संचार सेवाको अवस्था समेत क्रमशः सुदृढ बन्दै गएको छ, जसअनुसार गाउँपालिका कार्यालय, वडा कार्यालय तथा अन्य सेवा केन्द्रहरूमा इन्टरनेट सेवा उपलब्ध छ, र स्थानीय नागरिकहरूले समेत यसको प्रयोग गर्न थालेका छन्।

यी समग्र अवस्थाहरूलाई हेर्दा गाउँपालिकाको भौतिक पूर्वाधार विकासको रणनीतिक लक्ष्य व्यवस्थित बस्ती विकास, स्तरीय सडक सञ्जाल, सफा उर्जा तथा सुदृढ संचार प्रणालीको पहुँच विस्तार गर्नु हो। आगामी दिनहरूमा सबै वडाहरूलाई १२ महिना सञ्चालन गर्न सकिने सडक सञ्जालले जोड्ने, खानेपानीको लागि थप योजनाहरू निर्माण गर्ने तथा सञ्चालनमा रहेका योजनाहरूलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने, साथै विद्युत र संचार सेवाको विस्तारमा जोड दिने कार्यलाई प्राथमिकतामा राखिएको छ। यसका लागि गाउँपालिकाले निम्नानुसारको दीर्घकालीन सोच तय गरेको छ।

**"सुरक्षित र प्रविधिमैत्री पूर्वाधार"**

दीर्घकालीन दृष्टिकोणका आधारमा भौतिक पूर्वाधार विकास क्षेत्रका कार्यक्रम र बजेटको प्रभावकारी व्यवस्थापन गरिएमा गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार हुने विश्वास लिएको छ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकाका अधिकांश बस्तीहरू भिरालो तथा विकट भू—भागमा अवस्थित छन्। अधिकांश घरधुरीहरू गरिबीको रेखामुनि जीवन यापन गर्दै आएका छन्, जसको जीविकोपार्जन परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा आधारित छ। बस्तीहरू प्रायः डाँडाकाँडा तथा टाढाटाढा

छरिएका स्थानमा रहेका छन्, जसले आधारभूत सेवा तथा पूर्वाधार (जस्तै बाटो, खानेपानी, स्वास्थ्य सेवा, र संचार) पुऱ्याउन कठिन बनाएको छ।

हाल वर्षेनी जथाभावी ढंगले खोलिएका ग्रामिण पहाडी सडकहरूको विस्तारले दीर्घकालीन रूपमा वातावरणीय तथा संरचनागत समस्या निम्त्याउने खतरा बोकेको छ। गाउँपालिकाको विकास प्रयासमा गरिब तथा विपन्न समुदायहरूलाई नेतृत्वदायी भूमिकामा समावेश गराई मुख्य प्रवाहमा ल्याउनु ठूलो चुनौतीको रूपमा देखिएको छ।

## ६.१.२ समस्या तथा चुनौती

प्राकृतिक मनोरम दृष्य, वातावरणीय तथा जैविक दृष्टिकोणले सन्तुलित भौगोलिक अवस्था भएपनि यहाँ जीवन यापनका लागि कठिनाई रहेको छ। पुरानो बस्ती हुनु, मापदण्ड अनुसारका भवन नहुनु पूर्वाधारको विकास नहुनु यहाँको बस्ती विकासका लागि प्रमुख चुनौतीहरू रहेका छन।

- भिरालो भौगोलिक बनावटका कारण संरचनागत विकासमा कठिनाइ।
- पुराना बस्तीहरूमा भवन निर्माण मापदण्डको अनुपालन नहुनु।
- पूर्वाधारको अभाव'जस्तै सुरक्षित आवास, पहुँचयुक्त सडक, सार्वजनिक भवनहरूको न्यूनता।
- गरिबी, बेरोजगारी र सामाजिक बहिष्करणका कारण बस्ती सुधार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिन।
- एकीकृत बस्ती विकास योजना नहुँदा अव्यवस्थित र असुरक्षित बसोबासको समस्या बढ्दो छ।

## ६.१.३ संभावना तथा अवसर

- सडक पहुँचसँगै भौगोलिक रूपमा उपयुक्त स्थानहरूमा व्यवस्थित शहरी तथा ग्रामीण बस्ती विकास गर्न सकिने अवसर।
- सार्वजनिक स्थलहरू'जस्तै पाटी-पौवा, सामुदायिक भवन, खेलमैदान आदि'लाई संरक्षण र उपयोग गरेर सामाजिक पूर्वाधार बलियो बनाउन सकिने सम्भावना।
- पर्यटकीय सम्भावना बोकेका प्राकृतिक स्थलहरू तथा खुला जमिनहरूको दीर्घकालीन योजना बनाएर वातावरणमैत्री पूर्वाधार विकास गर्न सकिने अवसर।
- मौलिक बस्ती संरचना र सांस्कृतिक सम्पदाको संरक्षणसँगै आधुनिक सुविधायुक्त आवास विकास गर्न सकिने आधार।
- एकीकृत बस्ती विकास कार्यक्रममार्फत विपन्न वर्गलाई आवासीय सुरक्षा र सामाजिक समावेशीतामा जोड दिन सकिने अवसर।

## ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**<u>दीर्घकालीन साँच</u>**

यस गाउँपालिकामा भवन तथा बस्ती विकासकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोच गरिएको छ।

**व्यवस्थित भवन निर्माणमा सामाजिक चेतना !**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस गाउँपालिकाले समुदायको संग्लग्नता वृद्धि गर्ने उद्देश्य राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउने भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

समुदायको सक्रिय सहभागिता वृद्धि गरी व्यवस्थित तथा दिगो बस्ती निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ।

**उद्देश्य**

सार्वजनिक पूर्वाधार निर्माण व्यवस्थाको सहकार्यमा निर्माण गरी प्रभावकारी लागु गर्ने।

**रणनीति**

- गाउँ भित्रको प्रमुख बजारहरुमा स्वच्छ सफा, सुन्दर बजार विशेष कार्यक्रम ल्याइनेछ।
- सबैका लागि सुरक्षित र सुलभ आवास लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ।
- नेपाल सरकार, प्रदेश सरकार र दातृसंस्थाको सहयोगमा ५ वर्ष भित्रमा स्वास्थ्य चौकीहरुको नयाँ निर्माण तथा पुनः निर्माण सवलीकरण तथा मर्मत सम्भार गरिनेछ।
- एकीकृत वस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ। सो स्थानमा सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ।
- सुरक्षित आवास एवं भवन निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ अनुसार भूमिलाई वर्गीकरण गरी आवासीय क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्र तोकिए बमोजिम भूउपयोग गर्ने कार्यको कार्यान्वयन गरिनेछ। बस्ती तथा आवासलाई व्यवस्थित गर्न एकीकृत भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- स्थानीय प्रविधि र उपलब्ध निर्माण (स्थानीय सम्पदा, स्थानीय निर्माण सामग्री र स्थानीय भवन प्रविधिहरू प्रवर्द्धन गर्ने) सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ।
- समुदायको क्षमता अभिवृद्धि गरी भूकम्प लगायतका प्रकोपबाट हुने जीउधनको नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

- सार्वजनिक, सरकारी, गुठी, सामुदायिक र ऐलानी पर्ति जग्गाको अभिलेख राखि जग्गाको संरक्षण गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण गरिने सरकारी तथा निजी भौतिक संरचनाहरूको नक्सा पास कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रको निजी तथा गुठी जग्गाहरुको सरकारी मूल्यमा पुनर्मूल्याङ्कन गरी राजश्वको दायरामा समेट्ने नीति अवलम्बन गरिनेछ।
- निर्माण हुने भौतिक संरचनाहरुला लैगिकमैत्री, वालमैत्री तथा अपागमैत्री निर्माण गरिनेछ।
- विभिन्न समुदायहरुमा अवस्थित सार्वजनिक सेवाका भवनहरुको जोखिम विश्लेषणका साथ क्षमता अभिवृद्धि गर्दै विपद व्यवस्थापन तथा पुर्वतयारीका लागि विकास गरिने नीति लिईने छ।
- सुरक्षित भवन निर्माणका आचार संहिता तथा न्यूनतम मापदण्डहरु कार्यन्वयन गरिने छ। विकास निर्माणमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको गाउँपालिकास्तरीय मापदण्ड तोकी पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- प्रकोपको जोखिममा रहेका बस्ति, भौतिक संरचना आदिलाई हटाइने, या अन्यत्र स्थानान्तरण गरिने छ।

## ६.१.५ कार्यक्रम तथा आयोजना

- भूउपयोग नीति तर्जुमा।
- सार्वजनिक पूर्वाधार विकास कार्यक्रम।
- आवास तथा बस्ती सुरक्षा कार्यक्रम।
- भवन आवास निर्माण मापदण्ड (Building Code) कार्यान्वन।
- एकीकृत बस्ती विकास कार्यक्रम।
- सुरक्षित आवास निर्माणका लागि क्षमता विकास कार्यक्रम।
- भवन निर्माणमा निर्माण संहिता/भवन कोडको कार्यान्वयन।
- इन्जिनियरिङ सुपरिवेक्षण तथा प्राविधिक अनुगमन सुदृढ।
- बहुउद्देश्यीय सामुदायिक भवनहरू (संगठनात्मक बैठक, तालिम, बिपद् उपयोग) निर्माण।
- विपन्न, दलित, एकल महिला, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि आवास निर्माणमा अनुदान कार्यक्रम।
- भूकम्प प्रतिरोधी तथा विपद् सहनशील आवास प्रवर्द्धन।
- भूगोल, जोखिम र पहुँचअनुसार बस्ती वर्गीकरण तथा पूर्वाधारको मास्टर प्लान निर्माण।

### ६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा

- सुरक्षित, व्यवस्थित र दिगो बस्तीको विकास,
- लक्षित वर्गको जीवनस्तरमा सुधार र आवास सुरक्षामा वृद्धि,
- सार्वजनिक सेवा पहुँचमा सुधार,
- भवन निर्माणमा प्राविधिक मापदण्डको पालना,
- स्थानीय स्रोत, सीप र समुदायको उपयोगबाट टिकाउ विकास।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सडक पूर्वाधार विस्तारको काम तीव्र रूपमा अगाडि बढिरहेको छ। हालसम्म गाउँपालिकाका सबै ७ वटा वडाहरूमा ट्याक खोल्ने कार्य सम्पन्न भइसकेको छ। अधिकांश बस्तीहरू पालिका केन्द्र तथा वडा केन्द्रसँग ग्रामिण सडकमार्फत जोडिएका छन्, जसले आवागमनमा सुधार ल्याएको छ। यद्यपि ती सडकहरू प्रायः कच्ची, धुलाम्मे, नालीविहीन तथा मौसममा भर पर्ने किसिमका छन्। सडकसँगै साना-साना पुलहरू आवश्यक रहेका छन्, तर हाल पुल निर्माणमा ध्यान पर्याप्त नदिइएको देखिन्छ। स्थानीय बासिन्दाले मोटरसाइकल, जीप, ट्याक्टर आदि साधन प्रयोग गर्न थाले पनि यातायात सेवा नियमित, सुरक्षित र सस्तो छैन।

### ६.२.२ समस्या तथा चुनौती

- अधिकांश सडकहरू कच्ची र ग्राभेलविहीन छन्, जसले वर्षायाममा आवागमन अवरुद्ध गराउँछ। नाली नहुँदा सडकहरू छिट्टै बिग्रने, धुलो-माटोले प्रदूषण बढाउने समस्या।
- पुल तथा कल्भर्टहरूको अभावले आवागमन कठिन भएको अवस्था।
- यातायात साधनको सीमितता, अनियमित सेवा र उच्च भाडादर।
- अनियोजित रूपमा खोलिएका ट्र्याकहरूले वातावरणीय क्षति तथा भू-स्खलनको जोखिम निम्त्याउने सम्भावना।
- प्राविधिक अध्ययन विना सडक निर्माण हुँदा दीर्घकालीन रूपमा खर्चिलो बन्ने अवस्था।

### ६.२.३ संभावना तथा अवसर

- ट्याक विस्तार भइसकेका क्षेत्रमा ग्राभेल, नाली, कल्भर्ट तथा पिच कार्य सम्पन्न गरी दिगो सडक प्रणाली बनाउन सकिने आधार।
- पालिका केन्द्र तथा बजार क्षेत्रहरूलाई अन्य गाउँपालिका वा जिल्लासँग जोड्ने अन्तरपालिका सडक निर्माणमार्फत व्यापार र आवागमनको सहजता बढाउन सकिने।

- रणनीतिक स्थानहरूमा झोलुंगे पुल तथा पक्की पुल निर्माण गरी बस्तीहरू जोड्न सकिने सम्भावना।
- वातावरणीय दृष्टिकोणलाई ध्यानमा राखी टिकाउ र भूकम्प-सुरक्षित पूर्वाधार निर्माण गर्ने अवसर।
- प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरी ठूला यातायात आयोजनाहरू कार्यान्वयन गर्ने सम्भावना।

## ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति

**दीर्घकालीन सोँच**

यस गाउँपालिकामा सडक तथा यातायातको विकास गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**विकासको मेरुदण्ड सडक पुर्वाधार !**

सडक तथा यातायात क्षेत्रको विकासकालागि सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याउनका लागि यस गाउँपालिकाले उपरोक्त दीर्घकालीन सोच तय गरेकोछ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

सडक यातायातको स्तरोन्नति गरी सबै टोल बस्तीमा आवागमनलाई सहज र सुविधामुलक बनाईनेछ।

**उद्देश्य**

सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याउनुका साथै स्थानीय उत्पादनलाई बजार सम्म पुर्याउने।

**रणनीति**

- गाउँ तथा वडास्तरीय सडकहरूको गाउँस्तरीय सडक गुरुयोजनामा पर्ने सडकहरुको DPR गरी आयोजना बैंक तयार गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालित उद्योग, कलकारखाना वाट प्रभावित सडकको स्तरोन्नतीमा प्राथमिकता दिईनेछ।
- गाउँपालिकाभित्रका मुख्य, सहायक तथा आन्तरिक सडकहरूको स्तरोन्नति तथा ग्राभेल/ब्ल्याकटप गर्ने कार्य गरिनेछ।
- सात वटा वडा समेटिने गरी रिङ रोडको अवधारणाअनुसार योजना तयार गरिनेछ।
- बजेट विनियोजन गर्दा सडक मापदण्ड पुगेको वा पुर्याउनका लागि बजेट विनियोजन गरिनेछ।

- गाउँपालिकाले नया ट्र्याक खोल्ने अभियानलाई सिमित गरी सडक सारोन्नती जस्ते सहकको नाला बनाओ, पोलिग ग्राभेलिङ, टेवा पर्खाल, कालोपत्रे, वायो इन्जिनियरिङलाई प्राथमिकता दिइनेछ।
- सडक तथा पुलको निर्माण तथा मर्मतसम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ।
- सडकको नया ट्याक खोल्दा सहरी विकास को अबधारण लिइनेछ जसमा नाली, पैदल देखि खुल्ला क्षेत्र समिटिनु पर्नेछ, तथा बायोइन्जिनियरिङको व्यवस्था मिलाईनेछ।
- गाउँ क्षेत्रभित्र आवश्यक पर्ने पक्की पुलहरुको सम्भाव्यता अध्ययन गरी केन्द्रीय, प्रदेश सरकार र दातृ संस्थाहरुको सहयोगमा निर्माण गर्न पहल गरिनेछ।
- सडक, पुल, तथा अन्य सहायक सडकहरु निर्माण गर्दा विपद् उत्थानशिल विधि आत्मसाथ गर्ने नीति लागु गरिनेछ।
- पूर्वाधार निर्माणका काममा उपभोक्ता समितिवाट काम गर्दा कम्तीमा १० प्रतिशत रकम लागत कायम गरी कर्मश साझेदारी बजेट बढाउने नीति लिइनेछ।
- गाउँपालिका भित्रका सडक मापदण्ड भित्र परेका बाटोहरूको लगतकट्टा गर्ने अभियान संचालन गरिन्छ। लगतकट्टा गर्नको लागि वडा कार्यालयबाट आवश्यक सहजीकरण गरिने छ।
- गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरूमा उपलब्धी नदेखिने र सानासाना — योजनाहरूलाई निरुत्साहित गरिनेछ।
- प्रत्येक वडामा उपभोक्ता समितिलाई योजना कार्यान्वयन, बजेट पारदर्शिता तथा प्राविधिक विषय सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- ठुला योजनाहरुलाई प्राथमिकता दिईनेछ। एक वडा एक गौरवको योजनाको नीति अनुरुप भौतिक पूर्वाधारको योजना छनौट तथा निर्माण गरिनेछ।
- गाउँभित्रका प्रमुख सडकहरुलाई १२ महिना संचालन हुने गरी बनाईनेछ।
- EI A / I EE तथा विपद जोखिम विश्लेषण गरि सडक निर्माणको कार्य गर्न बिशेष नीति अवलम्बन गरिने छ।

## ६.२.५ कार्यक्रम तथा आयोजना

- सडक पूर्वाधार विकास कार्यक्रम, सडक सुरक्षा विशेष कार्यक्रम।
- गाउँपालिकास्तरीय सडक गुरुयोजना तर्जुमा।
- सडक मर्मत तथा सुधार कार्यक्रम।
- गाउँगाउँलाई पालिका केन्द्र तथा बजारसँग जोड्ने प्राथमिक ग्रामीण सडक निर्माण।

- प्रमुख कृषि उत्पादन क्षेत्रहरूलाई सडक पहुँचमा जोड्ने कृषि सडक विस्तार योजना।
- मौजुदा कच्ची/ग्राभेल सडकको ग्रेड सुधार, ग्राभेलिङ, ब्ल्याकटप कार्य।
- खोला, खोल्सामा साना/मझौला मोटरेबल पुल निर्माण।
- विद्यालय, स्वास्थ्य संस्था वा बजारसम्म पुग्न कठिन भएका बस्तीहरूमा झोलुङ्गे पुल निर्माण।
- भू—स्खलन, बाढीजन्य जोखिमयुक्त स्थानमा गाव संरक्षण, रिटेनिङ वाल, ढल निकास निर्माण।
- सबै सडक र पुलहरूको डिजिटल नक्सा, अवस्थिति अभिलेख र भू—सूचना प्रणाली (GIS) ।
- सडक वर्गीकरण, प्राथमिकता निर्धारण तथा अनुगमन प्रणालीको विकास।

### ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा

- गाउँपालिकाभित्र अन्तरसम्पर्क तथा बजार पहुँचमा सुधार
- यातायात सेवा विस्तारबाट शिक्षा, स्वास्थ्य र आर्थिक गतिविधिमा वृद्धि
- वर्षायाममा पनि सडक प्रयोगयोग्य हुने सुनिश्चितता
- बाढी/पहिरोबाट सडक र पुल संरचना सुरक्षित
- स्थानीय उत्पादनको ढुवानी तथा ग्रामीण पर्यटन प्रवर्द्धन

## ६.३ खानेपानी तथा सरसफाइ

### ६.३.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा विगतका वर्षहरूमा विभिन्न सरकारी तथा गैर-सरकारी सहयोगमा खानेपानी योजनाहरू सञ्चालन भएका छन्। अधिकांश घरधुरीहरूमा खानेपानीको पहुँच रहेको देखिए पनि उपलब्ध स्रोतको स्थायित्व, पहुँच, गुणस्तर र मर्मत-सम्भारको अभावले प्रभावकारिता घटेको छ। यस पालिकाको वडा ४ मा खानेपानीको समस्या अल्लि धेरै रहेको छ। बजार क्षेत्र र बस्ती विस्तारसँगै सरसफाइको अवस्था चुनौतीपूर्ण बन्दै गएको छ। फोहोरमैला व्यवस्थापन, ढल निकास, शौचालय सुविधा, र सरसफाइ जनचेतना अझै सुदृढ गरिनुपर्ने देखिन्छ।




*चित्र १३: खाने पानीको मुख्य श्रोतको आधारमा परिवार संख्या, स्रोत: जनसंख्याको प्रक्षेपण २०७८.*

## ६.३.२ समस्या तथा चुनौती

- निर्माण भएका खानेपानी योजनाहरू दीगो नहुनु। अधिकांश खानेपानी योजनाहरू अस्थायी, जीर्ण वा नियमित मर्मतविहीन छन्।
- स्रोत संरक्षण र पुनःनिर्माणमा कम ध्यान दिइएको कारण पानीको आपूर्ति सधैं भरपर्दो छैन।
- निर्माण भएका योजनाहरू कार्यान्वयनमा नआएको। खानेपानी योजनाहरू प्रयाप्त रूपमा नहुनु।
- बजार क्षेत्रहरूमा फोहोरमैला व्यवस्थापनको पूर्वाधार अभाव।
- सार्वजनिक सरसफाइमा नागरिकको सहभागिता र चेतनाको अभाव।
- विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक स्थलहरूमा सुरक्षित पानी र सरसफाइको पहुँच अझै न्यून छ।

## ६.३.३ संभावना तथा अवसर

- खानेपानीमा विनियोजन हुने बजेट वार्षिक रूपमा वृद्धि। स्थानीय स्तरको नेतृत्व तथा लगानी विकास।
- खानेपानी उपभोक्ता समितिहरूको क्षमता, संस्थागत विकास तथा परिचालन।
- स्थानीय स्रोतहरूको संरक्षण, संवर्द्धन र व्यवस्थापनमार्फत दिगो खानेपानी सेवा सुनिश्चित गर्न सकिने।
- सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि, विद्यालय-आधारित कार्यक्रम तथा समुदायस्तरीय सहकार्यद्वारा स्वच्छता प्रवर्द्धन गर्न सकिने।

- खानेपानी तथा सरसफाइ कार्यक्रमलाई जलवायु-अनुकूल र लैङ्गिक-समावेशी बनाउन रणनीतिक योजना बनाउन सकिने।
- बजार क्षेत्रहरूमा सामूहिक फोहोर व्यवस्थापन प्रणाली तथा कम्पोष्ट कार्यक्रम लागू गर्ने सम्भावना।

## ६.३.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति,

**दीर्घकालीन सोंच**

खानेपानी तथा सरसफाई क्षेत्रका विद्यमान अवस्था, अवसर र चुनौतीका आधारमा विश्लेषण गर्दा यस गाउँपालिकामा देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**खानेपानी तथा सरसफाईमा समुदायको सहभागिता !**

यस दीर्घकालीन सोचको उपलब्धि हासिल गर्न गाउँपालिकाले समुदायलाई गुणस्तरिय, प्रभावकारी र सहज रूपमा खानेपानीको उपलब्धता गराउने र सरसफाईमा जोड दिने नीति बनाएको छ। यसका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

सबै नागरिकलाई सक्षम, र स्वस्थ बनाई उत्पादनसिल जनशक्तिको उत्पादन गर्ने।

**उद्देश्य**

समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत विकासमा सुधार ल्याउने।

**रणनीति**

- गाउँपालिका क्षेत्र भित्रको अत्यावश्यक स्थान तथा वडालाई ठूला तथा मझौलास्तरका खानेपानी योजनाहरु संचालन गर्न संघीय सरकार तथा प्रदेश सरकार र दातृ संस्थालाई अनुरोध गरी खानेपानी योजनाहरुको संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबीच आवश्यक समन्वय गरी योजना तथा कार्यक्रम संचालन गरिनेछ।
- खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्दा अन्य विकास संरचनालाइ असर नपर्ने गरी समन्वयमा मात्र गरिनेछ।
- बजार क्षेत्रमा ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। स्थानीय स्तरमा स्रोतमै वर्गीकरण छुट्याउन तालिम, सरसफाई व्यवस्थापन तथा फोहोर मैला केन्द्र संचालनमा लाईनेछ।
- खानेपानीको श्रोत न्यून भएको स्थानहरुमा लिफ्ट खानेपानी आयोजना संचालन गरीनेछ।

- गाउँपालिका भित्रका सबै घरघुरीमा अनिवार्य शौचालय निर्माण पूर्ण सरसफाई अभियान गर्न लगाई गाउँलाई खुला दिसामुक्त नगरको सुनिश्चित गरिनेछ।
- गाउँपालिका अध्यक्षको अध्यक्षतामा पालिका स्तरीय खानेपानी तथा सरसफाई समिति र वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वयक समिति गठन गरिनेछ।
- सार्बजनिक स्थान र सरकारी कार्यालय, विद्यालयरूमा सफा शौचालय कार्यक्रम लागू गरिनेछ।

### ६.३.५ कार्यक्रम तथा आयोजना

- स्वच्छ खानेपानी पूर्वाधार विकास कार्यक्रम।
- सुख्खा क्षेत्रमा पानीको पुनः प्रयोग प्रोत्साहन कार्यक्रम।
- खानेपानीको बैकल्पिक श्रोत व्यवस्थापन कार्यक्रम।
- सुधारिएको चुलो प्रबर्धन कार्यक्रम।
- सरसफाई पूर्वाधार विकास कार्यक्रम, सरसफाई चेतना अभिबृद्धि कार्यक्रम।
- विद्यालयमा खानेपानी तथा सरसफाई कार्यक्रम।

### ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा

- खानेपानी तथा सरसफाईको संस्थागत विकास भई समुदायको स्वास्थ्य र वातावरणीय अवस्थामा सुधार आएको हुनेछ।
- हरेक बस्तीमा गुणस्तरीय, सुरक्षित र भरपर्दो खानेपानी सेवा उपलब्ध।
- सरसफाइको स्तरमा उल्लेखनीय सुधार, रोगको जोखिम न्यून।
- स्वच्छ, स्वस्थ र सुरक्षित वातावरणमा बस्तीको समुन्नत जीवनस्तर।
- खानेपानी तथा सरसफाईका आधारभुत सर्तहरू पुरा गर्न शौचालय निर्माण तथा ढल निकासको व्यवस्था गरी बातावरण प्रदूषण कम भई जनताले सुबिधा प्राप्त गर्नेछन।

## ६.४ विद्युत्, जलश्रोत तथा वैकल्पिक ऊर्जा

### ६.४.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अधिकांश घरधुरीहरूमा (९२.३ प्रतिशत) विद्युत पहुँच विस्तार भइसकेको छ। केही ठाउँहरूमा राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् आपूर्ति भइरहेको छ भने केही ठाउँहरूमा लघु जलविद्युत्, सौर्य प्रणाली, तथा वैकल्पिक ऊर्जाको प्रयोग भइरहेको छ। इन्धनको रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार धेरै छन।




*चित्र १४: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या, स्रोत: जनसंख्याको प्रक्षेपण २०७८.*

## ६.४.२ समस्या तथा चुनौती

- गाउँपालिका भित्र अद्यापि विद्युतको गुणस्तरमा समस्या रहेकोछ, सार्वजनिक संरचना एवं भवनहरूमा समेत गुणस्तरीय विद्युत सेवा उपलब्ध हुन नसकेको।
- विद्युत् सेवा सम्पूर्ण वडामा समान रूपले उपलब्ध छैन; केही टाढाका गाउँहरू अझै अन्धकारमा छन्।
- वैकल्पिक ऊर्जाको प्रयोग सीमित छ, र उपलब्ध प्रविधिको स्तर कमजोर रहेको छ।
- सौर्य योजनाहरूमा नियमित मर्मत, प्रविधिगत सीप र बजेटको अभाव।
- विद्युत आपूर्तिको भरपर्दो व्यवस्था नहुँदा स्थानीय व्यवसाय तथा सेवा क्षेत्र प्रभावित छन्।

## ६.४.३ संभावना तथा अवसर

- सौर्य ऊर्जा, बायोग्यास, पवन ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धनमार्फत दुर्गम वस्तीमा उज्यालो पुऱ्याउन सकिने।
- सामुदायिक आधारित ऊर्जा आयोजना सञ्चालन गरी स्थानीय स्वामित्व र रोजगारी सिर्जना गर्न सकिने।
- स्थानीय स्रोतको उपयोग गरेर हरित ऊर्जा उत्पादन र वातावरणीय दिगोपनामा योगदान दिन सकिने।
- ऊर्जा पहुँचलाई उद्यमशिलता, कृषि तथा पर्यटनसँग जोडेर दिगो आर्थिक विकासको आधार बनाउने अवसर।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन साँच**

यस गाउँपालिकामा विद्युतमा सबै घरधुरीको पहुँच पुर्याउनकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ ।

**विद्युत सुविधामा सबैको पहुँच**

हाल यो गाउँपालिका राष्ट्रिय ग्रीड लाईनमा जोडिएको अवस्थामा सबै गाउँवासीहरूको विद्युत सुविधामा प्रभावकारिता बढाउन र उत्पादनमुखि बनाउन यस गाउँपालिकाले उपरोक्त दीर्घकालीन सोच राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

विद्युत सुविधामा सबै बस्ती सबै टोलको पहुँच पुर्याई स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ ।

**उद्देश्य**

विद्युत सेवामा गाउँपालिकावासीको पहुँच र उपयोगमा वृद्धि गर्दै जीवनस्तरमा सुधार ल्याउने।

**रणनीति**

- वैकल्पिक ऊर्जा विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि प्रार्द्धन गरिनेछ।
- लोडसेडिङ मुक्त हुदा पनि नियमित आपूर्ति हुन नसकेको अवस्थालाई ध्यानमा राखी गाउँपालिकामा सबस्टेशन निर्माणा गर्न पहल गरिने।
- ४ वर्षमा बिजुलीको, काठको पोलहरुलाई फलाम/ सिमेन्ट को पोल पूर्णागाउँ मुक्त घोषणा गरिनेछ।
- वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकाको सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकायको सहयोगमा प्रमुख सडक तथा चोकहरुमा बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका सबै टोलबस्तीहरुमा राष्ट्रिय विद्युत ग्रीडसँग जोडिनेछ ।
- गाउँपालिकाको उच्च भूभागमा सोलार बत्ति तथा वायु ऊर्जा प्लान्ट जडानको सम्भाव्यता अध्ययन गरिनेछ।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, क्षमता अभिवृद्धि, सञ्चालन अनुगमन र नियमन गरिनेछ।

### ६.४.५ कार्यक्रम तथा आयोजना

- विद्युत् सेवा नपुगेका गाउँहरूमा नयाँ लाइन विस्तार तथा पोल जडान कार्यक्रम।
- मौजुदा विद्युत् प्रणालीको स्तरोन्नति, ट्रान्सफर्मर क्षमता विस्तार, तार फेर्ने कार्य।
- विद्युत् सेवा नपुगेका वा अनियमित क्षेत्रहरूमा सौर्य ऊर्जा प्रणाली स्थापना।
- पँधेरो, इनार, खोलानाला संरक्षण तथा व्यवस्थापन।
- वर्षा पानी सङ्कलन प्रणाली (Rain Water Harvesting) को प्रवर्द्धन।
- ऊर्जाको सही प्रयोगका लागि जनचेतना अभियान (Energy Efficiency)।
- वन संरक्षणसँग जोडिएको हरित ऊर्जा (Green Energy) को प्रवर्द्धन।
- संचालित आयोजना मर्मत सम्भार तथा संचालन व्यवस्थापन कार्यक्रम।
- सार्वजनिक क्षेत्र तथा पूर्वाधारमा विद्युत तथा बैकल्पिक उर्जा व्यवस्थापन कार्यक्रम।

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा

- विद्यूतको सहज आपूर्ति भई जनताको दैनिक जीवनयापन र व्यवसायमा सुधार आएको हुनेछ।
- विद्युत् तथा ऊर्जामा सबै वडाको पहुँच।
- वैकल्पिक ऊर्जाको प्रयोगद्वारा वातावरणमैत्री विकास।
- जीविकोपार्जनमा सहजता, घरायसी काममा समय बचत।
- जलश्रोतको संरक्षण तथा दिगो उपयोग।
- सार्वजनिक सेवाहरू (स्वास्थ्य, शिक्षा, प्रशासन) सशक्त।

## ६.५ सूचना, सञ्चार तथा प्रविधि

### ६.५.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा प्रविधि (ICT) दिगो विकास र सेवा प्रवाहको गुणस्तर वृद्धिमा महत्वपूर्ण क्षेत्र हो। दिप्रुङ चुइचुम्मा गाउँपालिकामा पछिल्ला वर्षहरूमा मोबाइल तथा इन्टरनेट सेवा विस्तार भइसकेको भए पनि गुणस्तरीय पहुँच, पूर्वाधार र डिजिटल साक्षरतामा अझै चुनौतीहरू विद्यमान छन्। पालिकाका केही कार्यालयहरूमा कम्प्युटर तथा इन्टरनेट पहुँच रहेको छ तर सेवा प्रवाह, सूचना व्यवस्थापन र अभिलेख संरक्षण प्रणाली अझै पारंपरिक ढाँचामै सीमित छन्। अधिकांश विद्यालयमा डिजिटल शिक्षण उपकरण, कम्प्युटर ल्याब तथा इन्टरनेट सेवा अभावले प्रविधिको प्रयोग सीमित बनेको छ। ग्रामीण समुदाय, विशेष गरी महिला, किसान, विद्यार्थी, ज्येष्ठ नागरिक तथा दलित समूहमा सूचना प्रविधि प्रयोग गर्ने सीप न्यून रहेको छ। यद्यपि, संघीय तथा प्रादेशिक सरकारबाट सञ्चालनमा ल्याइएको "डिजिटल नेपाल" फ्रेमवर्क तथा विभिन्न दातृ निकायहरूको सहकार्यले सूचना प्रविधिको क्षेत्रमा उल्लेखनीय सुधार गर्ने सम्भावना विद्यमान छ। यसैले, आगामी आवधिक योजनामा सूचना, सञ्चार तथा प्रविधि पूर्वाधार

विस्तार, डिजिटल साक्षरता अभिवृद्धि, सेवा प्रवाहमा प्रविधिको प्रयोग, र समावेशी डिजिटल पहुँचको सुनिश्चितता प्राथमिकताका रूपमा समावेश गर्न आवश्यक छ।

## ६.५.२ समस्या तथा चुनौती

संचारको अत्यधिक महत्व भएतापनि लगानिको अभावका कारण यसबाट फाईदा लिन सकेको छैन। ल्याण्ड लाईन फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन। अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कम छ।

## ६.५.३ संभावना तथा अवसर

मोबाइल फोन, इन्टरनेट, टेलिभजन रेडियो, अनलाईन खबरमा समेत नागरिकको पहुंच रहेको छ। यस गाउँपालिकामा स्थानीय एफएम रेडियो सेवाको स्थापना नभएपनि छिमेकि जिल्ला र स्थानीय तहरुबाट संचालित एफएम रेडियो सेवाको सुविधा लिएको पाईन्छ।

## ६.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोच**

यस गाउँपालिकामा संचारको विकास गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ ।

**सूचना, संचार तथा प्रविधिको प्रयोग !**

यस गाउँपालिकाले संचार र प्रबिधिको प्रयोग मार्फत स्थानीय उत्पादनलाई बजारसँग जोडने रणनीति लिएकोछ। उपयुक्त सोंचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा गाउँवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

सूचना, संचार तथा प्रविधिको प्रयोग मार्फत स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ।

**उद्देश्य**

सूचना तथा संचारमा गाउँपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउने।

**रणनीति**

- प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धिमा टेवा पुर्याइनेछ।
- गाउँको सबै क्षेत्रमा ४ वर्ष भित्रमा तीव्र गतिको इन्टरनेट, टेलिफोन सेवाको विस्तारको लागि पहल तथा समन्वय गरिनेछ।
- गाउँपालिका भित्रका विद्युतीय तथा छापा, पत्रपत्रिका संचार रेडियो, एफ एम तथा संचार जगतको क्षमता विकास तथा प्रबर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

- बजार क्षेत्रमा स्थानीय समुदाय, संघ, संस्था, क्लवको लागत साझेदारीमा फ्रि वाईफाईको व्यवस्था गरी संचालन गरिनेछ छ। बजार क्षेत्रभित्र संवेदनशिल स्थानहरु पहिचान गरी स्थानीय प्रहरी प्रशासनसंग समन्वयमा क्यामेरा जडान गरी संचालनमा ल्याइनेछ।
- गाउँ आपतकालिन संचालन केन्द्रमा सबै सूचना तथा तथ्यांक उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

## ६.५.५ कार्यक्रम तथा आयोजना

- संचार प्रविधि तथा पूर्वाधार विकास कार्यक्रम।
- सडक सूचना तथा पर्यटकको लागि सडक सञ्जाल (GIS) नक्शा तयारी तथा छपाई।
- सार्वजनिक सुरक्षाको लागि थप सिसि क्यामेरा जडान कार्यक्रम।
- गाउँपालिका भित्र विपद् सूचना केन्द्र स्थापना तथा सञ्चालन।
- सूचना तथा संचार प्रविधिमा आधारित सेवा प्रबर्द्धन कार्यक्रम।
- गाउँका सवै वडामा पूर्वसूचना प्रणलीको सहज पहुँचको लागि सार्वजनिक इन्नरनेट सेवा विस्तार।
- गाउँपालिका र वडा कार्यालयमा उन्नत ICT उपकरणहरू (कम्प्युटर, प्रिन्टर, स्क्यानर, UPS, इन्टरनेट) उपलब्ध गराउने।
- डिजिटल अभिलेख व्यवस्थापन प्रणाली (Document Management System) को कार्यान्वयन।
- सूचना प्रवाह प्रणाली (Website, SMS Alert, Notice Portal) सुदृढ।
- महिला, विद्यार्थी, युवा, अपांगता भएका व्यक्ति, दलित समुदायका लागि डिजिटल साक्षरता तालिम।
- पालिका स्तरीय डाटा सुरक्षा नीति निर्माण र कार्यान्वयन।
- साइबर सुरक्षा तथा बालबालिका/युवामा सुरक्षित डिजिटल प्रयोगबारे जागरुकता कार्यक्रम।

## ६.५.६ अपेक्षित उपलब्धि तथा नतिजा

- सार्वजनिक सेवामा प्रविधिको उपयोगले पारदर्शिता, जवाफदेहिता र सेवा पहुँचमा सुधार।
- समुदायमा डिजिटल साक्षरता वृद्धि, रोजगार र नवप्रवर्तनमा प्रविधिको भूमिका सशक्त।
- सूचना प्रवाहको सहजता, संचार पहुँच र डिजिटल समावेशीता सुनिश्चित।
- प्रशासनिक कामकाज द्रुत, प्रभावकारी र दस्तावेजीकरण व्यवस्थित।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिका पहाडी भौगोलिक बनावट भएको क्षेत्र हो, जहाँ हरियाली वनजंगल, प्राकृतिक स्रोतहरू, नदी-नालाहरू, जलश्रोतहरू, वनस्पतिहरू र जैविक विविधता प्रशस्त मात्रामा पाइन्छ। यस गाउँपालिकाको ठूलो भू-भाग वनले आच्छादित रहेको छ, जसमा सामुदायिक वन, सरकारी वन र निजी वन क्षेत्रहरू पर्दछन्। जनताको जीविकोपार्जनमा दाउरा, च्याउ, काठ, जडिबुटी, घाँसपात आदि वनजन्य स्रोतहरूको प्रत्यक्ष योगदान रहेको छ। वन क्षेत्रमा जैविक विविधता, जल स्रोतको संरक्षण, वनस्पतिको सन्तुलन र वातावरणीय प्रणालीको दीगो व्यवस्थापन अनिवार्य देखिन्छ। पछिल्लो समय वन क्षेत्रमा सामुदायिक सहभागिता बढ्दै गएको पाइन्छ, तर वातावरणीय असन्तुलन, जथाभावी दोहन, वन डढेलो, अव्यवस्थित चरनजस्ता समस्या अझै पनि विद्यमान छन्।

साथै, गाउँपालिका प्राकृतिक विपद्को दृष्टिले पनि उच्च जोखिममा पर्न सक्ने क्षेत्र हो। बाढी, पहिरो, सुख्खा, डढेलो, हावाहुरी, असिनापानी लगायतका विपद् बारम्बार देखिने गरेका छन्। जलवायु परिवर्तनको प्रभावले पनि वातावरणीय असन्तुलन र विपद्को जोखिम बढाइरहेको छ। वन तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र वातावरणीय सुधार गर्ने र स्थानीय मानिसहरूलाई वनबाट प्राप्त हुने आर्थिक लाभ बढाउन र बिपद प्रतिकार्यमा समुदायमा सचेतनता र संलग्नता बढाउन यस योजनाको रणनीतिक लक्ष्य रहेको छ। यसका लागि गाउँपालिकाले निम्नानुसारको दीर्घकालीन सोच तय गरेकोछ।

**जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।**

यस दीर्घकालीन सोचका आधारमा वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यहाँका वासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका मध्यपहाडी भूभागमा अवस्थित रहेकोले यहाँ कृषि, वन, नदी, ताल-तलैया तथा आवासीय प्रयोजनका विभिन्न भू-उपयोग प्रणालीहरू पाइन्छन्। गाउँपालिकाको भूभाग मध्ये महत्वपूर्ण हिस्सा वन तथा खेतीयोग्य जमिनले ढाकेको छ। यहाँ रहेका घना वन क्षेत्र, विविध जैविक प्रजातिहरू, सामुदायिक वनको व्यापकता तथा रैथाने वनस्पतिको उपस्थिति यस क्षेत्रलाई जैविक विविधताका दृष्टिले समृद्ध बनाउँछन्। सामुदायिक वन व्यवस्थापनको अभ्यास सशक्त हुँदै गएको देखिन्छ, जसले वातावरण संरक्षण र स्थानीय स्तरमा स्रोत व्यवस्थापनमा सहयोग पुर्याइरहेको छ।

## ७.१.२ समस्या तथा चुनौती

- स्थानीय तथा रैथाने जडीबुटीको उचित पहिचान, संरक्षण र उपयोग नहुनु।
- लोपोन्मुख वनस्पति तथा वन्यजन्तुको संरक्षण अभाव।
- वन डढेलो, आगलागी तथा प्राकृतिक विपद् व्यवस्थापन प्रणाली कमजोर हुनु।
- वन्यजन्तु (विशेष गरी बाँदर) द्वारा फलफूल र बालीको क्षति।
- ठोस तथा तरल फोहरको उचित व्यवस्थापन नहुनु।
- जैविक विविधतासम्बन्धी चेतना तथा अनुसन्धानको अभाव।

## ७.१.३ संभावना तथा अवसर

- गाउँपालिकाको ठूलो हिस्सा वनले ढाकेको हुनाले वन व्यवस्थापनमार्फत आर्थिक र वातावरणीय लाभ लिने ठूलो अवसर।
- सामुदायिक वनको सशक्तीकरण र विस्तारका माध्यमबाट स्थानीय स्वामित्व र लाभ सुनिश्चित गर्ने सम्भावना।
- जैविक विविधता संरक्षण तथा महत्वपूर्ण जडीबुटी प्रजातिहरूको व्यवस्थापन र व्यवसायीकरण।
- वन पैदावारको मूल्यवृद्धि (Value Addition) र प्रशोधनमार्फत रोजगारी सिर्जना।
- निजी तथा कृषि वनको प्रवर्द्धन।
- नदी उकास क्षेत्रहरूमा वृक्षारोपण तथा हरियाली विस्तार।
- वातावरणीय ऐन, नीति तथा कार्यविधिमा स्थानीय जनताको हितमा पैरवी र कार्यान्वयन सुनिश्चित गर्न सकिने सम्भावना।

## ७.१.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति

**<u>दीर्घकालीन सोंच</u>**

यस गाउँपालिकामा वन तथा जैविक विविधता विकासकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**वन तथा जैविक स्रोत र साधनको परिचालन**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्वेश्य राखेको छ। उपयुक्त सोंचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

समुदायको संलग्नतामा वृद्धि गरी दीगो वन, वातावरण एवं जैविक व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गरिनेछ।

**उद्देश्य**

समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धि गर्ने।

**रणनीति**

योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ।

- कृषि वनको अवधारणालाई विकास गर्दै वनजन्य, फलफुल र जडिबुटी नर्सरी निजी क्षेत्रसँगको साझेदारीमा स्थापना गरी विरुवा वितरण र रोप्नि को व्यवस्था मिलाईनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन संरक्षणप्रवर्द्धन तथा सम्बन्धित समुदायको , वासिन्दाको हितमाउपभोग गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विकासवातावरण तथा राजश्वका क्षेत्र तथा उपक्षेत्रहरुबीच तादात्म्यता मिलाई , व्यवस्थागाउँपालिकाको वनजन्य स्रोतहरुको निकासी गर्नेमिलाइनेछ।
- नर्सरी स्थापना तथा विरुवा उत्पादनको कार्य स्थानीय समूह तथा किसानहरुको सहभागितामा संचालन गर्न प्रोत्साहन गरिनेछ।
- सामुदायिक वनहरुमा दिगो वन व्यवस्थापन पद्धतिलाई अवलम्वन गरिनेछ।
- सामुदायिक वनको ब्यवस्थापनबाट प्राप्त काष्ठ गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको सहज प्रवद्र्धन र विकास गरिनेछ। काष्ठ प्रशोधन उद्योग, फर्निचर उद्योग स्थापना गरी रोजगारीको श्रृजना गरिनेछ।
- जनसहभागितामूलक कृषि वन ब्यवस्थापन पद्धतिलाई प्रोत्साहन गर्दै कार्यक्रम संचालन गर्न जोड दिइनेछ।
- गाउँभित्रका सामुदायिक वनहरुको प्रोफाइल तयार गरिनेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको प्रथम संसोधन अनुसार सामुदायिक वनले काठ विक्री गरी प्राप्त गरेको आयमा १० प्रतिशत गाउँपालिकाले पाउने ऐनमा भएको व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।
- दिप्रुङ चुइचुम्मा नदी किनारमा बाँस, अम्रिसो र निगालो वृक्षारोपण गरिनेछ र सार्वजनिक जग्गाहरुमा फलफूल तथा वहुउपयोगी प्रजातीको वृक्षारोपण गरी हुर्काउने व्यवस्था मिलाइनेछ।

- वन व्यवस्थापन तथा सम्वद्र्धनमा क्षमता अभिवृद्धिको लागि उपभोक्ताहरुलाई अभ्यासमा आधारित प्राविधिक तालिम उपलब्ध गराइनेछ।
- वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि वडा कार्यालय मार्फत स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डँढेलो नियन्त्रण अभियान निरन्तर चलाइनेछ।

### ७.१.५ कार्यक्रम तथा आयोजना

- वन सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम।
- सामुदायिक तथा कवुलिती वन उपभोक्ता क्षमता विकास कार्यक्रम।
- वन पैदावार उत्पादन, प्रशोधन तथा वजारीकरण सहयोग कार्यक्रम।
- वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम।
- चरणक्षेत्र विकास तथा संरक्षण कार्यक्रम।

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा

समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापनका माध्यमबाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी भएको हुनेछ। वन फंडानी तथा अतिक्रमणको नियन्त्रणका साथै चरिचरणका लागि वैकल्पिक उपायहरू खोज्दै, वन पैदावारबाट र जडीवुटी खेतीका माध्यमबाट रोजगारीमा वृद्धी गर्ने र वन क्षेत्रको दीगो व्यवस्थापनका लागि समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ।

## ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका एक हरित प्राकृतिक सौन्दर्यले भरिएको, मध्यपहाडी भूभागमा अवस्थित गाउँपालिका हो। यहाँको वातावरणीय सन्तुलनमा वन, नदी, खेतीयोग्य जमिन, तथा ग्रामीण बस्तीको महत्वपूर्ण भूमिका छ। पछिल्लो समय मानव क्रियाकलाप, उपभोगजन्य प्रवृत्ति तथा सेवा प्रविधिमा परिवर्तनसँगै फोहोरमैला उत्पादनमा वृद्धि भएको देखिन्छ। तर फोहोरको व्यवस्थापन, वर्गीकरण, प्रशोधन तथा पुनः प्रयोगको प्राविधिक तथा संस्थागत संरचना अपेक्षाकृत कमजोर अवस्थामा रहेको छ।

### ७.२.२ समस्या तथा चुनौती

गाउँ क्षेत्रमा (गाउँ उन्मुख) प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्दा र बजारीकरण हुँदै गएका क्षेत्रहरुमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरु लगायत संस्थागत रुपमा (स्वास्थ्य संस्था, विद्यालय, कार्यालयहरु आदि) बाट दैनिक उत्सर्जन हुने फोहोरको उचित

व्यवस्थापन हुन सकेको छैन र कतिपय अवस्थामा नदी तथा खोलामा लगेर फाल्ने प्रवृत्ति रहेको छ।

- घरायसी तथा व्यवसायिक फोहोरको वर्गीकरण, संकलन, प्रशोधन र व्यवस्थापन प्रणालीको अभाव।
- खुला डम्पिङ, जलाउने अभ्यास, र जैविक तथा अजैविक फोहोर एकै साथ व्यवस्थापन गर्रिंदा वातावरणीय प्रदूषण।
- वातावरणीय शिक्षा र जनचेतनाको अभाव।
- प्लास्टिक तथा अर्वजन्य फोहोरको बृद्धि र त्यसको विकल्प प्रयोग नहुनु।
- बालिनाली, जलस्रोत र मानव स्वास्थ्यमा फोहोरजन्य प्रभाव।

## ७.२.३ संभावना तथा अवसर

- जैविक र अजैविक फोहोर वर्गीकरण तथा पुनःप्रयोगमा आधारित सामुदायिक अभ्यासलाई प्रवर्द्धन गर्ने सम्भावना।
- विद्यालय तथा टोल स्तरमा वातावरणीय शिक्षा तथा जनचेतना अभिवृद्धिको कार्यक्रम संचालन।
- प्लास्टिक मुक्त गाउँपालिका घोषणा तथा वैकल्पिक सामग्रीको प्रवर्द्धन।
- निजी क्षेत्र तथा सहकारीसँग सहकार्य गरी फोहोर प्रशोधन केन्द्र स्थापना।
- घरेलु तथा सामुदायिक स्तरमा कम्पोस्ट उत्पादन र प्रयोगलाई प्रोत्साहन।
- स्थानीयस्तरमै वातावरण संरक्षण सम्बन्धी नीति, कार्यविधि तथा योजना निर्माण र कार्यान्वयनको अवसर।

## ७.२.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**बाताबरण मैत्रि दिप्रुङ चुइचुम्मा गाउँ**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्वेश्य राखेको छ। उपयुक्त सोंचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

फोहोरमैला व्यबस्थापनमा समुदायको संलग्नता वृद्धि गरी दीगो वाताबरण विकास गर्ने।

**उद्देश्य**

फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी स्वच्छ वातावरणको निर्माण गर्ने।

**रणनीति**

- वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्ने ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीय अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास गरिनेछ।
- वातावरण संरक्षण तथा फोहोर मैला व्यबस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ।
- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्र साप्ताहिक,पाक्षिक , मासिक र वार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा उत्पादित शिसाजन्य धातुजन्य तथा मेशनरी ,फोहोरमैलाको दिगो व्यवस्थापनको लागि कबाडीजन्य उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना जगाउन जनसहभागितामा आधारित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने, माइकिङ गर्नेपोष्टर टाँस्ने , जस्ता कार्यक्रम गरिनेछ।

## ७.२.५ कार्यक्रम तथा आयोजना

- घरभित्रको धुवाँमुक्त घरधुरी प्रबर्धन कार्यक्रम।
- घरायसी फोहर व्यवस्थापन कार्यक्रम वातावरण संरक्षण प्रबर्धन कार्यक्रम।
- सरसफाई पूर्वाधार विकास कार्यक्रम, फोहोरमैला व्यवस्थापन नीति तर्जुमा।

## ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा

- वातावरण तथा फोहोर व्यबस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन भएको हुनेछ।
- ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास भएको।
- वातावरण सरसफाइ समूह समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम भएको हुनेछ।
- वजार क्षेत्रहरुमा ढलहरु निर्माण र वस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था भएको हुनेछ।

- सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमा न्यूनीकरण भएको हुनेछ।

## ७.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

दिप्रुङ चुइचुम्मा गाउँपालिका पहाडी भू-आकृति भएको क्षेत्र हो, जहाँ अधिकांश भू-भाग डाँडाकाँडा, खोँच र भिरालो जमिनमा फैलिएको छ। यहाँको माटो पहिरो र Erosion को दृष्टिले संवेदनशील छ। वर्षायाममा बाढी, पहिरो तथा जमिनको क्षय हुने क्रम तीव्र हुन्छ। प्राकृतिक जलस्रोतहरू प्रशस्त छन् तर तिनको संरक्षण र समुचित व्यवस्थापनको अभाव छ। कृषिमा आधारित जीविकोपार्जन प्रणालीका कारण माटोको उपयुक्तता तथा पानीको स्रोतमा प्रत्यक्ष असर पर्न गएको छ।

### ७.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिश्चित हुन सकेको छैन। भूसंरक्षणका लागि ठूलो परिमाणमा बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन।

- जलाधार क्षेत्र संरक्षणका लागि भौगोलिक सूचना प्रणाली (GIS) नक्साकंन हुन नसक्नु र सो अनुसार कार्यक्रमहरू नबनाईनु। वर्षेनी आईरहने विपद् तथा प्रकोप।
- डढेलो, अव्यवस्थित खेतीपाती तथा चरन व्यवस्थापनको अभावले भू-क्षरण बढ्दै गएको छ।
- सतही बहाव बढेकाले जमिन कटान र पहिरोको जोखिम उच्च छ।
- जलस्रोतहरूको संरक्षण, पुनःभरण र दीर्घकालीन उपयोग प्रणाली अभावमा रहेका छन्।
- मानव बस्ती नजिकका खोला र पानीका मुहानहरू प्रदूषित हुँदै गइरहेका छन्।
- वातावरणीय चेतना र प्रविधिको अभावले दीगो व्यवस्थापन गर्न कठिनाइ छ।

### ७.३.३ संभावना तथा अवसर

यो गाउँपालिका जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ।

- नदी उकास नियन्त्रण, भूसंरक्षणीय प्रविधिहरू (जैविक पर्खाल, आड़ी खेती, घाँस/बोट विरुवा रोपण आदि) लागू गरेर भू-क्षरण रोक्न सकिने।

- जलस्रोत पुनभरण कार्यक्रम, रेनवाटर हार्भेस्टिङ तथा संरक्षण पोखरी निर्माणको सम्भावना।
- जैविक विविधता संरक्षण र हरित क्षेत्र विस्तार गर्न अनुकूल वातावरण।
- जलाधार व्यवस्थापनलाई कृषि, पर्यटन र वातावरणीय सन्तुलनसँग जोडेर समृद्धिको आधार बनाउने अवसर।
- राष्ट्रिय तथा प्रदेश सरकार, दातृ निकाय र गैर-सरकारी संस्थाहरूसँग सहकार्य गरेर दीर्घकालीन परियोजनाहरू सञ्चालन गर्न सकिने।

## ७.३.४ उपक्षेत्रगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ ।

**प्राकृतिक प्रकोपबाट भूमिको संरक्षण !**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्वेश्य राखेको छ। उपयुक्त सोंचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँवासी को जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

भूमिको दीगो व्यबस्थापनका लागि व्यबस्थित भू-संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने।

**उद्देश्य**

भू-संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भूक्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्ने।

**रणनीति**

- पानीको मुहान संरक्षणको लागि वोटविरुवाको संरक्षण, रोपण र ब्यवस्थापन कार्य संचालन गरिनेछ।
- ३ वर्ष भित्रमा "हरेक डाँडा, एक रिचार्ज पोखरी" को कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।
- भौतिक पूर्वाधार विकास कार्य गर्दा भू-क्षय तथा प्रकोप न्यूनीकरण गर्न सम्वन्धित आयोजनामा न्यूनीकरणका योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने नीति लिइनेछ।
- वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानीय तहको सहमति लिइने र BES/IEE गरी वातावरणीय प्रभाव न्यूनीकरणका कार्यहरु संचालन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ।
- पहिरो नियन्त्रण कार्य गर्दा Bio engineering पद्धति अनुसार गरिने छ।

- ग्रामिण तथा कृषि सडक निर्माण गर्दा Bio engineering पद्धतिबाट कार्य संचालन गर्ने गरी स्थानीय आवश्यकता र भू-क्षयको प्रकोपलाई न्यूनीकरण गर्ने गरी कार्य सञ्चालन गरिनेछ।

### ७.३.५ कार्यक्रम तथा आयोजना

- नदी तटवन्ध निर्माण, सुरक्षित वस्ती विकास कार्यक्रम।
- जलाधार संरक्षण तथा उपयोग सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम।
- जलश्रोत, सिमसार क्षेत्र तथा सार्वजनिक जमिन पहिचान, संरक्षण तथा विकास कार्यक्रम।

### ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा

- समुदायहरुसंगको सहकार्यमा पानी मुहान, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग भएको हुनेछ।
- भू-क्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्शाङ्कन गरिनेछ।
- जथाभावी सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्यांकन एवं डिपिआर पश्चात जियो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने परिपाटिको बिकास भएको हुनेछ।
- नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण भएको हुनेछ।जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुनेछ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

यस गाउँपालिकाका केही बस्तीहरू भौगोलिक तथा वातावरणीय दृष्टिकोणले उच्च जोखिममा रहेका छन्। यहाँका वनजंगलहरू हरेक वर्ष डढेलोबाट प्रभावित हुने गरेका छन्, जसको मुख्य कारण तापक्रममा भएको वृद्धिको साथै खडेरी र अनावृष्टि हो। जलवायु परिवर्तनको प्रभावले डढेलोको जोखिममा तीव्रता आएको छ, जसले सरकारी तथा सामुदायिक वन क्षेत्रहरूमा विनाश निम्त्याइरहेको छ। गाउँपालिकाका सबै वडाहरूमा गरिएको प्रारम्भिक छलफल तथा नेपाल सरकारको “स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका, २०७४” मा आधारित औजारहरू प्रयोग गरी गरिएका मूल्यांकन अनुसार यहाँ पहिरो, भूक्षय, आगलागी, खडेरी, हुरीबतास, असिना, चटयाङ तथा महामारी प्रमुख विपद् जोखिमहरू रहेका छन्। यी जोखिमहरूको प्रभाव न्यूनीकरण र व्यवस्थित व्यवस्थापनका लागि गाउँपालिकाले विपद् व्यवस्थापन शाखा स्थापना गरेको छ र वार्षिक कार्यक्रम, बजेट तथा नीतिमा यसलाई प्राथमिकतामा राखिएको छ।

नेपाल सरकारले तयार पारेको “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” अनुसार विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई विशेष महत्व दिइएको छ। विपद्लाई विकास योजनासँग एकीकृत (mainstreaming) गर्दै समावेश गर्नु आवश्यक भइसकेको छ। जलवायु परिवर्तनका कारणले तापक्रममा आएको वृद्धिले कृषि उत्पादनमा गिरावट, नदीहरू सुक्खा हुनु, र पानीको अभाव जस्ता गम्भीर असरहरू जनजीवनमा देखिएका छन्। अहिलेको अवस्थामा अनुकूलन मात्र पर्याप्त नभई क्षतिको पुनर्स्थापना र जोखिम न्यूनिकरणका लागि व्यापक सहकार्य अपरिहार्य बनिरहेको छ।

## ७.४.२ समस्या तथा चुनौती

- पहाडी भू-भागमा अव्यवस्थित बस्ती विस्तारले पहिरोको जोखिम बढाएको छ।
- वर्षा चक्रको अनियमितता, खडेरी, असिना वर्षा र असामयिक मौसमी परिवर्तनले कृषि उत्पादनमा नकारात्मक असर पुऱ्याइरहेको छ।
- विपद् आउनु अघि सतर्कता दिने प्रविधि तथा स्रोतहरूको कमी।
- विपद् व्यवस्थापनका लागि स्थानीय स्तरमा दक्ष जनशक्ति, योजना र आर्थिक स्रोतको कमी।
- विपद् न्यूनीकरण र जलवायु परिवर्तन सम्बन्धी ज्ञानको कमीले जोखिम थपिएको छ।

## ७.४.३ संभावना तथा अवसर

- विपद् न्यूनीकरण शाखाको स्थापना, बजेटीय व्यवस्था, र नीति निर्माणमा प्राथमिकता दिइनुले दीर्घकालीन पूर्वतयारीका लागि आधार तयार भएको छ।
- स्थानीय समुदायमा विपद् प्रतिकार्यको अनुभव तथा परम्परागत ज्ञानको उपयोगद्वारा प्रभावकारी समाधान निकाल्न सकिने सम्भावना छ।
- विपद् तथा जलवायु उत्थानशीलतासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गरेर पूर्वाधार, क्षमता विकास र अनुकूलन परियोजनाहरू कार्यान्वयन गर्न सकिन्छ।
- जलवायु-सहिष्णु कृषि प्रणाली, वर्षा जल संकलन, हरियाली प्रवर्द्धन आदि कार्यद्वारा दीर्घकालीन जलवायु उत्थानशीलता हासिल गर्न सकिन्छ।

## ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति

**दीर्घकालीन सोँच**

यस गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**समुदायको संलग्नतामा विपदको व्यवस्थापन**

यस दीर्घकालीन सोंच हासिल गर्नका लागि यस गाउँपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्देश्य राखेको छ। उपयुक्त सोंचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस गाउँवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

विपद् जोखिम न्यूनीकरणलाई समुदायको संलग्नता र धनजनको क्षति हुनबाट बचाउने।

**उद्देश्य**

समुदायको संयतामा थप वृद्धि गर्दै विपद् जोखिममा न्यूनीकरण गर्ने।

**रणनीति**

- प्राकृतिक विपद तथा महामारी जन्य अवस्थामा गाउँबासीहरुको तत्काल खोज, उद्धार तथा स्वास्थ्य उपचारको लागि आपतकालीन उद्धार स्वास्थ्य टोली गठन गरी परिचालन गरिनेछ।
- विभिन्न संघ संस्थाहरुसंग समन्वयमा वडा तथा गाउँस्तरमा तयार भएका विपद् व्यवस्थापन योजनालाई स्थानीय आपातकालीन संचालन केंद्र बनाई कार्यान्वयन गरिनेछ।
- गाउँस्तरीय विपद् व्यवस्थापनसँग सम्बन्धित नियमावली निर्माण तथा परिमार्जन लगायतको नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।
- अन्य स्थानीय सरकार संग सहकार्यमा वारुणयन्त्र राखी यसको सेवालाई भरपर्दो बनाइने छ, साथै यसको लागि जनशक्ति थप गरी क्षमता वृद्धि गरिनेछ।
- गाउँपालिकास्तरीय विपद व्यवस्थापन कोषका लागि आवश्यक रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ । यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ सस्था एवंम् शुभेच्छुकबाट साझेदारीता अभिवृद्धि गरिनेछ ।
- महामारी, भूकम्प, बाढीपहिरो, हुरीवतास, चट्याङ, विद्युत सर्ट, आगलागी तथा डढेलो, जंगली जनावरबाट हुने क्षति जस्ता विपद सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् पूर्व तयारी स्वरुप खाद्य, गैरखाद्य र स्वच्छता एवम् उद्दार सामग्रीको व्यवस्थापन गरिनेछ।
- यस गाउँपालिकामा र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक )Quick Response Team( को गठन गरीसकिएकाले क्षमता विकास गर्दै शीघ्र परिचालनको नीति अबलम्बन गरिनेछ।
- प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालिन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरुको उपलब्धताको सुनिश्चित गरिनेछ।

### ७.४.५ कार्यक्रम तथा आयोजना

- विपद प्रतिकार्यात्मक सामाजिक सुरक्षा, प्राकृतिक विपद् न्यूनीकरण कार्यक्रम। विपद जोखिम क्षेत्र नक्सांकन र विपद पूर्व सूचना उपकरण जडान कार्यक्रम।
- विपद व्यवस्थापन कोष स्थापना, अग्नि नियन्त्रण व्यवस्थापन।
- आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास कार्यक्रम
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम।
- आपतकालिन कार्य संचालन केन्द्र स्थापना, वडा विपद् व्यवस्थापन समितिहरूको क्षमता विकास कार्यक्रम।
- चटयाङ्ग तथा अल्पीकरणका क्रियाकलाप सम्बन्धी सचेतना, चटयाङ न्यूनिकरण प्रविधिको व्यवस्थापन कार्यक्रम।
- जंगली जनावर आतंक व्यवस्थापन कार्यक्रम (सञ्जाल गठन, परिचालन, जंगलमा फलफुल विरुवा रोपन), जंगली जनावरको लागि जंगलमा आकाशे पानी संकलन पोखरी निर्माण कार्यक्रम विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम (खोज तथा उदार, प्राथमिक उपचार, क्षति तथा आवश्यकता विश्लेषण)

### ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा

- विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन भएको हुनेछ।
- व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि गरिएको हुनेछ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिएको हुनेछ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

नेपालको संविधान २०७२ ले सार्वजनिक उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक शासनको आधारशिला राखेको छ। स्थानीय तहलाई जनताको प्रत्यक्ष सरकारको रूपमा स्थापित गरिएको छ, जसले स्थानीय सेवा प्रवाह, योजना निर्माण र कार्यान्वयनमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु पर्ने अपेक्षा गरिएको छ। स्थानीय सरकारका रूपमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाले पनि विभिन्न कानुनी व्यवस्था अनुरूप संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले नीतिगत तथा संरचनागत प्रयासहरू थालेको छ। यद्यपि, पर्याप्त कानुन निर्माण भए तापनि ती कानुनको प्रभावकारी कार्यान्वयन र अपेक्षित परिणाम हासिल गर्ने क्रममा चुनौतीहरू कायमै छन्।

जनप्रतिनिधिहरू निर्वाचित भई शासनको नेतृत्व लिएको भए पनि कार्यान्वयन पक्षमा अनुभवी जनशक्तिको अभाव, प्राविधिक सीमितता र संस्थागत क्षमताको कमजोरीले गर्दा सेवा प्रवाह र विकासमा तीव्र गति लिन सकेको छैन। यद्यपि, गाउँपालिका तथा वडा कार्यालयहरूमा आवश्यक पूर्वाधार'जस्तै कार्यालय भवन, फर्निचर, सवारी साधन तथा आवश्यक उपकरणहरूको व्यवस्थापनमा केही प्रगति भएको छ। साथै, जनप्रतिनिधि तथा कर्मचारीहरूलाई योजना निर्माण, कार्यान्वयन, अनुगमन र कानूनसम्बन्धी विषयमा आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइएको छ। गाउँपालिकाले आन्तरिक स्रोत वृद्धि गर्ने दिशामा योजनाबद्ध सोच तयार पारेको छ। स्रोत परिचालन, प्रविधिको प्रयोग, नागरिक सहभागिता र सेवा प्रवाहको पारदर्शिता कायम गर्दै गाउँपालिका जनमुखी र उत्तरदायी प्रशासनको परिकल्पना साकार पार्न प्रयासरत छ। स्थानीय शासनलाई प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाले निम्न दीर्घकालीन दृष्टिकोण अवलम्बन गरेको छः

**जनमुखी प्रशासन तथा प्रविधिमैत्री सेवा प्रवाह**

उपयुक्त कार्यक्रम तथा बजेट व्यवस्थापनमार्फत संस्थागत विकास र सुशासन प्रवर्द्धन गरिएमा गाउँपालिकाका नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन सकिने विश्वास र सहमति सर्वत्र देखिन्छ। यस सन्दर्भमा, दीर्घकालीन सोच र सशक्त संस्थागत संरचनाले आगामी दिनमा स्थानीय शासनलाई समावेशी, पारदर्शी र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिबद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा

सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न गाउँपालिकाका सवै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएकोछ। यसका लागि गाउँपालिकाको सँगठन ढाँचा तयार पारिएकोछ तथापि क्षमता विकासका कामहरू गर्न बाँकिनै छन। यसका अलावा गाउँपालिकाले कर्मचारी व्यवस्थापन र अन्तर-सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिँदै आएको पाईन्छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

## ८.१.२ समस्या तथा चुनौती

- दक्ष जनशक्ति नहुँदा योजना निर्माण, कार्यान्वयन र अनुगमन कार्यमा गुणस्तरीयता कायम गर्न चुनौती देखिन्छ।
- सबै वडा कार्यालय तथा शाखाहरूमा पर्याप्त भौतिक संरचना, प्रविधि र आवश्यक सामग्रीको अभाव।
- स्थानीय तहसम्बन्धी नीति तथा कानून त भए पनि तिनको प्रभावकारी कार्यान्वयनमा समस्या।
- सेवा प्रयोगकर्तासम्म जानकारी पुग्ने माध्यमको अभावले पारदर्शिता र जवाफदेहिता कमजोर बनेको छ।
- आन्तरिक राजस्व संकलन न्यून हुनु र बाह्य स्रोतमा निर्भरता अधिक हुनु।

## ८.१.३ संभावना तथा अवसर

- संविधानले दिएको अधिकारको भरपूर उपयोग गर्दै स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउन सकिने अवसर।
- डिजिटल प्रविधिको सहायताले सेवा प्रवाहलाई छरितो, पारदर्शी र पहुँचयोग्य बनाउन सकिने सम्भावना।
- नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व र सार्वजनिक सुनुवाइमार्फत उत्तरदायी शासनको अभ्यास।
- क्षमता विकास, पूर्वाधार निर्माण तथा प्रविधिक सहायता प्राप्त गर्न सहकार्यका (संघीय, प्रदेश सरकार तथा साझेदार संस्था) ढोका खुलेका छन्।
- कृषि, पर्यटन, वनजंगल, तथा खानी स्रोतहरूको उचित उपयोग गरी राजस्व वृद्धि गर्न सकिने अवसर।
- राजश्वको स्रोत र दायरा फराकिलो बनाउन थालनी गरीएको।
- राजश्व प्रशासनलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने कार्य अगाडि बढाईएको।

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, तथा रणनीति

**दीर्घकालीन सोंच**

यस गाउँपालिकामा संस्थागत विकास तथा सुशासनका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न देहायको दीर्घकालीन सोंच तय गरिएको छ।

**प्रभावकारी सेवा प्रवाह, कर्ममा सुशासन**

यस दीर्घकालीन सोंचका आधारमा संस्थागत विकास तथा शुसासन क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस गाउँपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

प्रभावकारी सेवा प्रवाहका लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गरिनेछ।

**उद्देश्य**

स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने।

**रणनीति**

- स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने। मध्यस्थताद्वारा स्थानीय विवादहरूको समाधान, कानूनी साक्षरता तथा मेलमिलाप माध्यमद्वारा समुदाय तहमा शान्ति र सामाजिक सद्भाव कायम गर्ने।
- राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित रही व्यवस्थित गर्ने।
- आन्तरिक राजस्व वृद्धि गर्ने साथै कर प्रणालीलाई सरल र पारदर्शी बनाउदै क्रमशः वैज्ञानिक प्रगतिशील कर प्रणाली लागू गर्ने।
- करको दर र दायरा लाई बेवास्था गर्दै करदाता मैत्री तथा शिक्षा संचालन गर्ने।
- जनताको कर जनताको घर सम्म पुराउने अभियान संचालन गरिनेछ।
- स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउन प्रक्रियागत सरलीकरण र प्रविधिको उपयोग गरिनेछ।
- विकास र शासन का बीच समन्नवय र सहकार्य सह-अशतीत्यो को अबलम्वन गरिनेछ।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचक र सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने।
- प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ र सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक वडा पत्र क्रमशः कार्यान्वयन गर्ने।

- आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाउने।
- गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न निर्वाचित जनप्रतिनिधि, कर्मचारी, पूर्वाधार प्रविधि, कानूनको प्रावधान गरी सकारात्मक सोच क्षेमता विकाश को कार्यक्रमहरू सञ्चालन गरिने।
- सूचना तथा तथ्याङ्क लाई डिजिटल गर्दै पालिका स्थरको सूचना बैंकको रुपमा विकाश गर्ने।

## ८.१.५ कार्यक्रम तथा आयोजना

स्थानीय संस्थाको क्षमता अभिवृद्धि कार्यक्रम

- गाउँपालिका, वडा कार्यालय तथा मातहतका संस्थाहरूका लागि नियमित तालीम, गोष्ठी र अभिमुखीकरण कार्यक्रम।
- जनप्रतिनिधि र कर्मचारीहरूको संचालन व्यवस्थापन, नेतृत्व तथा सेवा प्रवाहमा दक्षता विकास तालिम।
- कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास।

सूचना प्रवाह र पारदर्शिता प्रवर्द्धन कार्यक्रम

- बजेट, योजना, निर्णय र सेवा वितरणसम्बन्धी जनसहभागितामूलक सार्वजनिक सुनुवाई कार्यक्रम।
- नागरिक वडास्तरको वार्षिक प्रतिवेदन प्रकाशन तथा छलफल।

सेवा प्रवाह प्रभावकारिता सुधार, सामुदायिक सहभागिता र सामाजिक उत्तरदायित्व कार्यक्रम

- एकद्वार सेवा केन्द्र को स्थापना तथा डिजिटल सेवा प्रणाली प्रवर्द्धन (e-service, e-attendance, e-payment)।
- सेवा प्रवाहमा समयसीमा निर्धारण र सेवा प्रतिवेदन प्रणाली कार्यान्वयन।
- योजना निर्माण, बजेट विनियोजन तथा अनुगमनमा सामुदायिक सहभागिता सुनिश्चित।
- अनुगमन समिति तथा उपभोक्ता समितिहरूको सुदृढीकरण।

नियम, कार्यविधि तथा सेवा मापदण्ड विकास

- पालिकास्तरमा आवश्यक पर्ने स्थानिय कानून, कार्यविधि तथा निर्देशिका निर्माण र कार्यान्वयन।
- कार्यालय सञ्चालनमा सेवा गारन्टी तथा उत्तरदायित्व सुनिश्चित गर्ने संरचना विकास।

### ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा

- सेवा प्रवाहमा पारदर्शिता, दक्षता र जवाफदेहिता सुनिश्चित।
- नागरिकको सहभागिता र विश्वासमा वृद्धि।
- स्थानीय निकायको आन्तरिक प्रणाली सुदृढ र दिगो।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता वृद्धि।
- योजना कार्यान्वयनमा समावेशी, समन्वययुक्त र उत्तरदायी शासन प्रणालीको विकास।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

आवधिक योजना कार्यान्वयनका लागि वित्तीय, मानवीय तथा भौतिक स्रोतको व्यवस्थापन महत्वपूर्ण छ। दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आवधिक योजना सफल कार्यान्वयनका लागि स्थानीय सन्दर्भअनुसारको व्यवहारिक, सहभागी र समन्वयात्मक संरचना आवश्यक छ। संघीयताको अभ्याससँगै स्थानीय तहमा सेवा प्रवाह, योजना निर्माण, बजेट व्यवस्थापन र कार्यक्रम कार्यान्वयनको जिम्मेवारी बढ्दै गएको सन्दर्भमा कार्यान्वयन व्यवस्थालाई स्पष्ट, उत्तरदायी र संस्थागत बनाउनु अनिवार्य छ। विगतमा योजना तर्जुमा प्रभावकारी भए पनि कार्यान्वयन चरणमा स्रोत, क्षमता र समन्वय अभावका कारण धेरैजसो कार्यक्रमहरू समयमै सम्पन्न हुन सकेका छैनन्। यसैले, आवधिक योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्थानीय सरकारका संयन्त्रहरूलाई व्यवस्थित, जिम्मेवार र अनुगमनमुखी बनाउने खाँचो छ। यसका लागि गाउँपालिकाको उपयूक्त रणनीति, इच्छाशक्ति र कार्यान्वयन क्षमता आवश्यकता पर्दछ। यसवारेमा यस परिच्छेदमा कार्यान्वनका लागि आवश्यक पर्ने मनवीय स्रोत तथा उपलब्ध वित्तीय स्रोतको अवस्थाका बारेमा चर्चा गरिएको छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

आवधिक योजनाको कार्यान्वयनका लागि गाउँपालिकाको कार्यपालिका प्रमुख कार्यान्वयन निकायका रूपमा रहनेछ। योजना कार्यान्वयन, मूल्यांकन र समन्वयका लागि पालिकास्तरीय योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ, जसमा जनप्रतिनिधि, शाखा प्रमुख, नागरिक समाजका प्रतिनिधि, प्राविधिकहरू र सरोकारवालाहरूको सहभागिता रहनेछ। हरेक क्षेत्रमा जिम्मेवारी तोकिएको विषयगत शाखा (शिक्षा, कृषि, पूर्वाधार आदि) योजना कार्यान्वयनको अग्रपंक्तिमा रहनेछ। वडास्तरमा वडाध्यक्षको संयोजनमा उपभोक्ता समिति, संस्थागत प्रतिनिधि र समुदायको समावेशी सहभागितामा योजना कार्यान्वयन हुनेछ। पालिकास्तरीय वार्षिक कार्ययोजना, बजेट, गुनासो व्यवस्थापन प्रणाली र सामाजिक परीक्षण मार्फत अनुगमन र समीक्षा प्रणाली सुदृढ गरिनेछ।

योजना कार्यान्वयनमा दक्ष, उत्तरदायी र समर्पित मानव संसाधन अत्यावश्यक हुन्छ। हाल गाउँपालिकामा आवश्यक जनशक्तिको संख्या, क्षमता र स्थायित्वको दृष्टिले केही चुनौतीहरू छन्। अतः विषयगत शाखाहरूमा प्राविधिक, प्रशासनिक तथा वित्तीय कर्मचारीहरूको उचित व्यवस्थापन र क्षमता अभिवृद्धि गरिनेछ। स्थानीय जनशक्ति र सीपयुक्त युवा जनशक्ति उपयोग गरी उपभोक्ता समितिमार्फत श्रम योगदान प्रवर्द्धन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरूका लागि नियमित तालिम, अभिमुखीकरण र व्यवस्थापन दक्षता कार्यक्रम सञ्चालन गरिनेछ। भविष्यमा डिजिटल प्रविधि, MIS प्रणाली, E-governance मार्फत मानव संसाधनको कार्यसम्पादन मूल्याङ्कन तथा

